CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धर्म सन्देश

वर्ष १

सनातन धर्म सेवा समिति

अङ्क १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

c Domain. Digitization by eGangotri.Funding: MIDF

वैज्ञानिक ज्ञान,

शारीरिक स्वास्थ्य,

बौध्दिक विकास,

एवं

आत्मानुभूतिको लागि

पढ्नोस्

आनन्द-सौरभ

(नेपाली-अंग्रेजी त्रैमासिक)

पो. व. नं. ५५०

काठमाडौं।

सम्पर्क स्थान-

न्यू प्रिन्टिङ्ग प्रेस.

जोरगणेश, काठमाडौं

फोन १३-८३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्धवार्षिक धार्मिक पत्रिका

धर्म-सन्देश

वर्ष १	वि० सं० २०२८ श्रीराम नवमी	अंक १

(सामयिक संकलन)

संयोजक संपादकः-

प्रा० खेमराज "केशव शरण"
सचिव, स० ध० से० समिति।

संपादक—मण्डलः-

प्रा० ऋषिराम शर्मा पोखेल
श्री किरण शंकर बी० ई०
प्रा० चेतोनाथ आचार्य

प्रकाशकः-

श्रीसनातन धर्मसेवा समिति,
नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवरण पृष्ठसजावटः—

- श्री हरिप्रसाद शर्मा

स्मरणीय–

लेख नं. ३– 'अध्यात्मभावना र मानवता'

" " ५– मानवताको मूल अध्यात्मभावना

सनातनधर्म सेवासमितिको आयोजनामा गत ०२५ साल कार्तिक महिनामा भएको निबन्धप्रतियोगितामा क्रमशः प्रथम र द्वितीय भएका थिए ।

ग्राहक—शुल्कः—

वार्षिक शुल्क ४।—

एक प्रतिको २।२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

man has been performing great deeds from the origin of the Earth. The well-being of the human society is also based on religion. It is for this reson that Nepal has emerged as an independent, sovereign 'Hindu' Kingdom. As Nepal is the only declared Hindu Kingdom in the world we all Hindus naturally feel honoured. Our basic principles and confidence of life have been expressed in terms of religion tolerance and regards for others. The Nepalese exhibit these facts in conduct of their daily life. The Nepalese citizens while worshipping different gods and deities have led a very affectionate life and are doing well for the good of the nation"

"To lead life with affection, love and warm-feelings towards others are the greatest knowledge of the Hindu religion." His Majesty King Mahendra in the above sentence expresses real nature of the Hindu seligion and practical use which Nepal has made in this direction. This is not only a personal feeling of His Majesty King Mahendra, it also represents the view of all the Hindus and exposes nature of the Hindu religion. So in practice co-existence is possible here in this country. This co-existence is speciality of the Nepalese culture.

In Nepal, people following different religions have always regarded the faiths of the others. Religions bitterness never showed its ugly head in Nepal. Although Nepal has bee declared a Hindu kingdom constitutionally, "on the basis of rules and regulations, in thinking and practice, there has been no barrier on religion's ground." This has become possible entirely due to tolerance and large-heartedness of the Hindu religion. In Nepal followers of the Buddhism perform "Sharaddha" and worship images. These are the features of the Hindu religion. Here most of the Buddhist are concentrated in the Kathmandu valley who fol-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

low certatn ideals of the Hinduism, and the Hindus have also regarded the Buddha as one of the ten incarnations of god. Thus in Nepal it is difficult to find out any meaningful difference between a Hindu and a Buddhist. All the religious texts of the Nepalese Buddhists are written in Sanskrit. While performing "Shraddha", they have adopted the word "Shraddha". There are many common features in the pattorn of worship of the Nepalese Buddhists and Shaiva Tantriks. The traditionalists while worshipping Kumari, carry daughter of a shakya in the carriage regarding her as a goddess and in this procession even King take part. On the other hand, while performing "Sammyak" the Buddhists worship King first. Thus we find that the Buddhists and Saivaits have remained in a close harmony of relations. We also find that the Buddhism has acted as a part of the Hindu religion."

If we analyse whole things on the basis of religious principles, we do not find any sharp difference between Hinduism and the Buddhism. In Nepal the followers of all religions express sympathy to each other, have strengthened the sense of nationalism and national unity, have upheld to glorious history of the nation intact, under the leadership of the crown they are united and look as one race before the world.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मसन्देशमा रचना दिंदा ख्याल गर्नु पर्ने नियम

१. रचना मौलिक र अन्यत्र अप्रकाशित हुनु पर्दछ ।
२. रचना बढीमा चारहजार शब्द ननघाई लेखिएको हुनु पर्दछ।
३. रचना, पत्रको एकापट्टी स्पष्टसंग लेखिएको हुनुपर्छ ।
४. धर्म र अध्यात्मभावनासंग सम्बन्धित रचना कुनै पनि देशका विद्वान्बाट लिन सकिने छ ।
५. रचना धर्म, संस्कृति र अध्यात्मभावनामाथि नै केन्द्रित हुनु पर्दछ ।

६. हुलाक सम्बन्धी आवश्यक साधनसाथ अनुरोध आएमा मात्र अप्रकाशित रचना फिर्ता गरिने छ ।
७. रचनाहरूलाई छाप्ने नछाप्ने अधिकार सम्पादक मण्डललाई रहने छ ।

८. लेखको उत्तरदायित्व लेखक मानै रहनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः-
सनातनधर्म सेवासमिति
काठमाडौं, नेपाल । सेवासमिति
काठमाडौं, नेपाल

पत्रिका प्राप्तिस्थान

१. सनातनधर्म सेवासमिति,
भद्रकाली ।

२. रत्न पुस्तक भण्डार,
भोटाहिटी ।

३. श्री विश्वम्भर दैवज्ञ,
कमलादी ।

४. श्री कृष्णप्रणामी सेवासमिति,
डिल्लीबजार ।

आवरण र चीत्र मुद्रकः
एशियन प्रिन्टिङ्ग प्रेस
वसन्तपुर, काठमाडौं

वसन्तपुर
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री रामवन्दना

मायातीतं माधवमाद्यं जगदादिम्
मानातीतं मोहविनाशं मुनिवन्द्यम्
योगिध्येयं योगविधानं परिपूर्णम्
वन्दे रामं रञ्जितलोकं रमणीयम्

—अध्यात्म रामायण

श्री रामचन्द्रन योगिध्येयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज
तथा
श्री ५ बडा महारानी सरकार-
हरूबाट बक्सेको सन्देश

सनातन धर्मसेवा समितिको तर्फबाट "धर्म सन्देश" नामक अर्धवार्षिक पत्रिका प्रकाशनमा आउन लागेको सुन्दा खुशी लाग्यो । यसले नाम अनुसार कामगर्न सकोस् यही हाम्रो शुभकामना छ ।

ईश्वरीमान
श्री ५ का प्रमुख निजी सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

१. आजको स्वाध्याय—	प्रा. खेमराज "केशवशरण" —	१—७	पृष्ठ
२. सनातन धर्मको सन्देश—	श्री डमरू वल्लभ पौडेल —	८-१३	"
३. अध्यात्म भावना र मानवता—	श्री रामबाबु सुवेदी —	४१-१६	"
४. व्यक्त र अव्यक्त....	श्री कविराज नरेन्द्र नाथ —	२०	"
५. अध्यात्म भावना मानवताको—	श्री मधुसूदन शर्मा —	२१-२६	"
६. केही नीतिसूत्र ·	श्री पूर्णप्रसाद ब्राह्मण —	३०-२३	"
७. दूनेमा अन्वेषण ··	श्री जनकलाल शर्मा —	३३-३५	"
८. परिचर्या भ्रमण···	श्री उदय खनाल —	३६-४८	"
९. प्रेमीको चाह···	श्री हरिप्रसाद शर्मा —	४६-५१	"
१०. मानवताका सन्देश ··	प्रा. ऋषिराम शर्मा पोखरेल —	५२-५८	"
११. गाउँ फर्क राष्ट्रिय...	श्री कमल मणि निरौला —	५६-६०	"

1. What Can Ramayana do for you	Prof. Renu lal Singh	—1—3 Pgs
2 Oriental philosophy	Mr. Kiran Shankar B. E.	—4-8 "
3. The Eternal Message of dharma	Prof. Bindunath Sharma	—9-11 "
4. Man and the Moon.	R. N. Banerjee	— 12-17 "
5. The Hindu Kgindom	Mr. Indra prasad Kafle	—18-22 "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

विषय-क्रम

१. शुभकामनाहरूः—

१. सं. कुलपति, राजकीय प्रज्ञाप्रतिष्ठान
२. सं. अध्यक्ष, राजसभा स्थायी समिति
३. माननीय शिक्षा, कृषि, खाद्य भूमिसुधारमंत्री
४. माननीय अर्थ एवं सामान्य प्रशासन राज्यमंत्री
५. माननीय उद्योग वाणिज्य राज्यमन्त्री
६. निर्देशक पुरातत्त्व विभाग
७. अध्यक्ष बृहद् आध्यात्मिक परिषद्

२. चित्रहरूः—

१. भू. पू. प्र. म. ज्यू ले भाषण गर्दाको चित्र
२. भू. पू. प्र. म. संगलिएको सामूहिक चित्र
३. सामूहिक रामध्वनिको चित्र
४. विशिष्ट श्रोताहरूको चित्र
५. चतुर्थ वार्षिकोत्सवारम्भको चित्र
६. गोदावरी मेलाका स्वयंसेवकहरूको चित्र

३. सनातन धर्म सेवा समिति प्रति भू. पू. प्र. म. को
शुभेच्छा र भू. पू. सू. प्र. रा. म. को सम्मति।
४. सम्पादकीय
५. हाम्रा रचना दाताहरूः—
६. श्रीरामवचनामृतम्
७. ध्येय—चिन्तन
८. लेखहरू (— नेपाली—१—६०, अंग्रेजी —१—२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गल–कामना

"नेपालमा शिव र बौद्ध धर्मको पारस्परिक सम्बन्ध उदाहरणको रूपमा रहेकोछ। दुईधर्मका बीच रहेको यो समन्वयनै नेपालको आफ्नो सांस्कृतिक विशेषता हो।

म निःसंकोच भन्न सक्छु हाम्रो धर्ममा रहेको उदारता र श्रेष्ठतालाई नेपाली जीवनले वरण गरेकोछ, यसैले हाम्रो ज्ञान-चक्षुबाट निःसृत आलोक—धारालाई देश र कालले अवरोध गर्न सकेको छैन।

हाम्रो धर्ममा रहेको "सर्वजन सुखाय" भन्ने यही मौलिक विशेषतालाई सांस्कृतिक एकता र राष्ट्रिय—भावनाको अभिवृद्धिमा जाग्रतगरी यही युगबोध सार्वजनीन गराउन "धर्म-सन्देश" सफल होओस् भन्ने मङ्गल कामना छ।

केदारमान व्यथित
कुलपति, राजकीय प्रज्ञाप्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

शुभ-कामना

सनातन धर्म—सेवा समितिका तर्फबाट यही २०२७ साल श्री राम नवमीको शुभ दिन देखि "धर्म सन्देश" नामक अर्ध-वार्षिक धार्मिक पत्रिका प्रकाशित हुने भएकोमा मलाई बहुतै हर्ष लागेकोछ, यस पत्रिकाले धार्मिक चेतनाको अभिवृद्धि गर्नमा सफलता प्राप्त गरोस् भन्ने हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

रङ्ग नाथ शर्मा

संमान्य अध्यक्ष, राजसभा स्थायी समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आन्तरिक-शुभकामना

सनातन धर्मसेवा समितिको तर्फबाट 'धर्म सन्देश' नामक अर्धवार्षिक पत्रिका प्रकाशित हुन लागेको सुन्दा मलाई हार्दिक प्रसन्नता लागेको छ।

धर्मले अनादि कालदेखि मानवलाई अनुशासन र कर्तव्यबोधतिर प्रेरित गर्दै आएको छ। धर्म एउटा यस्तो शक्ति हो, जसबाट संयम, सहिष्णुता, सेवा आदि श्रद्धेय गुणहरूको विकासको लागि तत्पर रहँदै मानवलाई उच्च आदर्शप्रति सदा संलग्न रहने प्रेरणा मिलिरहन्छ। यद्यपि धर्मलाई सम्प्रदायको रूपमा लिनेहरूमा धर्मको आडमा यदाकदा कलह भएको पनि पाइन्छ तथापि त्यो मानवको कमजोरी मात्र हो, धर्मको दोष होईन। धर्मले वास्तवमा मानवको संकीर्णता, द्वेष र कलहलाई कहिल्यै आफुमा स्थान दिएको छैन। कमसेकम हिन्दु धर्मका सार्वभौम सन्देशहरूतिर ध्यान दिंदा हामी यो भन्न सक्छौं कि एकता, सहजीवन र सत्य एवं करुणामाथि आश्रित समाजनिर्माण नै यस पुनीत धर्मको अमर सन्देश रहिआएको छ। हामीलाई यसमा गौरव छ कि एकमात्र हिन्दुराष्ट्रको हैसियतले नेपालले आफ्नु भूमिभित्र धर्मको नाममा कहिले पनि कलह हुन दिएको छैन। यो सम्पूर्ण धर्मजगत्को लागि उदाहरण मात्र सकिन्छ।

आधुनिक युगको अति भौतिकवादप्रवृत्त समाजमा नवोदित 'धर्म सन्देश' ले हिन्दुधर्मका यी सार्वभौम सत्यहरूलाई प्रकाशित तुल्याई नेपाली जनजीवना एउटा सशक्त शुद्ध धर्म चेतना जगाउनामा सफलता पाओस्, मेरो यहि आन्तरिक शुभकामना छ।

ज्ञानेन्द्र बहादुर कार्की
माननीय शिक्षा, खाद्य कृषि तथा भूमिसुधार मन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

सनातन धर्म सेवा समितिको तत्वावधानमा "धर्म सन्देश" प्रकाशित हुन लागेकोमा हिन्दू-राज्य नेपालका अनेकानेक नागरिकहरूका साथै मेरो हृदयमा पनि शुभ-कामना जागृत-हुनु स्वाभाविक छ । मलाई लाग्दछ धर्मको व्यवहारवादी पर्यायवाची अर्थ हो कल्याण। यावत् प्राणीको कालान्तरसम्म सकली भलो गर्नु नै धर्मको ध्येय हो । वेद, उपनिषद्, गीता र अन्य शास्त्रहरूको तात्त्विक सारलाई अनुसन्धान र मनोविज्ञानको आधारमा मथेर तार्किक, बुद्धिजीवी र जनसाधारण सम्मले ग्रहण गर्न सक्ने भाषामा अभिव्यक्ति दिने प्रयास गर्नु स्वतः गौरवपूर्ण छ। अहंजन्य विकारले दूषित वर्तमान संसारको वैज्ञानिक आधुनिकतालाई धर्ममा अन्तर्निहित मूल्यहरूद्वारा सन्तुलित, परिमार्जित र ऊर्ध्वगामी तुल्याउदै नेपालको राष्ट्रिय उत्थानका साथै मानव-कल्याण र विश्वशान्तिका लागि पनि हितकर आलोकको स्रोत "धर्म सन्देश" बन्न सकोस् यही मेरो शुभ-कामना र प्रार्थना छ ।

विष्णु प्रसाद लोहनी
माननीय अर्थ एवं सामान्य
प्रशासन राज्य मंत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामना

आफ्ना अपरिहार्य राष्ट्रिय गौरव र आफ्नो मौलिकताको संरक्षणमा अविचलित भएर उपलब्ध साधनहरूद्वारा विकासतिर लम्की रहेको नेपालले आफुलाई विश्वका विकसित देश-हरूको दाँजोमा द्रुतगतिले पुऱ्याउन अठोट गरेको छ। यसरी भौतिक विकासको उन्नत शिखर-तर्फ उन्मुख भएको नेपाली जातिलाई निरन्तर नैतिकता, कर्तव्यपरायणता र धार्मिकताको सन्देशद्वारा विशेष प्रेरणा प्राप्त भएमा त्यो अठोट सफल हुन सजिलो हुनेछ। आफ्नो लक्ष्य प्राप्तिको कठिन पथमा अग्रसर नेपालले "धर्म सन्देश" बाट महत्त्वपूर्ण योगदानको रूपमा उपर्युक्त प्रेरणा पाउन सकोस् भन्ने आशा गर्दछु।

साथै मनुष्यजीवनका अन्तर्निहित उदात्तसंपदालाई मानवमात्रको हितको निमित्त सक्रिय पार्ने सन्देश व्यापकरूपले सुनाउदै, तथा "सर्वे भवन्तु सुखिनः" भन्ने जस्ता हाम्रा आदर्शहरू प्रस्तुत गर्दै नेपाली जनमानसमा मानवसंग मानवोचित व्यवहार गर्ने भावना र सुसंस्कृत चरित्रनिर्माणको अभियानमा "धर्म सन्देश" ले सफलता प्राप्त गरोस् भन्ने कामना समेत गर्दछु।

केशवचन्द्र गौतम
मानतीय उद्योगवाणिज्य
राज्यमन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामूहिक - प्रार्थना

प्रत्येक शनिवार सायंकाल चारबजे
नेपाल सांस्कृतिक संघ
डिल्लीबजारमा चलिरहेको
प्रार्थनासभामा

भागलिई
धर्मको वास्तविक
स्वरूप र आजको ह्राम्रो कर्तव्यको
बोध गरी धार्मिक
समुत्थानमा सह-
योग गर्न सबै
धर्म प्रेमी
सज्जनहरूमा विनम्र अनुरोध छ ।

-सनातन धर्म सेवा समिति

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

प्राचीनकालदेखि नै नेपालले धर्मसापेक्ष राष्ट्रका रूपमा आध्यात्मिक भावनाको संरक्षण र सम्बर्धन गर्ने पवित्र कार्यमा सक्रियता देखाएको छ । यस महान् परम्पराका उत्तराधिकारीका रूपमा जीवित आजको नेपाली समाजले यस क्षेत्रमा पुनः आफ्नो अतीतको गौरवलाई स्मरणगरी केही ठोस पाइला चाल्नु परेको छ । यस अपेक्षित उद्देश्यको प्राप्तिका निम्ती हालै प्रकाशित हुनलागेको पत्रिका "धर्म सन्देश" निकै सहायक सिद्धहुने छ भन्ने कुरामा मलाई दृढ विश्वास छ । यस पत्रिकाको प्रकाशनले सम्बन्धित क्षेत्रको ठूलो अभावलाई पुरा गर्ने छ ।

श्रीरमेश जङ्ग थापा
निर्देशक,
पुरातत्त्व विभाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नेहास्पद पं० खेमराज (केशव शरण) ज्यू ?
सचिव, सनातनधर्मसेवासमिति
कार्यालय—भद्रकालीस्थान
काठमाण्डू (नेपाल)

महोदय ?

०२७।११।२८।६ को तपाईंको पत्रद्वारा स० ध० से० समितिको तर्फबाट यही ०२७ श्रीरामनवमी देखि 'धर्म सन्देश' नामक एउटा अर्द्धवार्षिक धार्मिक पत्रिका प्रकाशित गर्ने निर्णय समेतको समाचार अवगत हुँदा खुशी लाग्यो…… !

सो प्रकाशित हुने पत्रिकाद्वारा धार्मिकजनतामा धर्मको सन्देश पुग्ने आशा राख्दै, पत्रिकाप्रति, 'वृहद् आध्यात्मिक परिषद्', त्यसका संस्थापक योगिराज श्रीनरहरिनाथज्यू तथा म आफ्नै तर्फबाट पनि, लोकप्रियता र उन्नति प्रगतिको शुभकामना व्यक्त गरीरहेको छु। शेष प्रेम। जय अध्यात्मवाद ! जय देश !! जय नरेश !!!

भवदीय—
श्रीकृष्ण मिश्र

अध्यक्ष, वृहद् आध्यात्मिक परिषद

काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मू० पू० प्रधानमन्त्री श्री सूर्य बहादुर थापा आफ्नो ओजस्वी भाषणद्वारा राष्ट्रक्षाको निमित्त धर्मनिष्ठा जगाउन आव्हान गर्दै हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भू० पू० माननीय प्रधानमन्त्री श्री सूर्यबहादुर थापा (उभिएको पङ्क्तिमा आठौं) तथा माननीय सूचना प्रसार राज्यमन्त्री स्वर्गीय श्री विश्वनाथ अग्रवालको साथमा समितिका वरिष्ठ सदस्यहरू एवं उत्साही युवा कार्यकर्ताहरू नयां जांगर र प्रेरणा लिई सम्मिलित देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन धर्म सेवा समिति प्रति—

शुभेच्छा

वर्तमान भौतिकवादि युगमा मानिसले आफ्नो धर्म, नियम, सदाचार र आध्यात्मिक भावनालाई क्रमशः पन्छाउदै साँगुरिदै गएको विश्वको राजनीतिक चहल पहल र जडवादमा बढ्ता तल्लीनता देखाऊँदै गएका छन् । यस अवस्थामा उनीहरूलाई आफ्नो धर्म, दर्शन, स्वत्वको भावना र त्यसप्रति आस्था उत्पन्न गराई निज धर्म र आदर्शमा गौरवान्वित हुने उचित वातावरणको सिर्जना नितान्त आवश्यक छ । यो वातावरणको सिर्जना गर्नुमा सनातन धर्म सेवा समितिले आफ्नो गतिविधि देखाउँदै आएको छ र क्रमशः सफलता पनि पाउँदैगएको छ भन्ने मलाई लागेको छ । धर्म कुनै अंधविश्वास होइन । यो जीवनको आस्था हो । यो आस्थाले हाम्रो भावनालाई परिष्कृत तुल्याउँछ । जीवनको सही मुल्याङ्कनगरी जिन्दगीलाई सरस तुल्याऊँछ र मानिसमा 'वसुधैव कुटुम्वकम्' को आदर्श जागृत गर्दछ । यस कारण धर्मलाई संकुचित रूपमा अथवा वर्गविभेदको रूपमा लिइनु हुँदैन र वर्गसमन्वयमा आधारित नियमको परिधिमा रहेर धर्मको व्याख्या हुनुपर्दछ । निष्काम-चिन्तन र आदर्शको परिशीलननै हिन्दू-दर्शनको अभिव्यक्ति हो । धर्मको परिभाषामा द्वेष, अहंकार, दंभ, घृणा, हिंसा र विवेकहीनताले स्थान पाउँदैन । पवित्र आत्मा र विवेक तथा संयमपर्ण कर्मबाट प्रतिपादित धर्मनै यथार्थ धर्म हो । यो भावना जागृत हुंदै गएमा धर्मको संरक्षण र संवर्धन हुदै जाने छ भन्ने कुरालाई मनन गरी यो सनातन धर्म सेवा समिति हिन्दू समाजको उत्थानमा विभिन्न कार्यक्रमका साथ सदा संलग्न रहने छ भन्ने विश्वास गर्दछु र यसको उत्तरोत्तर उन्नतिको कामना गर्दछु ।

—श्रीसूर्य वहादुर थापा

भू. पू. प्रधान मन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स. ध. से. स प्रति—

सम्मति

नेपाल संविधानतः एक हिन्दू राष्ट्र हो । हिन्दूत्त्व एक विशाल र उदार भावना राख्ने सार्वभौम धर्म भएकोले संविधान अन्तर्गत हिन्दू धर्म मान्ने यस राष्ट्रमा अरु सबै धर्मले पनि स्वतन्त्रता र संरक्षण पाएकाछन् । मानिस भौतिक प्रगतिलेमात्र सन्तुष्ट रहन सक्दैन, जबसम्म उसलाई आध्यात्मिक सन्तुष्टि हुन सक्तैन । त्यसैले मानिसको आत्मिक विकासमा मानवीय आत्माको पूर्णतम विकासमा हाम्रो धर्मले विशेष जोड़ दिन्छ । हिन्दू धर्मले सदा सत्यको खोजी र उपासना गर्दै आएको छ । व्यक्तिलाई श्रेष्ठ बनाएर सामाजिक स्तर उठाउन खोज्ने यो धर्म गतीशील र शास्वत धर्म हो । विचारस्वतन्त्रताका आधारमा यस धर्म भित्र विभिन्न सम्प्रदायहरूले समेत यथेष्ट प्रगति नगरेका होइनन् । तर यस विशाल भावनालाई हामी हिन्दूहरूकै आलस्य भनौं, मतभेदले भनौं. अथवा उपेक्षालेनै गर्दा यस आदर्शलाई विश्वमा त्यति विस्तृत पार्न सकेनौं । त्यसकारण आज यस्ता संस्थाहरूको संचालन ज्यादै जरूरी भएको छ जस्ले हिन्दूधर्मको विशाल क्षेत्रभित्र पर्ने दर्शन, विज्ञान, कला र संस्कृतिको महिमा जगाउने र हिन्दूराष्ट्र नेपालका विशेषताहरू जान्न उत्सुक भएर संसारका विभिन्न भागबाट यहाँ आउने मित्रहरूको जिज्ञासा पूरा गर्नुको साथै आफ्नो श्रेष्ठ हिन्दू-संस्कृतिको वैज्ञानिक महत्त्वको यथेष्ट, जगेरना र प्रचारगर्न सकुन । यस सन्दर्भमा नेपालको सनातन धर्म सेवा समितिले जेजति प्रयास गर्दै आएको छ । त्यो प्रशंसनीय छ । म यो पनि आशा गर्छु कि जीवनका उक्त मूलभूत उद्देश्य प्राप्तिका लागि मानवीय आदर्श हासिल गर्ने दिशामा के कति उपलब्धि पायौं वा पाएनौं त्यस्को लेखाजोखा गरेर यो संस्था निरन्तर अगाडी बढ्ने छ ।

स्वर्गीय सूचना प्रसार राज्य मन्त्री
—श्रीविश्वनाथ अग्रवाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

आज समाजमा स्वच्छ र सशक्त रूपमा धर्मनिष्ठा जागरित तुल्याउनु छ। जसले मानवलाई सार्थक जीवनप्रति श्रद्धा जगाउँछ, प्राणीमात्रमा आत्मीयताको ज्ञान गराउँछ, जस्तो-सुकै विषमतापूर्ण स्थितिमा पनि लक्ष्योन्मुख रही मङ्गलमय विचार र व्यवहारद्धारा मानवताको रक्षक बनेर बाच्ने सत्प्रेरणा दिन्छ, त्यही सच्चा धर्म हो। क्षणिक उद्वेगहरू, प्रलोभनहरू, र जीवनपथका अपरिहार्य संकटहरूभन्दा माथि उठेर मानवभित्रको गरिमापूर्ण जीवनतत्त्वलाई पैल्याउन र पिता, माता, दाजु, भाई, पति, पत्नी, आदि जस्तोसुकै व्यावहारिक रूप लिएर अगि पढनु परे पनि सदा दायित्वबोध र कर्तव्यनिष्ठा लिएर अगि बढेमा नै हामी सच्चा धार्मिक बन्न सक्छौं।

धर्म त्यहीं छ, जहाँ आदर्शोन्मुख जीवन छ, समष्टि चेतना छ, जीवन वरदान मानिन्छ प्रत्येक क्षण र प्रत्येक कण जहाँ सर्वकल्याणकारी कार्यमा सदुपयोग भएर धन्य बन्दछन्। त्यस कर्तव्यबोधमाथि केन्द्रित, मानवतापोषक धर्मप्रति जनहृदयमा सुदृढ आस्था जागरित भए-पछिनै सुव्यवस्थित, सुखी र शान्त समाजको निर्माण सम्भव हुन्छ। यसैको लागि गत चारवर्ष-देखि सनातन धर्मसेवा समिति प्रयत्नरत रहि आएको छ।

धर्मको दिशामा सामूहिक कल्याणको भावना जगाउने, हाम्रा देवालयहरूको पवित्रता एवं स्वच्छता सुरक्षित राख्ने, सेवाधर्मप्रति अभिरुचि जगाउने जस्ता पवित्र लक्ष्य राखेर यस समितिले विभिन्न धार्मिक पर्वहरूलाई सामूहिक रूपमा मनाउने र समय समयमा विचारगोष्ठी-हरूको आयोजना गर्ने, साथै ग्रामीण क्षेत्रमा गई सेवाभावना, सामूहिक सद्भाव र नैतिक जीवनप्रति ममत्व बढाउने खालका कार्यक्रमहरू सञ्चालित गर्दै आएको छ।

यद्यपि दिनप्रतिदिन आध्यात्मिक दृष्टिले उदासीन देखिँदै गएको वर्तमान स्थितिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनात्मक परिष्कार वा हृदयपरिवर्तन जस्तो कार्य सामान्य प्रयासबाटै तत्काल संभव हुँदैन यो तथ्य हो । तर पनि यसमा हतोत्साहित बन्नु अवश्य उचित हुनेछैन किनभने स्वयं विज्ञान-संगै पनि त आजसम्म त्यो साधन वा यन्त्र उपलब्ध छैन जसलाई दवाइदिनासाथ हजारौंको एकैचोटि मानसिक परिवर्तन होस्। यो लक्ष्यपूर्ति त क्रमिक रूपले नै हुनेछ। यसै विश्वासले ईश्वरीय कार्य संझी सत्य र सद्भावनाको विजयमाथि पूर्ण विश्वास लिएर समिति कार्यरत छ। यसै सन्दर्भमा 'धर्म सन्देश' आरंभ भइरहेछ। समिति त एउटा सानो निमित्त मात्र हो । यसको लक्ष्यप्राप्तिमा सहयोग दिएर धर्मको सही स्वरूप बुझी जीवनको सर्वाङ्गीण अभ्युदय ल्याउने दिशामा सजग बन्नु समस्त धर्मप्रेमी अध्यात्मसेवीहरूको पवित्र कर्तव्य हो, हामी विश्वस्त छौं जीवनमा माङ्गलिकताको सम्बर्धन गरेर, ईश्वरीय सेवामय कार्यद्वारा आफु स्वयं सौभाग्य-शाली बन्ने र समाजको सर्वाङ्गीण अभ्युदयमा सहयोगी बन्ने सत्प्रयास सबैबाट हुनेछ ।

आज हाम्रा सामु धेरै मागहरू छन्-हाम्रा श्रद्धेय पूर्वजहरूले आर्यजीवनका समस्त उदात्तताहरूलाई जीवनमा अभिव्यक्त गरेर समाजमा शान्ति, सुख र समृद्धि ल्याउने माग गरिरहेछन्, राष्ट्रले निर्मल, सेवासमर्पित जीवन मागिरहेछ, मातृभूमिले सद्गुणभूषित समर्पण मागि रहिछन्, समाजले ईश्वरनिष्ठ त्यागशील प्रवृत्तिको चाह गरिरहेछ। हामीले यी चतुर्दिक मागहरूलाई पुरागर्नु छ। यस मागको पूर्ति गर्ने प्रण प्रत्येक व्यक्तिमा उदाओस् 'धर्म सन्देश' को यो प्रथम अंकको माध्यमबाट नववर्षको सुखद उपलक्ष्यमा हामी समस्त धर्मप्रेमी वा अध्यात्म सेवी सज्जनहरूलाई यही मङ्गलकामना समर्पित गर्दछौं. विश्वको एक मात्र स्वतन्त्रहिन्दू राष्ट्र हामो देश नेपालले आफ्नो धर्म संस्कृति र सभ्यताको समयानुकूल समुन्नति गरेर विश्वमा आफ्नो सुनौला प्रकाश फैलाओस् भनी जगदीश्वरसँग प्रार्थना गर्दछौं।

अन्तमा यस अंकका लागि शुभकामना निगाह भई धार्मिक जनजीवनमा नवीन उत्साह सञ्चार गराइदिइबक्सेकोमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार एवं श्री ५ बडामहारानी सरकारका हजूरमा सनातनधर्म सेवासमिति सभक्ति कृतज्ञता चढाउँछ । साथै अन्य शुभ-कामना दिनुहुने विशिष्ट महानुभावहरू तथा आफ्ना अमूल्य रचनाहरू प्रदान गरी उत्साह बर्धन गर्नु हुने सबै विशिष्ट विद्वान् लेखकहरू प्रति पनि धर्म सन्देश परिवार आभारज्ञापन गर्न चाहन्छ ।

जय सनातन धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा रचनादाताहरू

—०—

१. प्रा. खेमराज 'केशवशरण'
ख्यातिप्राप्त धर्मप्रवक्ता, सनातनधर्म सेवासमितिका सचिव, धर्म र अध्यात्म-भावनाका परमोपासक, विचारक, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक ।

२. श्री डमरुवल्लभ पौड्याल
सुपरिचित कवि, धर्म, साहित्य र अध्यात्म—भावनाका हिमायती ।

३. श्री मधुसूदन शर्मा
प्रसिद्ध लेखक, प्रबुद्ध विचारक ।

४. श्री रामबाबु सुवेदी
नवोदित कवि, लेखक एवं साहित्यकार । अध्यात्मभावनाका अनुरागी ।

५. श्री पूर्णप्रसाद ब्राह्मण
संस्कृतका प्रकाण्ड विद्वान्, सिध्दहस्त कवि, कथाकार एवं लेखक । प्रमुख निर्वाचन आयुक्त । प्रबुद्ध वक्ता एवं ख्यातिप्राप्त राजनीतिज्ञ ।

६. श्री कविराज नरेन्द्रनाथ
आयुर्वेदका विशिष्ट विद्वान र अनुसन्धाता, वेदान्त दर्शनका विशेष उपासक ।

७. श्री जनकलाल शर्मा
मुख्य अनुसन्धान अधिकारी, उपसचिव श्री ५ को सरकार पुरातत्त्वविभाग, ख्यातिप्राप्त इतिहासवेत्ता ।

श्री उदय खनाल
नवोदित भक्त कलाकार, अध्यात्म भावनाका परम अनुरागी, स. ध. से. स. का सक्रिय कार्यकर्ता, मिलनसार युवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री हरिप्रसाद शर्मा

नवोदित कलाकार, चित्रकलाप्रवीण, धर्म र अध्यात्म भावनाका विशेष प्रेमी।

प्रा. ऋषिराम पोखरेल

वेदका विद्वान्, सनातनधर्म सेवासमितिका सहायक सचिव, धर्म सन्देशका सम्पादक, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक । धर्म र अध्यात्म भावनाका परम अनुरागी।

श्री कमलमणि निरौला

प्रबुद्ध लेखक एवं विचारक, मिलनसार युवा।

प्रो. रेणुलाल सिंह

श्री ५ का प्रमुख सम्वाद सचिव, अँग्रेजीका प्रकाण्ड विद्वान्, प्रबुद्ध अध्यात्म प्रेमी, श्रध्देय श्री शिवपुरी बावाका शिष्य।

श्री किरणशंकर बी. ई.

सिविल इञ्जिनीयर, सम्पादक एवं प्रकाशक—आनन्द सौरभ, तन्त्रसाधक, सनातनधर्म सेवासमितिका का. का सदस्य, सम्पादक—धर्मसन्देश । धर्म र अध्यात्मविज्ञानका परमोपासक ।

प्रा. बिन्दुनाथ शर्मा प्याकुर्‍याल

ख्यातिप्राप्त कवि, साहित्यिक, धर्म र अध्यात्मका प्रबल हिमायती, प्राध्यापक, सरस्वती कलेज।

डा. एन. आर. बनर्जी

कोलम्बो प्लान अन्तर्गत श्री ५ को सरकार पुरातत्त्व विभागमा अनुसन्धान अधिकारी, इतिहासका धुरन्धर विद्वान, धर्म र अध्यात्म विद्याका प्रबुध्द उपासक ।

श्री इन्द्रप्रसाद काफ्ले

पञ्चायत दर्शनका प्रसिध्द लेखक, धर्म र संस्कृतिका प्रबल हिमायती, श्री ५ को सरकारका सहसचिव, प्रबुध्द विचारक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीरामवचनामृतम्

सत्यमेवानृशंसं च राजवृत्तम् सनातनम्
तस्मात् सत्यात्मकं राज्यं सत्ये लोकः प्रतिष्ठितः॥

सत्य र करुणा कल्याणकारी राजाको शाश्वत शील हो।
त्यसैले राज्यको आत्मानै सत्य हो र जनजीवनको
सुखपूर्ण अस्तित्व सत्यरक्षामानै भर पर्दछ ॥

ऋषयश्चैव देवाश्च सत्येमेव हि मेनिरे
सत्यवादी हि लोकेऽस्मिन् परं गच्छति चाक्षयम्॥

सत्यदर्शी ऋषिहरू र देवहरूले सत्यलाई नै सम्मान
गर्दछन्। सत्यवादी व्यक्तिनै यस विश्वमा सर्वोत्कृष्ट
एवम् अक्षय स्थानको भागी बन्न सक्तछ ॥

उद्विजन्ते यथा सर्पान्नरादनृतवादिनः
धर्मः सत्यपरो लोके मूलं सर्वस्य चोच्यते॥

असत्यवादी मनुष्यदेखि त्यसरी नै सबै डराउँछन् जसरी
सर्पदेखि। विश्वमा सत्यकेन्द्रित धर्मनै सबै कल्याणहरूको मूल हो॥

(वाल्मीकि रामायण अयोध्या० १०९ १०-१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येयचिन्तन

अन्यच्छ्रेयोऽन्यदुतैव प्रेय स्ते उभे नानार्थे पुरुषं सिनीतः ।
तयोःश्रेय आददानस्य साधु भवति हीयतेऽर्थाद्य य उ प्रेयो वृणीते ॥

—शाश्वत शान्तिको आधार श्रेयः अर्कै हो र केवल भौतिक सुखको आधार बन्ने प्रेयः अर्कै कुरा हो । यी दुवैले भिन्नाभिन्नै लक्ष्य लिएर साधकलाई घेर्दछन् । यी मध्ये शाश्वत शान्तिको लागि मूल आधार बन्ने श्रेयःलाई जसले लिन्छ, त्यसको भलो हुन्छ । जसले भौतिक सुखको मोहमा परेर प्रेयःलाई वरण गर्दछ त्यो अन्तमा शाश्वत कल्याणबाट ठगिन्छ ॥

श्रेयश्च प्रेयश्च मनुष्यमेत स्तौ संपरीत्य विविनक्ति धीरः ।
श्रेयो हि धीरोऽभिप्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद्‌ वृणीते ॥

श्रेयः र प्रेयः दुवै मानवको सामु उपस्थित हुन्छन्, ती दुवैलाई राम्ररी समीक्षा गरेर धीर व्यक्तिले विवेक पूर्वक हेर्छ । जो विचारवान् छ, उसले प्रेयःभन्दा धेरै उत्कृष्ट संझी श्रेयः-लाई वरण गर्दछ । मन्दबुद्धिले चाहिं लौकिक सम्पत्ति अर्जन गर्ने र त्यसको संरक्षण गर्ने लोभले प्रेयःलाई रुचाउँछ ॥

—कठोपनिषद् १।२।१ २।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजको स्वाध्याय

प्रा० खेमराज 'केशवशरण'

वैदिक विज्ञानले मानवजीवनको उत्कर्षको लागि सबैभन्दा बढी बल दिएको विषय हो स्वाध्याय । "स्वाध्यायोऽध्येतव्यः, स्वाध्यायान्न प्रमदितव्यम्, स्वाध्यायान्मा प्रमदः" आदि रूपमा असंख्य स्वाध्यायप्रेरक आव्हानहरू हामी वेदमा पाउँछौं । आजको नवीनतानुरागी मस्तिष्कको निमित्त संभवतः यो पुरानो र अरुचिकर पनि हुन सक्तछ । तथापि शब्द जतिसुकै पुरानो भए पनि यसभित्र लक्ष्य गरिएको विषय भने मानव जति विकसित र सम्पन्न हुदै जानेछ त्यति ताजा र नवीन रहने छ । मानवका अध्ययनहरू, अनुसन्धानहरू, उद्योगहरू र तिनीहरूको आधारमा उसले हासिल गरेका महान् उपलब्धिहरू के उसको 'स्व' का नै कृतिहरू होइनन् ? मानवको आत्मा नै विस्तीर्ण बनेर क्रियात्मक रूपबाट अगि बढ्दछ, अनि उसबाट विभिन्न कामहरू हुन्छन् र त्यसको फलस्वरूप उसको त्यस 'स्व' का अमर प्रतीक बनेर विशिष्ट परिणामहरू संसारको सामु प्रकट हुन्छन् । त्यस 'स्व' को परिचय पाउनु, त्यसको उत्तरोत्तर महत्ता ल्याउने प्रयासमा संलग्न रहनु नै 'स्वाध्याय' हो ।

प्रत्येक मानव एउटा आफ्नै खालको 'स्व' लिएर आएको हुन्छ । उसका प्रारम्भिक संकल्पहरू, क्रियाहरू र विविध व्यवहारहरूले उसको त्यो विशिष्ट 'स्व' को निर्माणमा भूमिका खेल्दछन् । प्रत्येक मानवले आफ्नै पुरुषार्थद्वारा आफ्नो रूप निर्माण गरिरहेको हुन्छ । जस्ता चिन्तनहरू फुर्दछन्, त्यस्तै व्यवहार हुन्छ र जस्तो व्यवहार हुन्छ, त्यस्तै संसार हुन्छ, जस्तो संस्कार छ फेरि त्यस्तै चिन्तन फुर्दछ । यसरी चिन्तन, व्यवहार र संस्कारको यो अविश्रान्त चक्र चलिरहन्छ र यसैभित्र मानवका उत्थान वा पतनहरू भइरहन्छन् । राम्रो चिन्तनले राम्रो व्यवहार गराउछ । राम्रो व्यवहारबाट राम्रै संस्कार बन्दछ । यसरी उत्तम चिन्तनद्वारा मानिसको ऊर्ध्वगामी प्रवृत्ति आरंभ हुन्छ । यसको विपरीत नराम्रो चिन्तनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नराम्रो व्यवहार र नराम्रो व्यवहारबाट नराम्रो संस्कार बन्दछ । यस प्रकार नराम्रो चिन्तनबाट जीवन अधःपतनतिर अग्रसर हुन्छ । त्यसैले मानवजीवनको उत्कर्ष वा अपकर्ष उसको आफ्नै चिन्तनमाथि भर पर्दछ । यस चिन्तनजगतलाई अन्तर्जीवनजगत्लाई–स्वयं सम्हाल्ने प्रयास गर्नु स्वाध्याय हो, आफ्नो स्वयंको निर्मातृशक्तिलाई चिन्नु नै स्वाध्याय हो ।

स्वाध्याय केवल कुनै ग्रन्थविशेषको पाठमात्र होइन । 'स्व' को विकासका सबै पक्षहरूको चिन्तन स्वाध्यायभित्र पर्दछ । विश्वको एउटा अविभाज्य अङ्गको रूपमा हामी बाँचिरहेका हुन्छौं । त्यस विश्वको स्वरूप, त्यसप्रति हाम्रो कर्तव्य, हाम्रो जीवनकाल, हाम्रा दायित्वहरू मानवजीवनका असीमित गरिमाहरू यी सबै स्वाध्यायका अङ्गहरू हुन् । किनभने 'स्व' को अध्ययन नै स्वाध्याय हो र हाम्रो 'स्व' यी कुराहरूबाट निरपेक्ष रहन सक्तैन । त्यसैले आज स्वाध्यायको, अत्यावश्यकता छ, यस्तो स्वाध्यायको, जसमा यी सबै पक्षहरूको सम्यक् चिन्तन होस् ।

स्वाध्याय शब्दले स्पर्श गर्ने 'स्व' का दुइटा रूप छन् एउटा भौतिक 'स्व' छ र अर्को अभौतिक 'स्व' छ । भौतिक 'स्व' भित्र मानवको देश, काल, स्थिति, नाम, रूप, कुल जस्ता सीमा विभाजक उपाधिहरूसंग सम्बन्ध रहन्छ । यस 'स्व' भित्रको मानव केवल साढे तीन हातको शरीरधारी एउटा सामान्य प्राणी हुन्छ । स्थूल रूपमा उसको परिचय एउटा साधारण मरणशील प्राणीको रूपमा हुन्छ । यस दृष्टिले हेर्दा उ तुच्छछ, नगण्यछ । क्षणिकछ, मरणशील छ । कालवशीकृत छ । त्यसैले यस दृष्टिले उ लघुतम रूपमा देखा पर्दछ । अनन्तकोटि ब्रह्माण्डहरूको बीचमा पृथ्वी स्वयं धूलिको कण बराबर छ, त्यस धूलिकण बराबर पृथ्वीभित्रको स्वयं धूलिकण तुल्य शरीर धारण गर्ने मानव के हो र ? अनादि अतीत र अनन्त भविष्यको बीचमा क्षणिक वर्तमान लिएर जीवन धान्ने मानवमाई भौतिक 'स्व' पट्टिबाट मात्र हेर्दा उ के छ र ? जन्म, जरा र मृत्यु नामक तीनवटा स्थितिबाट गुज्रिनै पर्ने एउटा अदना प्राणी न हो !

तर उसको अभौतिक 'स्व' भित्र फर्केर हेरौं उसको चेतनाले सम्पूर्ण विश्वलाई संगालेको हुन्छ । "यस्तु सर्वाणि भूतानि आत्मन्येव अनुपश्यति, यत्र विश्वं भवत्येकनोडम् (जसले सम्पूर्ण प्राणीहरूलाई आफुमा नै देख्तछ, जुन चिन्तनभित्र सम्पूर्ण विश्व एउटै परिवार बन्छ) यो हो मानवको वास्तविक 'स्व' । यो पूर्ण विकसित मानवको परिचय हो । आत्मविकासको यही उच्चतम स्थितिमा पुग्नको निमित्त स्वाध्याय आवश्यक हुन्छ । मानव विश्वात्मा जगदीश्वरको 'गतिशील निवास' हो । जगदीश्वरको निवास त जगत्का अणु अणुमा पनि छ, परन्तु मानवबाट जगदीश्वरको अभिव्यक्ति हुन्छ । जीवनमा निहित ईश्वरीय सत्तालाई मूर्त तुल्याउने, सामर्थ्य केवल मानवमा छ । त्यसैले ईश्वरले विशेष जीवनसन्देश दिनु पर्दा मानवको शरीर धारण गरेर अवतार लिन्छन् । संसारलाई जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपबाट पनि बनाउनु पर्दा मानवलाई नै निमित्त तुल्याउँछन् । विश्वसञ्चालनमा नारायणको निमित्त नर नै एकमात्र साथी छ ।

मानव अणुभन्दा अणुदेखि लिएर वृहत्भन्दा वृहत्सम्म आफ्नो अस्तित्व फैलाएर बसेको छ । उसभित्र एउटा अमूर्त, सूक्ष्मतम चेतना व्याप्त छ, जसको न रूप छ, न रस छ, न शब्द छ, न स्पर्श छ । पूर्ण अमूर्त त्यसको रूप छ । तर त्यवि सूक्ष्मतम अथवा अणुतम रूप लिएर पनि उ वृहद्भन्दा वृहत् सत्ताको प्रतिनिधि छ । उसका प्रत्येक संकल्पहरू, कामनाहरू र स्पन्दनहरूमा सम्पूर्ण प्राणिजमत्का संकल्पहरू, कामनाहरू र स्पन्दनहरू प्रतिध्वनित हुन्छन् । विश्वजीवनको प्रतिनिधित्व गर्ने जीवन मानव जीवन हो । यस जीवनतत्त्वको परिचय उसैलाई मात्र हुन सक्तछ ।

'The Estranged God' भन्ने ग्रन्थमा अमेरिकी युवा दार्शनिक भन्दछन्— "मानवलाई वाह्य रूपबाट मात्र हेर्ने हो भने उ जन्म मृत्युको प्रकृतिचालित क्रमलाई पूरा गरेर नाश भएर जाने एउटा सानो घटक मात्र हो । परन्तु यदि उसलाई भित्रबाट हेर्नुभयो भने उ स्वयं विश्व छ, उसको त्यो भित्री महत्ताले हामीलाई यसरि प्रभावित पार्छ कि कहिलेकहीं हामी त्यसप्रतिको श्रद्धाले अवाक् नै रहन्छौं ।"

मानवका यी भौतिक अभौतिक, मूर्त अमूर्त, अणु वृहद्, दुवै रूपबाट परिचित रहेर शरीर-परिच्छिन्न सीमित लघु जीवनलाई नै सबकुछ नसम्झी आफ्नो व्यापक मूल जीवनलाई सामु राखेर त्यसको उपलब्धिमा निरन्तर जागरूक रहनु नै वास्तविक स्वाध्याय हो ।

उपनिषद्ले मानव आत्मालाई अणुभन्दा अणु र महान्भन्दा महान् भनेको छ । जन्म, देश, काल आदि वाह्य उपाधिलाई लिएर हेर्दा उसको अस्तित्व नगण्य छ परन्तु उसको जीवनका विशेषताहरूतिर ध्यान दिएर विचार गर्दा स्वयंमा ब्रह्माण्डलाई प्रतिनिधित्व दिइरहेको हुन्छ । मानव भौतिक सत्ताभित्र सीमित छैन । उसको शरीर भौतिक तत्त्वको मात्र आधारमा पूर्ण बन्दैन । भौतिक शरीरको साथै प्राणमय (Astral) मनोमय (Monadic) विज्ञानमय (Intellectual) र आनन्दमय (Blisful) शरीर समेतको संघटन नै मानव हो । मानवको यो शरीर-रचना विश्वरचनाको नै प्रतिनिधि हो । विश्व स्वयं पनि दृश्यमान स्थूल भौतिक रूपमा सीमित छैन । यसको प्राणमय, मनोमय र

१. Seen from outside, man is only an episode in the vast process of Nature. But seen from wictin he is the universe in himself, with a dignity, which touches us poignantly and sometimes we become Speechless in reverence.

anthonv padovano, The Estraanged God, P. 10
Sheed And Yard, Hewyok

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञानमय रूप ऐक अर्कोभन्दा सूक्ष्म र सूक्ष्मतर बन्दै विशालतम वा व्यापकतम आनन्दमय रूपमा गएर पर्यवसित हुन्छ । भौतिक शरीरभन्दा प्राणशरीर, त्यसभन्दा मनःशरीर र त्यसभन्दा विज्ञानशरीर बृहद् हुन्छ । स्थूल रूप त सूक्ष्मरूपको लक्षांश मात्र हो । प्रत्येक पदार्थको मूल रूप हो आनन्दमय रूप । जो सूक्ष्मतम र विशालतम छ । जति जति स्थूलतातिर ओर्लिन्छ, विज्ञान, मन, प्राण, हुँदै जति स्थूलतातिर अगि बढ्दछ, त्यति लघुरूप र सीमित हुंदै जान्छ र त्यति चेतना र आनन्दको अनुभूतिबाट बञ्चित बन्दै जान्छ ।

मानवशरीर विश्वशरीरको नै एक अभिन्न अङ्ग हो, मानवीय प्राण विश्वगत प्राणतत्त्वको नै अविभाज्य हिस्सा हो, मानवीय मन विश्वगत मनस्तत्त्वकै अंश हो र मानवगत बुद्धि विश्वगत विज्ञानतत्त्वको नै एक अभिन्न भाग हो । विश्वको भौतिक, प्राणमय र मनोमय शरीरसंगको सहभागिता मानवेतर जीवनमा पनि पाइन्छ । परन्तु विज्ञान र आनन्दमय शरीरलाई लिएर विश्वजीवनको अभिन्न प्रतिनिधि बन्ने सौभाग्य मानवले मात्र प्राप्त गरेको छ । त्यसैले मानवको चिन्तन र व्यवहारमा विश्वलाई नै बदलिदिने सामर्थ्य छ । उसको व्यवहारले विश्वको भौतिक शरीरलाई र चिन्तनले मनोमय एवं विज्ञानमय शरीरलाई प्रभावित पार्दछ । मानव चाहे जहाँ रहोस्, जुन अवस्थामा रहोस्, उसले आफ्नो मङ्गल वा अमङ्गल जेजस्तो विचार र व्यवहार राख्दछ, तदनुकूल नै विश्वजीवनको निमित्त प्रभाव दिइरहेको हुन्छ । विश्वजीवन मूलतः एउटै आधारसूत्रमा आवद्ध भएकोले मानवका विचार र व्यवहार दुवैका तरङ्गहरूले त्यसमा असर पारिरहन्छन् । त्यसैले व्यक्ति चाहे एक्लै किन नहोस् परन्तु उसका चिन्तनहरूले उसैलाई मात्र होइन सम्पूर्ण समाज र अन्ततः विश्वलाई नै प्रभावित पारिरहेका हुन्छन् । यद्यपि विशाल विश्वको सामु व्यक्ति नगरय छ, तथापि घटक त उ त्यसै विश्वको हो, त्यसमाथि सामान्य जड़ घटक पनि होइन । मानवको हैसियतले चेतन घटक हो । त्यसैले प्रत्येक व्यक्ति मङ्गल वा अमङ्गल रूपमा अगि आउने आफ्नो विचार र कृत्यद्वारा विश्वजीवनको पोषक र विध्वंसक आफैं बनिरहेको हुन्छ । के मानवजीवनको यो महान् रूपतिर ध्यान नदिई कोरा शास्त्रीय अध्ययनले स्वाध्याय पूरा होला ? वा 'स्व' को अध्ययन चरितार्थ होला ?

हामीले पानीका तरङ्गहरू देखेका छौं । निस्तब्ध अचल जलाशयमा एउटा सानो ढुङ्गाको टुक्रो फाल्दा सम्पूर्ण जलाशय चलायमान भएको हामीले थाहा पाएका छौं । रेडियोसम्बन्धी गतिविधिहरूबाट शब्दतरङ्गहरूको बारेमा पनि सुनिसकेका छौं । प्रकाशतरङ्गहरू त प्रसिद्धै छन् । आजका वैज्ञानिक त्यस्तै एकथरी भावतरङ्गहरू अथवा विचार तरङ्गहरूलाई मान्दैछन् जो जल प्रकाश वा शब्दका तरङ्गहरूभन्दा ज्यादै तीव्र गति र ज्यादै व्यापक प्रभाव हुने मानिन्छन् । त्यस अनुसार व्यक्तिले चाहे जहाँबाट सोचिरहेको होस् तर त्यसले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वको भावनाशरीरलाई प्रत्यक्ष रुपले प्रभावित पारि रहेको हुन्छ । उसका विचार तरङ्गहरूले केही न केही विश्व जीवनको लागि सुस्पि- रहेका हुन्छन् , चाहे जे जस्तो मात्रामा होस् ।

योग सूत्रमा आचार्य पतञ्जलिले मानवका चिन्तन र व्यवहारको बाह्य जगतमा पर्ने प्रभावलाई ज्यादै सुन्दर रुपमा निरुपण गर्नु भएको छ । जसमा※अहिंसा भावनाले पूर्ण प्रतिष्ठा पाएको जीवन हुने साधक रहेको ठाउँमा वरपरका हिंसक जनावरहरूमा समेत परस्पर वैरभाव मेटिने कुरा बताइएको छ । यदि सत्य निष्ठा, सदाचार सेवाभावना जस्ता आदर्श गुणहरूमा पूर्ण अवस्थित व्यक्ति कुनै समाजमा छ भने त्यसले आफ्नो चिन्तन र व्यवहारद्वारा कुनै न कुनै रुपमा समाजलाई सुप्रभाव अवश्य दिइ रहेको हुन्छ ।

वेदान्त दर्शनले एउटै आत्मतत्त्व वा ब्रह्मतत्त्वभित्र यो विश्व जीवन अभिव्यक्त भएको बताउँछ । जहाँ र जहिले पनि त्यही एउटै आत्मसूत्र ओतप्रोत छ । आफ्नो सीमित क्षणिक व्यक्तित्वको अज्ञान जनित आवरणलाई तोड़ेपछि मानव वास्तविक जीवनसंग एक बन्न पुग्दछ । आत्मीय व्यापक सत्ताको अनुभूति द्वारा उसका चिन्तनहरू र व्यवहारहरू सबै विश्वको एकात्मक दर्शनमा केन्द्रित बन्न पुग्छन । अरुलाई बाधा पुग्ने काम गरेर म आफै- लाई बाधा पुऱ्याउँदो रहेछु, अरुको हित र मेरो हित, अरुको जीवन र मेरो जीवनको मूल एउटै रहेछ भन्ने र आफुलाई सबैमा एवं सबैलाई आफुमा देख्ने अवस्था मानवको यस्तै ऐक्य केन्द्रित दृष्टि- बाट आउँछ । यस अवस्थामा पुगेर नै मानिसले स्पष्टतया संभिन सक्तछ कि उसको जीवन, उसको चिन्तन र व्यवहार कति अव्यर्थ र महत्त्वपूर्ण छन् ।

आज हामी सामाजिक क्षेत्रमा जाऔं जमानाको दुहाई सुनिन्छ । "क्या जमाना आयो वा ! अबत यस्तो पनि भइसक्यो, उस्तो पनि भइसक्यो, पहिले त यो कुरा सुन्न पनि पर्दैनथ्यो " आदि । धार्मिक क्षेत्रमा जाऔं त्यहाँ सबैका कमजोरी र पापहरू बोकि दिने एउटा कलियुग नामक कल्पित भरिया भेटिन्छ । जसको थाप्लामा सबै पाप बिसाएर मानव भनि रहेको हुन्छ– " कलियुगले त चौपट्टै पार्न लाग्यो ! खोइ अब त यो कुरा पनि पाइन छोड्यो, उकुरा पनि हराउँदै गयो ! राम्रो भन्नु कतै देखिन्न । के भएको यो " आदि । तर हाम्रा उपनिषद्हरू भन्दछन– "मानव ! कलियुग त, तिमी भित्रै छ । त्यसलाई भगाऊ । द्वापर र त्रेता पनि तिमी भित्रैछन् । तिनीहरू भन्दा पनि माथी जाऊ । तिमीले सत्ययुग फेला पार्ने छौं ।" कलियुग, द्वापरयुग, त्रेतायुग र सत्ययुग केहो ? उपनिषद् भन्दछ–आलस्य, निद्रा, ध्येय शून्यता नै कलि हो । जाँगर र उत्साहपूर्ण रुप नै द्वापर हो, लक्ष्यतिर कदम बढनु नै त्रेता हो र आफ्नो लक्ष्य पूर्ति हुने सार्थक शुद्ध, विश्वहितकारी कर्ममा

※ अहिंसा प्रतिष्ठायां तत्संन्निधौं वैरत्याग योगसूत्र । साधनपादः सूत्र सं. ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संलग्न रहनु नै सत्ययुग हो।" कति सुन्दर र कति भव्य छ यो मानव जीवन? सत्य-युग ल्याउने र स्वर्गलाई धरतीमा प्रत्यक्ष रूपले उतार्ने साध्र्य मानवजीवनमा छ।

तर अपसोच! मानवले कलियुग र जमानाको दुहाई दिएर आफ्ना कमजोरीहरू लुकाउने र संसारलाई नरक तुल्याउने दिग्भ्रान्त जीवन पद्धति अपनाइरहेको पनि यहीं पाइन्छ। हामी स्वयं सोचौं न कलियुग आयो रे! खराब जमाना आयो रे? कताबाट आयो? आकाश-बाट कि! धरती चिरेर कि! होइन। मान-वको व्यवहारबाट। आजको हाम्रो यो दय-नीय अवस्था केले भएको? न हाम्रा अगाडि कुनै सामूहिक कल्याणको चेतना देखिन्छ, न जीवनको सार्थकताप्रति रहर। धर्मजस्तो विश्वधारक सत्यको शरणमा जान खोज्छौं तर त्यहाँ पनि धर्म—भावनालाई सही ढङ्गले पुष्ट पार्न सक्तैन। यो उदासीनता, अकर्म-ण्यता जीवनप्रतिको चैतन्य शून्यता किन आइरहेछ? स्पष्ट छ हामीले नै ल्याएर। सन्तान त हाम्रो हौं विश्वको हित गर्ने सेवा-परायण जीवनका प्रबल हिमायती ऋषिहरूका। परन्तु व्यवहारले हामी त्यसो भन्ने अधिकारै नराख्ने र अयोग्य सिद्ध भइरहेछौं। हामीले नै गर्दा समाजको यो दशा भयो। हामीले नै सजगता साथ लागि परेर समाजको पुनर्निर्माण गर्न सक्तछौं। आफु अज्ञानी, उदासीन र अकर्मण्य रहेर हामीले आफ्नो मात्र होइन, परिवार, समाज र विश्वलाई नै विगार्दछौं र आफुमा ध्येयनिष्ठा, सजगता र निर्माणात्मक जीवनप्रति अनुराग जगाएर हामीले आफ्नो, परिवारको र समाजको नै उपकार गरिरहेका हुन्छौं? आज यी सबै कुराहरूलाई स्वाध्यायको विषय तुल्याएर अगि बढ्ने बेला छ।

जुन विश्वमा बाँचिरहेछौं, जुन समा-जमा हाम्रो जीवन हुर्किरहेछ, जुन देशका नागरिक हामी छौं, आफ्नो व्यवहारद्वारा त्यस-लाई सदा कल्याणमय तुल्याउने प्रयास गर्नु हाम्रो लागि ईश्वरीय नियम हो। यसलाई बिर्सेर हामी स्वाध्यायशील कहलाउन सक्तै नौं। हामीले जन्म त लिने नै रहेछौं, परन्तु अन्त नलिएर यस धरतीमा नै जन्मलिन हामी किन आयौं? विश्वात्माले हामीसंग अपेक्षा राखेका छन् कि हामीले यस ठाउँलाई सुन्दर ठाउँ बनाउने छौं। आफ्नो समाजलाई आदर्श समाज तुल्याउने छौं। जहाँ दुर्भावना, कलह, झगडा, द्वेष, घृणा केही नहोस् र जहाँ समझदारी, प्रेम सेवा—भावना र सामूहिक कल्याणको भावना सतत प्रवाहित होस्। हामीलाई विश्वात्मा प्रभुले यसैको लागि यहाँ जन्म दिएका छन्। के हामी यो बुझ्न सक्तै नौं? सक्तै नौं भने हामी स्वाध्यायी बन्न पनि सक्तैनौं। किनभने जगदीश्वरले हामीलाई नै भाग्यवान् बनाउन सुम्पेको पवित्र दायित्वलाई जबसम्म हामीले ठुक्र्याइरहेका हुन्छौं जबसम्म हामी आफ्नो जीवनतिर फर्किनै सक्तैनौं तबसम्म हाम्रो स्वाध्याय के कामको?। अतः उठौं, बुझौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीबनको गरिमालाई चिनौं, आफ्नो जीवनलाई साढे तीन हातको शरीर र त्यसको सीमित गतिसंग मात्र न दाँजौं, यसलाई विश्वजीवनकै प्रभावकारी अंगको रूपमा चिनौं। हाम्रो धर्म, हाम्रा शास्त्रहरू र हाम्रा पावनात्मक आचार्यहरूले हामीसंग यसैको माग गरिरहेछन्।

हाम्रो प्रत्येक परिवार स्वाध्यायस्थल बनोस्, प्रत्येक टोलमा सामूहिक स्वाध्याय केन्द्रहरू रहुन् आफ्नो 'स्व' को चिन्तनद्वारा प्रत्येक व्यक्ति ब्यूँझोस् र समाज आशानुरूप शान्ति, सुख र समृद्धिको बाटामा अगि बढ्न सकोस्।

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम्।
तत्त्वं पूषन्! अपावृणु सत्यधर्माय दृष्टये॥

—यजुर्वेद।

—हे विश्व पोषक! भगवान्! भौतिक सुखको सुवर्णमय मोहक आवरणले सत्यको रूप ढाकिदिएको छ। आफ्नो मङ्गलमय कृपाद्वारा त्यस आवरणलाई हटाइ देऊ जसबाट हामी सत्यधर्मको दर्शन पाऔं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन धर्मको सन्देश

प्रा. डम्मरु वल्लभ पौड्याल

सत्यं ब्रूयात् प्रियं ब्रूयात् न ब्रूयात्सत्यमप्रियम् ।
प्रियञ्च नानृतं ब्रूयादेष धर्मः सनातनः ॥

साँचो बोलोस्, प्यारो बोलोस्, सत्य छ ता पनि कसैलाई अप्रिय लाग्ने यद्वा बिभने छ भने त्यस्तो नबोलोस्, प्यारो लाग्नेछ भन्दैमा यदि त्यो झूटो (असत्य) छ भने त्यस्तो पनि नबोलोस् यही नै सनातन धर्म हो ।

यसप्रकार सनातन धर्मले सदैव सत्यलाई अँगाली राखेको छ किनभने जीवनमा सत्य भन्ने वस्तु यस्तो छ जो कहिल्यै पनि हार्दैन । कसैले त्यसलाई छकाउन सक्दैन । कसैले त्यसलाई मार्न सक्दैन र त्यो कहिल्यै पनि मर्दैन । मानवीय जीवन सदा सत्यले ओतप्रोत छ, मानिसको हृदयमा सत्य सदा नै झल्किरहेको हुन्छ । सत्यको ज्योतिले नै मानवीय जीवन सदा सुखमय रहन सक्तछ किनभने सत्य सरल छ । वक्रतामा जीवन सांघुरिन्छ संकुचित हुन्छ र अन्त्यमा निष्क्रिय हुन्छ । त्यही मानिसको वा समाजको अथवा राष्ट्रको अभ्युत्थान हुन सक्तछ जो सत्यको सहारामा हिँड्दछ । मानिसका हृदयमा असत्यका रेखा पनि पर्दछन् तर सत्यले त्यसलाई पन्छाउँछ । जब सत्यका आधारमा मानिसले आफैं जस्ता प्रत्येक प्राणीहरूका हृदयमा रहने जीवनका आशा उमङ्ग इच्छा र विवेकका सरल गतिहरू प्रवाहित भएको देख्तछ अनि उसलाई परमेश्वर टाढा हुँदैनन् र सत्यको ज्योतिले उसका हृदयमा यौटा अनिर्वाण दीपको आलोक शिखा प्रज्वलित गराउँछ अनि मान्छेले भन्छ परमेश्वर !! मैंले तिमीलाई पाएँ ··· ।

किनभने मानवीय जीवन सोझो छ । उसको हृदयमा वा उ जस्तै सबैको हृदयमा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँच्ने र बचाउने दैवीभावनामा सत्यको वास हुन्छ। अनि वास्तविक सत्यको आडमा परोपकार, दया, सहिष्णुता, क्षमा, मानवता, आदि बहुमूल्य भावनाहरू सदा जीवित भएर रहेका हुन्छन्। सत्यकै आधारमा मानिसको अस्तित्व रहेको हुन्छ। जस्ले असत्यलाई अँगाल्दछ त्यस्का उपर झुठ, घृणा, आतस, कम्प र अन्धकार स्वयं ओइरिन्छन्। तिनीहरूलाई पन्छाउन त्यस्ताले अरू झूटा प्रवृत्तिको अनुसरण गर्दछ। यौटा असत्यलाई छोप्न अर्को असत्यको आश्रय लिनु पर्दछ अनि त्यसमा सरलता र प्राकृतिक सत्यको ज्योति हराउँछ। वक्रता प्रादुर्भाव हुन्छ। वक्रता अथवा विकृति भन्नु नै नारकीय लक्षण हो, नरकको यातनामा पनि त सत्य कहाँ छ र? मिथ्याको आडमा मानवीय जीवन पिल्सिन्छ। असत्यको आशामा जीवन उर्ध्वगामी हुनै सक्दैन। संसारका समस्त जाति राष्ट्र एवम् समस्त मानव जो जति छन् तिनीहरू-को अस्तित्व वा विजय सत्यमा छ। अतः सनातन धर्म सदा यहीं नै भन्छ कि:– "सत्यमेव जयते"।

मानवीय जीवनमा झूठो अपवाद नलाउ। किनकि उसले जीवन मागीरहेछ। जस्तो तिमीले मागी रहेछौ। बाङ्गो बनेर अरूको आत्मा नरुवाउ। त्यसमा कुनै वीरता छैन। ईश्वर सदा सत्यकै पक्षपाती छ। मानिसकै हृदयलाई चौडातवरले छाम्दा त्यहाँ कालो मात्रै कहाँ छ र। अन्तःकरणलाई कहिल्यै पनि छकाउन सक्दैनौ। किनभने तिमीसँग पनि त हृदय छ। त्यो हृदय जहाँ प्रत्येक पलमा बाँचेर ईश्वरको यत्रो झिलिमिलि र सत्यको होसको अनुभव गर्न चाहन्छ। आफैंलाई पहिले छाम। सुन त तिम्रो अन्तःकरणले के के माँगीरहेछ? त्यस्तै त होनि, अरूको हृदय पनि त तिम्रो भन्दा फरक के छ र? आफ्नो अन्तःकरणसँग डराउ। सत्य छकिन्न र सत्यकै दैलामा परमेश्वर आउँछन्। त्यही भित्री दिलको आवाज सुन। विश्व मानव परिवारको र तिम्रो आवाज फरक छैन। डराउ सत्यसँग र ईश्वरसँग सत्यको हौसला माँग। अनन्तलाई अन्तका तिमीले छकाउन नखोज। सक्दैनौ। किनभने आत्मालाई के मारौला? उल्टो यो मार्गमा जाँदा तिम्रा विवेकहरू बाङ्गिन्छन् र मानव आत्माले तिमी-बाट रुँदैरुँदै विदा लिनेछ। अनि तिमी रित्तो हुनेछौ।

मान्छेकै हृदयको सत्यसँग सोध। उसले भन्ने छ भावनाहरू नछिपाउ। जीवन अभिव्यक्ति हो। छद्मवेषी हुँदा भित्री आत्मामा कंपन हुन्छ त्यसले सत्यलाई केही गर्न सक्दैन उल्टो त्यसले तिमीलाई दुःख हुन्छ। तिमी पिरोलिन्छौ। जलाउनु जीवन हैन। आफैं जस्तै सबैमा संभेर चीसो पानी छर्क। त्यसले अरूको मात्र हैन। तिम्रो जीवन पनि मौलाउँछ। सत्य-को परिधि ज्यादै विशाल छ। त्यसमा एकपटक मात्र गोता लाउ जीवनले जीवनको याद पाउँछ। अनन्त प्राणीहरू के निर्धा के दुब्ला जगमा सत्यद्वारा परमेश्वरले सबै कुरा देखे र सुनेका छन् भन्ने ज्ञानको होस सत्यद्वारा मात्र पाइन्छ। अतः बेइमान र झूठो नबन, किनकि यस्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्तित्व छैन । संझ, उः यौटा माग्ने आयो तिम्रो दैलामा ! परमेश्वरको झिलिमिलि मूर्ति । त्यो सत्यको आत्माप्रति घृणा नगर । जीवनका उत्थान र पतनका क्रियाको त्यो उपमा हो । अनन्त आत्मा त्यसमा टनाटन छ । प्याच्च नभन । चस्स बिझाउला । प्रियं ब्रूयात्को पाठले गान्छे मान्छेमा आउँछ । त्यसमा र तिमीमा पो के फरक छ र ? कठैबरा च्चः च्चः त्यो सहानुभूति । बाहिरकोले केही काम दिँदैन । त्यो त वास बसेफो घर भत्के जस्तै । न माया न ममता । आउ ! उधिन त्यसको चिथ्रो कन्थालाई । त्यहाँ पनि अस्तित्वका कणहरू छन् । त्यो पसारिएको हातलाई श्रद्धा र विश्वासका दृष्टिले हेर्न सकेमा ईश्वर टाढा छैनन् । सित्तैंमा अर्थ शास्त्रका ठेलीले कामको मन्त्र नसुनाउ । किनकि विवशता र अकर्मण्यता आई पर्ने तिम्रै उपज हुन् । जीवनको अस्तित्वलाई केलाउँदा बाकसका रूपियाँ भन्दा भोको पेटको आहुतिमा अनन्त पुण्य निहित छ ।

सत्यको आडमा हुर्केको यही परमतत्व अविनाशी छ । सनातन अर्को संज्ञा यसैको हो । जुन प्राकृतिक छ । जसमा बनावटीपन छैन र आर्त र दीनलाई सहारा बन्दछ । यससंग फोश्रो हाँसो रहन्न र खोक्रो सहानुभूति पनि । तिमी आफ्ना निंति जलौला तर यो अरूका लागि जल्दछ । यसको सहजैसँग सीमा नाघ्ने स्वतन्त्र अस्तित्व छ । जहाँ आउँदा मानिसका कंपित आत्माले आधार पाउँछन् । यस्मा उपदेशको किन बेच छैन । यहाँ अर्थ शास्त्रको हप्काई छैन । त्याग र दानमा यो उम्रन्छ र श्रद्धा र विश्वासमा हुर्कन्छ । शान्ति र प्रेमको यो ज्यूँदो मूर्ति हो । आडंबर र संकीर्णता यस्मा छैनन् र यो सदा प्राकृतिक तवरमा अविच्छिन्न रूपले अजरामरको मार्गमा बसेर सबै संतप्त पथिकलाई शीतल छाया दिईरहेछ । नहेरे के देख्नु । जस्का विश्वास र धैर्य, आत्मबल र सत्यतामा मानव आत्माले सधैँ पोषण पाई रहेछ । त्यही सनातन तत्वमा परमेश्वरको यन्त्रो सृष्टि झलमलाई रहेछ । फेलापारे देवता, नत्र ढुङ्गो ।

काँचका आँखा र ढुङ्गे हृदयले सत्यका पयर देख्न र छुन सक्तैनन् । केवल भौतिक सामग्रीको परिचयले चेतन सत्तालाई छुनै सक्तैन । हृदयको आवाजमा कान थापेर सुन्दा चिंटा र गेरूवा रङ्गको अन्तर्ध्वनि सुनिन्छ । माग्नेको हृदय चौडातवरले छामेर परमानन्द परमेश्वरको विलक्षण जादू सनातन धर्मले फेला पार्दछ । अरू विपर्यीहरू अहङ्कारको बोक्रे आडम्बरमा मस्त हुन्छन् । जीवन कहाँबाट आयो र कहाँ जान कसरी झलमलाई रहेछ त्यो कुरा कलपुर्जे यान्त्रिक जीवन हो भन्नेहरूले फेला पार्न सक्तैनन् । जस्को अमूल्य जीवन केवल जोड र घटाउमा मात्र व्यतीत हुन्छ । दुनियाँको हितभित्र प्राण र प्रण समर्पण गर्दा हुने सनातन धर्मको अन्तर्मर्मको मीठो अनुभूति त्यसैले गरेको हुन्छ जो सच्चा सेवाको दृष्टि लिएर हेर्दछ ।

धारण गर्ने कुरा धर्म हो । जसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव-जाति कल्याणको अभिप्रायमा लठिठएको हुन्छ र विश्वको नैसर्गिक सत्यमा मिलेको हुन्छ। साधु सज्जनले विकासका क्रमको सिल-सिलामा यसलाई सिर्जना गरेका थिए। मानव आत्मा जुन पाएर हलुङ्गो बनेको थियो। अनन्त कल्याण सुख र शान्ति प्राप्तिको लागि जुन मूल आधार छ। किनभने यसले सत्यको आड लिन्छ। असत्य एकछिन मात्र भने पनि हृदयमा पस्न सक्छ तापनि त्यस्को त्यहाँ अविच्छिन्न स्थायित्व हुँदैन। त्यो मार्ग प्रदर्शक बन्न सक्तैन। किनभने सत्यका चमत्कारी ध्वनीहरूमा अनन्त-को नाद प्रष्टसँग छुट्टिन्छ असत्य रङ्गमगिन्छ। जस्ले मानव आत्मालाई केहि छिन अल्मल्याउन सक्तछ। वास्तवमा सत्य छुट्टिन्छ चिनिन्छ र धर्म बनेर व्यक्त हुन्छ। जुन जीवनको मार्ग बन्दछ। त्यसलाई असत्यद्वारा बनाउने प्रयास नगर, त्यो बनाएर बन्दैन र ढाँटेर ढाँटिन्न। वास्तवमा धर्म त्यस्तो बनेर रहेको छ जस्मा अनन्त जीवन र परमार्थतत्वका लागि बाटो खुलेको हुन्छ।

अझ यसलाई भन्ने हो भने यसो भन्नु पर्ला :— जसले जुन अवस्थामा जुन काम गर्नु पर्ने हो त्यो त्यस्को कर्तव्य वा स्वधर्मको द्योतक हुन्छ र यस्को विरूद्ध हुनु अकर्तव्य अ-धर्म हो। धर्म र अधर्मलाई यसरी व्याख्या गरि-एको छ। सामान्य र विशेष रूपमा विभाजन गर्दा मा "हिंस्यात्सर्वा भूतानि" (कुनै प्राणिलाई पनि हिंसा नगरोस्) यस्तो अहिंसाधर्मको सामान्य र आफूले परिपालन गरी आएको धर्मलाई स्वधर्मको संज्ञा दिइएको छ। एतावता मनुष्यमात्रले परिपालन गर्ने धर्मलाई "सामान्य र व्यक्ति या समाजले जीवनभर वा अवस्थाविशेषमा गर्नु पर्ने धर्मलाई "विशेष धर्म" भनिन्छ। यसैले जा-डामा कम्बल वितरण गर्नु र ग्रीष्म ऋतुमा तृषित व्यक्ति वा समुदायलाई जल वितरण गर्ने कुरा पनि सनातन धर्मको द्योतक रूपमा मान्न सकिन्छ। यसरी शारीरिक र मानसिक परितृप्तिको लागि ज्ञानद्वारा सुप्त आत्मालाई ब्यूँझाउँने क्रियापनि यसकै सम्पूरक वा अभिन्न अङ्ग मान्न सकिन्छ।

अथवा जे होस्, सेवा त्यहाँबाट छचल्कोस् जहाँ सत्यका आँसू प्राकृतिक भावमा पग्लियुन् सत्यको आमन्त्रणले हृदय छुन सकोस्। सेवा त्यसरी व्यक्त होस् जस्तो रूखहरूको स्वभाव हुन्छ। हृदयको भुल्भुलावटबाट भावनाहरू सत्य-का तवरले ओर्लियुन् नकि आडम्बरमा। संसार-का पीडाबाट आतपम्लान जस्ता अनुहारहरूमा सुखको मुस्कान फैलियोस्। जीवनले सत्यको अनुभूति गर्न सकोस्। जहाँ सच्चा भावनाहरू फुलेर फक्रियुन्। नेपालको बारीमा दूधमुखे शिशु र घेरे टोपीले काया परिवर्तन गर्न सकोस्। किनभने बोलीको माधुर्यले हृदयलाई आव्हान गर्न सकोस्। मान्छेले मान्छेलाई मान्छेकै दृष्टि-कोणले हेर्न सकोस्। हृदयबाट उठेको भाव नबा-झियोस्। लहरा र फूलले डाँडाको छातीलाई विकसित पारे झैं मानवीय आत्माले स्वानुभूति गर्न सकोस् र "सर्वभूत हितेरताः" को भावना निस्कोस्। किनभने स्वान्तःसुखायको अनुभूति आत्मवत्सर्वभूतेषुमा परिणत होस्। अनि मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वरको अनौठा प्राचीन छविले हृदय उज्यालो हुन्छ ।

हृदयको भापाले अभिव्यक्त गर्दा मानिस पृथिवीमा किन आयो ? प्रकृति त्यति सजीलै कुनै कुरा पनि पुऱ्याउँदिन । सरुवा डुलुवा र अभावको जीवनमा सक्तो सहयोग दिन नै मान्छेलाई परमेश्वरले धर्तीमा पठाए । कमसेकम छोटो जीवन छ भन्ने ईश्वरको यौटा पाठ मात्र घोक्त सके मान्छेले दीन दरिद्रीका अनुहारमा ईश्वरको विचित्र जादू देख्तछ । किन भने मुठी फुकाउन नछोड, पुग्नन कस्लाई पुग्यो र ? हृदय खोल त चारहातले वर्षाई रहेछ । ती परम दया र करुणाका विन्दुहरू तिम्रा आँताबाट छिरी रहेछन् । तिनलाई पकड र सेवामा लगाउ । सौन्दर्यमा सबै रमाउँछन् तर नरामा र नभरकासित प्रेमगर्नु ईश्वरीय वरदान हो । आऊ । खिपौटे र पिल्पिलाउँदा अनुहारमा सच्चा सहानुभूति गरौं । कुन आनन्द लिन ? यस्को उत्तर भनेर भनिन्न र लेखेर लेखिन्न जहाँ आफैं तिमी स्रष्टा बन्दछौ र अनिर्वचनीय आनन्दको अनुभव हुनेछ ।

कसैले केही नगरे पनि सेवाको भावले चित्तमा सजोरता र सुन्दरता पैदा गर्छ । स्मृतिपटमा परेका रङ्गीन छापाहरूले सूक्ष्म सत्यको प्रदर्शन गर्दछन् । मान्छेका आँसू र हृदयको वेदनालाई नचिन्ने नत कवि हुन्छ नत सेवक नै । सेवाले नै अपार्थिव मुस्कानसँग अनन्तको मोहनीलाई दिन्छ र मान्छेकै समक्ष तीनकाल जोडिन्छन् । मनुष्यता र भ्रातृत्व जस्ता विशाल भावनाले हृदय परिपूर्ण हुन्छ । सेवाको मलहमले दुःखको पीडा तौलेको हुन्छ । जाने यौटा नजाने हाड छालाको थुप्रो मान्छे । सेवा फूलको शय्या हो जहाँ मानवीय जीवनका मार्मिक अनुभूतिहरू लेटदछन् । ऋषिहरू हृदय-शून्य थिएनन् । विज्ञानको झिलिमिलि पनि सेवाको अभावमा खुम्चिन्छ । केवल जोड घटाउ र गुणन भागहारमा मात्र जीवन खेलेको हुँदैन । मानवकै ज्यूँन खोज्ने आशा र अभिलाषाहरू सेवामा नै मौलाउन सक्तछन् । यस्मा मान्छेले आँफुलाई चिन्ने र सत्यको साम्राज्यमा पस्ने बाटो पाउँछ सेवामय जीवनमा बसेर सत्यको झलक देख्नु नै मानवको परीक्षा हो । धेरै जसो यस्का प्रश्नहरूलाई नै राम्रोसँग बुझ्दैनन र मनका अँध्यारा कोठरीहरूमा रङ्गिन्छन् । सेवाबाट हटेर महत्वाकांक्षी हुन खोज्नु अहङ्कार-को पापले कामेर संसार छोडेर मर्न खोज्नु जस्तो हो । सेवाबाट छुने सच्चा मिठासलाई सांसारिक शृङ्गारहरूले भुलाउन सक्तैनन् । नत्रभने ज्यापू-ले बाग्मतीमा जाडोमा पराल किन दान गर्दथ्यो । त्यही मिठासको मोहनीले पैसालाई जित्तछ र आखीरमा मानिसकै हृदयलाई जित्तछ । पापी आत्मा यसरी काँन्त छ कि उसलाई मर्न मन लाग्छ । सत्य र सेवाको विजय नै आँनन्दको समय हुन आउँछ । जो युगान्तरसम्म पनि कल्याणकारी बनीरहन्छ । अरुले आनन्द पाएको-मा आनन्द लिन सक्नु नै महत्वाकांक्षाको नियम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय वार्षिकोत्सवमा संगीतप्रवीण उस्ताद नरराज ढकालको निर्देशकत्वमा सैनिक छात्रावासका विद्यार्थीहरू सामूहिक रामध्वनि प्रस्तुत गर्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । हृदयमा सेवाको भावना जगाउन सके सबै थोक त्यहीं छ ।

नलिनुमा भन्दा दिनुमा विशेषता छ । दुःखीहरूमा भूतपूर्व आफ्ना अनुभूति पनि मिसाई देउ । अँध्यारो र उजेलोको दोसाँधमा जीवन रहेको हुन्छ । त्यसलाई उज्यालातिर तान्ने सेवा हो र त्यसलाई चौडा तवरले छाम्दा शिवम् सुन्दरम्का झिल्काभिल्कि पक्डिन्छन् । अनि मानव आत्मा रसीलो हुन्छ र अन्त्यमा नैराश्य-तिर फर्कन्छ किनभने जीवनका आशय र अभि-प्रायहरू बेमतलबका छैनन् । हरएक दीन र दरि-द्रमा पनि परमेश्वरको अभिप्राय रहीरहेकै हुन्छ । सच्चा सेवामा साधु पुरुषका विशिष्ट दौलत र विज्ञानका ग्रन्थिहरू झल्केकै हुन्छन् । किन घृणा गर्छौं त्यसलाई ? स्त्रीजातिलाई बैंस-मा ठाट पार्ने सोख जतिकै दीन दरिद्रको जीवन-मा अभिप्राय रहेको हुन्छ । ग्वांग्राले के जान्ला ? जीवनको मिठास र मधुर प्रतिभा सेवामा झल्कन्छ । हृदयलाई कमलो वनाएर दीन दरिद्र-हरूको हृदय छाम । परमेश्वर टाढ़ा छैनन् । दु-नियाँको हृदयमा रहने मृदुल परमेश्वरबाट सेवी सदा नगीचै रहन्छ र उसले यहाँ अरू पाउने केही आशा गर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्म भावना र मानवता

श्री राम्बाबु सुवेदी

संसार एउटा कर्मभूमि हो । जीवन जन्मन्छ यहाँ । आफ्नै कर्महरू निम्त्याउनको निमित्त । प्रत्येक बिहान – एक यात्री सिङ्गै आकाश बोकेर विम्फन्छ यहाँ । उसको विहानी सस्य जत्तिकै सुन्दर हुन्छ । शीतल समीरले उसका अंग अंगमा स्पर्श दिन्छ — सानन्द स्पर्श । पूर्वाकाश त्यस्तै सुन्दर देखिन्छ— त्यहाँ भगवान भाष्करका सहयात्री अरुण मुस्कुराई रहेका हुन्छन्—मानौं जीवन हाँस्नको निमित्त हो । अनि धराका सबै जीवन— कलीहरू कलामय हुदै मुस्कराउन थाल्दछन् । जीवनको अर्थ प्रस्फुटित हुदै आउँछ– यही विराट् प्रस्फुटन नै आध्यात्मिकता हो ।

यही विहानीबाट सुरु हुन्छ प्रत्येक यात्रीको जीवन — यात्रा । प्रत्येक यात्रीको गन्तव्यस्थान अनन्त हो— जसको अन्त्य नै छैन । तर दुइ पाइला पनि चाल्न नपाउदै प्रत्येक यात्रीको अगाडि आइदिन्छ दोबाटो, जहाँबाट दुइदिशातिर दुइबाटाहरू फाटेका छन्—एउटा आध्यात्मिक र एउटा भौतिक नामले प्रसिद्ध छन् ती दुबै बाटाहरू । त्यही दोबाटोबाट प्रत्येक यात्रीले एउटा छान्ने गर्छ—उसको मानवताले साथ दिन्छ यी बाटाको छानबिन गर्नलाई ।

कविशिरोमणि लेखनाथ आफ्नो 'बुद्धिविनोद' काव्यमा यही मूलबाटोलाई खोजीरहेका छन् । एक प्रकारले उनको जीवन-यात्रा र काव्य-यात्रा अध्यात्म-गोरेटोको अविरल अन्वेषण हो । प्रश्नै प्रश्नले भरिएको बुद्धि विनोदमा उनी प्रश्न राख्दछन्—

'अनन्त बाटा बटुवा छ एक यो
विचारमा रङ्मगिदा जनम् गयो'

उनको 'गौथलीको चिरिबिरी' मा हामी प्रष्ट आभास पाउँछौ—अब कवि शिरोमणिले बाटो पहिल्याईसकेका छन् । भूकम्प नगरकी गौथली आध्यात्मिक चिरिबिरी लिएर मान्छेलाई ब्यूँझाइरहेकी छ । भौतिकता एकै भूकम्पमा नष्ट हुन सक्छ, अनश्वर छ केवल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिक चिरिविरी यही नै कविशिरोमणिको जीवनमुखी बाटो थियो।

इन्द्रियहरूको संयम नै आध्यात्मिकता हो । इन्द्रियका घोडाहरूले जता ताने त्यतै जानु भौतिकता। यसर्थ दोबाटोमा पुगिसकेको यात्रीलाई आफ्नै आत्मबोधको आवश्यक छ। बाटो बिराएमा जीवन अनकन्टार जंगलमा हराउन पनि संभव छ। आफ्नै इन्द्रिय संयम गर्न नसक्ने यात्रीको निमित्त शायद जीवन प्रगतिमुखी हुन सक्तैन । संस्कृतको यस उक्तिले अझ बढी साथकता ल्याउने छ यस कथनमा—

आपदां कथितः पन्था इन्द्रियाणाम् असंयमः
तज्जयःसंपदां मार्गो येनेष्टं तेन गम्यताम्।

'आत्मवत् सर्वभूतेषु' को सुमार्गबाट हिड्न नजान्ने यात्री गन्तव्य स्थानमा त के कुरा, गन्तव्य स्थाननेर पनि पुग्न सक्तैन । 'सर्वसुखाय' को भावनाभित्र डुबुल्की नमारीकन मानवताको सत्य—रूप देख्न समर्थ छैन कोहि पनि । पशुवत् भावनाबाट मुक्त हुन नसकेसंम आत्म—ज्ञान स्फुरण हुन सक्तैन हामीमा। दधीचिको जस्तो त्याग गरेर एक आहुतिद्वारा जब संम हजारौले हुति पाउदैनन् तब संम शान्तिले साथ दिन सक्तिन धरालाई। दधीचि मानवताको ज्वलन्त साउती हो, आध्यात्मिकताको प्रथम आहुति हो।

अध्यात्म सधैं ईश्वरपक्षमा छ तर भौतिक नश्वरपक्षमा आधारित देखिन्छ। ईश्वरपक्ष नित्य, शान्त र सत्य छ तर नश्वरपक्ष अनित्य, भ्रान्त र असत्य देखिन्छ। प्रथम पक्ष अन्तर्मुखी हुन्छ तर दोस्रो पक्ष बहिर्मुखी छ । यसर्थ आध्यात्मिक पक्षमा दर्शन र भौतिकपक्षमा प्रदर्शन छ।

आध्यात्मिकतालाई एउटा मालतीको फूलसँग तुलना गर्न सकिन्छ। यो त्यै मालती हो, जो सिर्जनाको आदिम फुलवारीमा पनि यस्तै रूप र परागहरू लिएर मुस्कुराएकी थिई । प्राचीनतादेखि आजसंम यसको कला-रूप उही छ, पुरानिएको छैन. जो भोलि पनि पुरानिदैन । हिजो जति सुन्दर थिई आज पनि यो त्यत्तिकै सुन्दर छे र भोलि पनि यो यत्तिकै सुन्दर रहन्छे—अध्यात्म पक्ष पनि यस्तै एकाकार छ।

मानवका आफ्नै परिवेश वरिपरी जे जति कल्याणमुखी स्वरागहरू वहन्छन् तिनको सुमधुरतातिर लक्कन सक्नु नै अध्यात्म भावनातिर लच्कनु हो। आत्मा अमर छ, अजर छ— वास्तवमा हामी भूगोलका कीरा मात्र ह्वैनौ, हामीमा स्व-अस्तित्वको एउटा आत्मिक ज्योति पनि छ। ज्योति पक्षतिर विचलित नभैकन लम्कन सक्नु पर्छ हामी। यही लम्कन सक्नु नै आत्मबोध हो । अध्यात्मको अर्को नाम आत्मबोध पनि हो। आत्मबोध सर्वदा सत्यपक्षको अर्थात् ज्योतिपक्षको पक्षपाती देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकवि देवकोटा आफ्नो 'लक्ष्मी निबन्ध संग्रह' मा यस्तै ज्योतिर्मय संगीत अलाप्छन्—'के तिमीलाई थाहा छैन । तिमी माटो मात्र होइनौ ज्योति पनि हौ' देवकोटाको देव-आत्मा यही भावनाले भरिएको थियो। यस्तै कवि माधव प्रसाद घिमिरे आफ्नो 'राष्ट्र-निर्माता' काव्यमा भन्दछन्:—

'यो मृत्तिका हो, कित ज्योति हो वा
जे हो त्यही हो, परिपूर्ण शोभा'

यिनै अन्तर ज्योतिहरूको शिखालाई छाम्न सक्नु र संसारका प्रत्येक भावलाई आलोकित पारिदिन सक्नु नै मानवताको मूल मन्त्र हो र यही आध्यात्मिकता हो।

हामी मानवमात्रमा दुई प्रवृत्ति पाउँछौं। ती हुन् निग्रह र संग्रह अथवा वितृष्णता र तृष्णा। अध्यात्मपक्षमा सधैं रहन्छन् निग्रह र वितृष्णता त्यस्तै भौतिक पक्षमा रहन्छन् संग्रह र तृष्णा। प्रथम पक्षमा आत्मसन्तोष छ, मानवसुलभ स्वस्थता छ तर दोस्रो पक्षमा हामी आत्म भ्रान्तिका अशोभनीय जर्जर वृत्ति मात्र पाउँछौं।

अध्यात्मिकता योग मार्ग हो। कर्मकै बिचमा पनि योग गर्ने कर्मयोग नै श्रीमद्भगवद् गीतामा मुख्य सार भएको छ वितृष्ण भएर कर्म गर्न सक्नु नै कर्म योग हो। वैभवका प्रखर ज्वालाले पिल्सिएका बिसौं सताब्दीका राष्ट्र र मानिसहरूलाई त्यही मानवता चाहिएको छ जहाँ गीताको कर्म योग छ। यो योग नै अध्यात्म हो, जीवनको मूल प्रवृत्ति हो। र योग हो चित्तवृत्तिको निरोध।

कामनामा प्रायः आतुर प्रवृत्ति हुन्छ। यसमा स्थिरता छैन न त संयम नै छ-यसलाई एक प्रकारले एकसुरे प्रवृत्ति पनि भन्न सकिन्छ। कामनाद्वारा कामनाको वृद्धि हुन्छ। तर कामनाको तृप्ति हुदैन। आगो जति हवि हाले पनि साम्य हुदैन झन् झन् बढ्दै जान्छे। यसैले मानवता कामनाको विस्तारमा होइन नियन्त्रणमा सफल हुन्छ। यस कथनलाई अझ परिपुष्ट पार्छन् यी दुइ फाकीले—

न जातु कामः कामानामुपभोगेन शाम्यति
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते।

'एक' अध्यात्म हो, सत्य ज्ञान हो। एक अगाडिका सबै शून्य अज्ञानका चिन्ह हुन्। त्यस्तै एक पछाडिका सबै शून्य विज्ञानका। यसर्थ एकलाई शून्यका ताँतीले महिमा दिन खोज्दा यो जिन्दगी कि त अज्ञानका खाडलतिर भासिदै जान्छ कि त तृष्णासागरका भूमरीमा डुब्छ हराउँछ।

यही कुरा समजी यसरी व्यक्त गर्नु हुन्छ आफ्नो 'प्रल्हाद' नाटकमा—

सत्य हो एक अध्यात्म-उसको ज्ञान एक हो,
अगाडि एकको शून्य-अज्ञान र असत्य हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिर्सना शायद मानवमात्रको एक महारोग हो। यही महारोगले पीड़ित छ आजको वैज्ञानिक जगत्। मानिसले यौवनमै रोगाउनु परेको छ यहाँ। मानिसले यौवनमै मृत्यु-गुहानु परेको छ यहाँ। यहाँ मानिसले आनन्द पूर्वक बाच्न होइन मर्न पनि पाएको छैन। यो सबैको परिणाम हो भौतिकवादको उच्छृङ्खल हिंडाई। यस उच्छृङ्खलताको शायद एउटै मात्र औषधि हो अध्यात्मवाद। अध्यात्मवाद रामवाण हो आजको रोगाएको मानवताको निमित्त।

गतिशील युगको परवश्यकता छ आजको युगलाई। युग नै गतिशील नभए प्रगति नै कसरी हुन सक्छ र? प्रत्येक युग-लाई गति दिन्छ भौतिकताले। प्रत्येक युग-लाई मति दिन्छ अध्यात्मले। भौतिक उन्नतिले जब प्रगतिको ढोका उघार्छ अनि युग द्रुत-गतिमा वहन थाल्दछ— तर यो द्रुततर वहाईमा प्रायशः दुष्परिणामको शंका हुन्छ। यसैले भौतिक उन्नतिमा स्वस्थता ल्याउन आध्यात्मिक मतिको परमावश्यक छ। भौतिक उन्नति तब संम उन्नतिशील कहलाउन सक्तैन जबसंम यसले आध्यात्मिक प्रयोग अपनाउँदैन।

अध्यात्मपक्ष विश्वासमा भर पर्छ। ईश्वर जहाँ पनि छ। प्रल्हादलाई विश्वास छ। शायद विश्वास नै ईश्वर थियो। जसले हिरण्यकशिपु-लाई पनि त हराइदियो। हिरण्यकशिपुको इच्छा थियो, सुनै सुनको शय्यामा सुत्ने। उसको नामको अर्थ पनि त यही हो। त्यो वैभव र विश्वविजयी महत्त्वाकाङ्क्षाले पागल भएको हिरण्यकशिपु पुरानो युगको हिटलर हो। 'प्रल्हाद' नाटकका समजी जब मानवताको मूलबाटो खोज्दै जान्छन्—हिरण्यकशिपुको नास्तिकवादले हार खान्छ, प्रल्हादको आस्तिकवादले विजय पाउँछ। समजी भन्न चाहन्छन्-मानवताको मूलबाटो केवल प्रल्हादको आध्यात्मिक चरित्र नै हुन सक्छ।

यही विश्वासकै भरमा गौतमले पनि यही संसारको एउटा रुखमनि जीवनको सार-तत्त्व, बुद्धत्व प्राप्त गर्न सकेका थिए। जसले मानिसभित्रकै मानवतालाई बिम्झाइदिएर दानव हुनबाट जोगाइरेछन् मानिसलाई। त्यसैले आजको विश्व सबभन्दा बढी प्रेम गर्छ, भगवान् बुद्ध-लाई। बुद्ध प्रतिको प्रगाढ प्रेम, आजका मान-वको सत्य र अहिंसाप्रतिको प्रगाढ प्रेम हो। साच्चै नै भगवान् बुद्ध अध्यात्म शृङ्खलाका एक महत्तम ज्योतिस्तम्भ थिए। तृष्णा, मोह, असंयम आदि वृत्तिद्वारा रोगाएको रावणले रामायणको अरण्य काण्डलाई मात्र अँधेरो बनाएको छैन—सुन्दरकाण्डलाई पनि असुन्दर बनाउन पुगेको छ। रावणको पराजय र रामको विजयको माध्यमबाट महर्षि वाल्मी-किले आफ्नो आदिम महाकाव्य रामा-यणमा मुग्ध कण्ठले गाइ रहेका छन् आध्या-त्मिक गीतहरू, सुनै सुनको लंकामा सुनै सुनका सपनाहरू, विश्वविजयी महत्त्वाकाङ्क्षाहरू, विश्व सौन्दर्यको उत्कट अभिलाषा र भौतिक रहस्यहरू-लाई दास बनाउने भावनाहरूले भरिएको रावण वाल्मीकिका महर्षि-हृदयले देखेको भौतिकताको दशमुखी अवतार हो। यता श्रीरामको भक्ति, प्रेम र त्याग संम्झदा आज पनि त्यै राम-राज्यको लोभले तानीरेछ हामीलाई। यसरी रामायणको भौतिक पक्ष इन्द्रजीतको इन्द्रपाश जस्तै अप्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अनित्य छ, आध्यात्मिक पक्ष अशोक वाटिकाकी सीता जस्तै पवित्र र प्रिय छ।

मानवताका सशक्त उदाहरण हुन् गान्धी महात्मा। उनी आफूलाई जत्तिकै, शायद् आफूलाईभन्दा पनि बढी माया गर्थे सबैलाई। गान्धीजी भन्थे—'मानवताकै सेवाद्वारा म ईश्वरको साक्षात्कार गर्ने पक्षमा छु। अहिंसाको राज-मार्गबाट उनी कहिल्यै विचलित भएनन। उनका मुटुको कलकलाउदो मानवता सयपत्री झैं नै ढकमक्क भएर फुल्न सक्यो, संसारलाई नै मधुर राग र परागहरू दिंदै। शायद् हिट्लर गान्धीजीकै प्रतिवादी थिए। यसैले त उनलाई आज अशान्तिको अमिलो उदाहरण बनेर बाच्नु परेको छ संसारमा।

आत्म ज्ञान विनाको जिन्दगी नहुनु बराबर हुन्छ। चिन्तनको शीतल छाहरी मनि नै आत्म-ज्ञानको उद्घाटन हुन्छ। महाकवि देवकोटा भन्छन्—'उद्यानमा बस गई सब तत्त्व खुल्छन्'। वास्तवमा यही चिन्तनको छाहरी मनि आएर आध्यात्मिक पक्षलाई अपनाईसके पछि मात्र प्रत्येक युगका अग्रेणीहरूले अर्घ्याउन सकेका छन् जीवनलाई। उदाहरणमा हामी महाभारतका युधिष्ठिर, रामायणका रामचन्द्र र आधुनिक युगका गान्धी, टल्स्टाय र रवीन्द्रनाथ ठाकुरलाई लिन सक्छौं। जीवनसँग गति हिंडे झैं अध्यात्म भावनासँग अनिवार्य हिडने गर्छ मानवता। जसमा मानव सुलभ भावना नै छैन, त्योत शायद् मानव नै होइन। संयमीहरूको निमित्त एउटा महानदी हो अध्यात्मवाद। आत्मवाद र मानववाद त्यै नदीका दुइटा किनारा हुन्। यही नदीका कञ्चन मुटुबाट मात्र वहन सक्नुपरेको छ आजको संसारले।

अट्ठार पुराण र महाभारतको माध्यमबाट व्यास जीवनको राज-मार्ग खोजीरहेका छन्। युद्ध, महायुद्ध जाल प्रपञ्च वैभव विलास देखि धेरै पल्तिर पुगेपछिमात्र व्यासको महत्तम कृति महाभारतले विश्राम लिन्छ। कौरवको पराजय र पाण्डवहरूको विजयको माध्यमबाट महर्षि व्यास प्रत्येक आउदा युगलाई बताउन चाहन्छन्—जीवनको अन्तिम सत्य अध्यात्म हो, भौतिकता होइन। कुरुक्षेत्र संम पुगेर पनि भौतिकताले आफ्ना विजयका दिनहरू देख्न सक्दैन महासमरको भोलिपल्टको विहानीपख केवल युधिष्ठिरकै आध्यात्मिक कर्मको शेष रहन्छ।

आगो र पानीलाई क्रमशः भौतिक र आध्यात्मिक रूपमा लिन सकिन्छ। हामीलाई आगोको त्यत्तिकै आवश्यकता छ जति पानीको। तर चुल्होमा बलिरहेको आगो कहिले काहीं उछिट्टिएर छानामा पनि बल्न पुग्दछ। यस्तो प्रायः प्रयोगकर्ताकै भूलबाट हुन्छ। यस्तो आपत्तिमा हामीलाई काम दिन्छ केवल पानीले। यसैले होला यी चञ्चल आँखामा आगो नराखेर पानी राखेको ईश्वरले पनि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जल्न लागेको जीवनको निमित्त जसलाई पनि आफ्नै नयनजलको आवश्यकता छ। सत्यतः आगो र पानीको उपयुक्त प्रयोग मानवता हो। समजीको 'आगो र पानी' को अर्थ पनि यही हो। समजी भन्न चाहनु हुन्छ-अध्यात्म विनाको मानवता आगै आगाको खली मात्र हुन्छ।

सृष्टिदेखि मान्छे जीवनको बाटो कुन हो भन्ने कुरा सोच्दै आइरहेको छ। मानवसभ्यता भन्नु यही विचारविमर्शको इतिहास हो। ब्रह्माण्डको रचना र जीवनका सीमाहरूलाई अगिल्तिर राखेर सोच्दा प्रत्येक महात्मा अध्यात्मतिर उन्मुख भएको छ। यी तृष्णा, अनन्त अभिलाषा, असीम कलह, आपसी स्वार्थ र अन्तर्द्वन्द पनि जब मृत्युमै टुङ्गिन्छन् भने, पवित्र, निर्विकार, निःस्वार्थ जीवन किन नलिनु ? यही अध्यात्म हो, अध्यात्म यसै भन्छ।

कुहिपको १९ सौं शताब्दीलाई वर्ड-स्वर्थले यही संजीवनी दिए। बीसौं शताब्दीमा भुंग्रिएको मानवतालाई जीवनको मूल-बाटो बताइदिन खोज्दा अत्याधुनिक अंग्रेजी साहित्यका महान् कवि टी. यस्. इलियट्ले उपनिषद्को द. द. द. मा फर्कनु पर्‍यो। जसको अर्थ हो—

द—दत्त=देओ

द—दाम्यत=आफ्ना इन्द्रियहरूलाई दमन गर।

द—दयध्वम्=दया गर।

यही नै अध्यात्म हो। युग युगका अग्रणी प्रतिभाहरू जब जब मानवताको निरापद राज-मार्ग पहिल्याउन खोज्छन् उनीहरू अध्यात्म-वाटिकातिरै फर्केका छन्। वास्तवमा यही आध्यात्मिक छाहारीमा नै मानवता युगानुयुग-सम्म विश्राम लिन सक्छ। विश्वका महान् आत्माहरूले कल्पेको विश्वशान्तिको परिकल्पनालाई केवल यही अध्यात्मले साकार रूप दिन सक्छ।

"विश्वं जीवं चरसे बोधयन्ती" ऋग्वेद।
अध्यात्म-भावनाले उषाले झैं सबैलाई चैतन्य दिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्त र अव्यक्त

कविराज नरेन्द्र नाथ

दुइटै तत्त्व छन् जम्मा व्यक्त अव्यक्त रूपमा
विशाल भव हो व्यक्त अव्यक्त छैन दृश्यमा
व्यक्तको परिमार्जनमा अव्यक्त—तत्त्व खुल्दछ
अव्यक्तकै प्रेरणामा व्यक्तमा सृष्टि फुर्दछ

दृश्य सारा जति जान व्यक्तको रूप हो भनी
जन्मको जडनै यै हो रहेको वासना वनी
चाहे ती वासना मनका शुभ हुन वा अशुभ हुन्
दुवै छन बद्ध रूपमा ती मेटिंदैनन् कसै गरी

गरे पुण्य स्वर्ग—लोकको मिलने छ क्षणिक सुख
अर्को छ बद्धको रूपमा यमलोक कहाँछ
आखिर छन् भोगका रूपमा स्थायी व्हैनन् कुनै पनि
समाप्ति नभए यिन्को भेटिंदैनन् पशुपति

जाग्रत् स्वप्न सुषुप्तिको अवस्था विच खेल्दछ
त्यसैको नाम हो व्यक्त त्यो सदा बद्धरूप छ
अव्यक्त तत्त्व हो धर्म यो सदा मुक्त रूप छ
छैन चिन्ता रति यस्मा तत्त्वको बोध रूप छ

यसैको नाम हो धर्म अन्य सव पर धर्म हुन्
परले पार गर्दैन पार गर्छ स्वधर्मले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्म भावना मानवताको मूल आधार

लेखकः- श्री मधुसूदन शर्मा

'गुह्यं ब्रह्म तदिदं वो ब्रवीमि
न मानुषाच्छ्रेष्ठतरं हि किंचित्"

(हंसगीता; शान्तिपर्व २९९ अध्याय)

मनुष्य श्रेष्ठहो। मनुष्यका ज्ञानेन्द्रिय र कर्मेन्द्रिय श्रेष्ठ होइनन्, उसको वाह्यरूप शक्ति श्रेष्ठ होइन। श्रेष्ठ त हो उसमा निहित आध्यात्मको त्यो भावना जसले उ शान्ति, अहिंसा र सत्यको आचरण गर्छ, श्रेष्ठ त हो उसको आत्माको प्रोज्वलित सेवामय त्यो ज्योति जसले उ जनकल्याणको विकासतिर अग्रसर हुन्छ, सत्कार्य गर्न प्रेरित हुन्छ। मनुष्यको त्यो मानवता नै श्रेष्ठ हो। दधीचि श्रेष्ठ थिए तर श्रेष्ठतर थियो तिनको मानवताको मज्जाले प्रशोधित त्यो हाड़, जो अरुको हितको निम्ति उत्सर्गित भयो। गौतमबुद्ध श्रेष्ठ थिए। तर श्रेष्ठतर थिए हाँसलाई तीरलागेको वेलामा बचाउन अगि सरेका तिनका दयाका ती हात, सेवामा ब्राम्हणत्व (श्रेष्ठत्व) हेर्ने दर्शन(१)। त्यसै निम्ति महान् भए महावीर पनि

नोटः—

(१) निधाय दण्डभूतेषु; तसेषु थावरेषु च।
यो न हन्ति न घातेति, तमहं ब्रूमि बाम्हणं॥ — बुद्ध
(चर अचर कुनै प्राणीलाई जो दण्ड दिदैन, न कसैलाई मारने प्रेरणा दिन्छ त्यसैलाई म ब्राम्हण भन्छु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) दशरथका छोरा महान् थिए तर महत्तर थियो तिनमा निहित मानवताको त्यो पुञ्ज, मर्यादा र सेवाको त्यो अपरिमेय राममय भावना जसले धर्मलाई प्रस्थापित गर्दै अधर्मको विध्वंस गर्न अगिसरे। मोहम्मद महान् थिए तर महत्तर थियो एउटा मनुष्यको उत्थानमा पनि समाजको उत्थानलाई हेर्ने महान् दर्शन (३)। आध्यात्मको ज्ञानबाट निःसृत अहिंसा र त्यागगमय ती शब्द(४) जस्ले अत्याचार र व्यभिचारमा लम्केकालाई नव-जीवन प्रदान गर्‍यो। क्राइष्ट महान थिए तर महानतर थियो तिनको त्यो सेवा (५) जस्ले असंख्य मानिसको पाप (दुःख) स्वयंको त्यागले रक्षित गर्‍यो ?... गाँधी महान थिए यसै निम्ति कि यो विराट् मानवजातिलाई एउटै आत्मा भंठानी मानवको विकास र सेवा कार्यमा जहिले पनि संलग्न हुन्थे, जस्को प्रातः कालीन प्रार्थनामा नै मानव कल्याणको

नोटः—

(२) तत्थिमं पढमं ठाणां, महावीरेण देसियं।
अहिंसा निउणा दिट्ठा सव्व भूएसु संजमो ॥ – महावीर
(महावीरले १८ धर्म स्थानमा सबैभन्दा पहिलो स्थान अहिंसाको भन्नु भएको छ सबै जीवसंग संयमपूर्ण व्यवहार गर्नु अहिंसा हो, त्यही नै सबै सुखलाई प्रदान गर्ने भनिएको छ।) किन भने—
सव्वे जीवा वि इच्छंति, जीविउं न मरिज्जिउं।
तम्हा पाणिवहं घोरं, निगंथा वज्जयंति एं ॥ महावीर
(सबै जीव बाँच्न खोज्दछन्, मर्न कोही पनि चाहँदैन, यसै निम्ति निर्ग्रन्थ (जैन मुनि) प्राणिवधको सर्वथा परित्याग गर्दछन्।)

(३)
कुरान – ५. ३५ " (व मैन अह्याहा, फकअन्नमा अह्यडन्नास जमीअनः)"
"जसले एउटा मनुष्यलाई पनि जीवन प्रदान गर्‍यो माने, त्यसले समस्त मानव जातिलाई जीवन प्रदान गर्‍यो।"

(४) "लय्यनालल्लाह लोहमोहा बला देमानुहा त
लाकिय्यना लोहुत्त कवा मितुकुम" कुरान २२.६
(कुरवानी (बलिदान) को जनावरको रगत या मासु ईश्वरसम्म पुग्दैन ईश्वरलाई तिम्रो हृदयको त्याग पुग्छ; भनाई यो—तिमी खराब (हिंसक) कार्यदेखि अलग होउ त्यसलाई त्याग)।

(५) " Heal the sick, Cleanse the Lepers, Raise the Dead, Cast out Devils, Freely ye have received, Freely Give"
(बिरामीलाई निकोपार, कोढिहरूको सफाईगर, मुर्दालाई उठाउ, दुष्टलाई निकाल मुक्त हातले तिमीले पाएका छौ। मुक्त हातले देउ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्गार प्रतिध्वनितहुन्थ्यो (६)। जहाँ जहाँ मानवको, महापुरुषको महत्ताको कुरो आउँछ र हामी तिनीहरूको महत्तर हुने प्रक्रियातिर एउटा विहगम दृष्टिले हेर्छौं त हामीलाई भन्नै पर्छ – मानवको महत्ता त्यसको त्यो गुणमाछ जसले ऊ अरुको सेवागर्न अग्रसर हुन्छ, त्यसको त्यो निर्माणमा छ जसले ऊ अरुको हितको कार्यसम्पादन गर्छ। मानवताका—अविरल पुञ्ज सेवाको अपरिमेय श्रोतनै मनुष्यको महान गुण हो। जब प्राणिमा मानवताको (आध्यात्म; सेवाको) अजस्रस्रोत प्रस्फुरित हुन्छ तबमात्र त्यो "इन्सान" हुन्छ "आर्य" हुन्छ (७)। हिरोशिमामा बम खसाल्नेलाई थोरै मानिसले जान्दा होलान् तर रणभूमिमा असह्य वेदनाले पीडित मानवको सेवा गरी उनलाई नवजीवन प्रदान गर्ने फ्लोरेंस नाइटिंगिललाई कसले जान्दैन?। प्रस्तरकालदेखि परमाणुकालसम्मको स्थितिलाई हेरौं, हामी मुक्तकण्ठले भन्न सक्छौं यो प्रगतिको क्रममा मानवतानै उद्वेलित छ र जब मानवताको ह्रास हुन्छ भय, अशान्ति, युद्ध, त्रासको प्रस्फुटन भई जीवनको नै ह्रास हुन्छ। यहाँ म चिनियाँ दार्शनिकले भनेको शब्दलाई दोहऱ्याउन चाहन्छु — "जब तिमी मानवताको आलोकले भरिइन्छौं त त्यसवेला तिमी ईश्वरको नजिकै हुन्छौं; जब तिमी ईश्वरको नजिकै हुन्छौ त त्यसको अर्थ हुन्छ तिमी परसेवामा संलग्न छौ।" मानवता सर्वशक्तिमान्द्वारा मानवलाई प्रदत्त त्यो पुरस्कार हो जसद्वारा मानव ईश्वरको निकटवर्ती अनुभूति प्राप्तगर्न सक्छ। मानवता त्यो दैवी संपदा हो जसको प्रस्फुटनमा दर्शन र धर्मका गूढतमरहस्य (ज्ञान) स्वतः छर्लङ्ग हुन्छन्। बाँच र बाँचनदेउ। यदि धर्मको मूल हो त यही नै मानवता हो। मानवता त्यो अद्वितीय गुण हो जसद्वारा मनुष्य (धर्म, दर्शन) परस्पर (एक अर्का) मा, आबद्ध हुन्छन्। मानवतानै एकमात्र त्यो सम्बलहो जसद्वारा आसुरी सम्पदामा सजिलै-

---

(६) न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्।
कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम्॥

(७) अरबीको इन्सानशब्द उन्सबाट निस्केको हो जसको अर्थ हुन्छ प्रेम, या दया। इनसान (मनुष्य) त्यो हो जो सबै सँग प्रेम र दया गरोस्। संस्कृतको आर्यशब्द ऋधातुबाट निस्केको हो जसको अर्थ हुन्छ "जानु"। विद्वान्द्वारा "आर्य" को अर्थ यसरी गरिएको छ।
"निवारणार्थम् अर्तानाम आर्तुम् योग्यो भवेत् तु यः। अर्यते सततआर्तैः स आर्य इति कथ्यते"
(आर्य त्यो मानिसलाई भन्नु जो दुःखीको दुःख पर गर्नसकोस् र जसकहाँ दुःखीहरू आफ्नो दुःख पर गर्न आउन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संग विजय प्राप्त गर्न सकिन्छ । धर्मको परिप्रेक्षमा मानवताको व्याख्या गर्नु पर्‍यो भने "भक्तियोगको व्यावहारिक रूपलाई नै मानवता भन्न सकिन्छ र मानवताको समादरनै परमधर्म भनिन्छ" (क) ।

जब मानवताको विकासगर्ने स्रोतलाई पहिल्याउन खोज्छौं त हामी हेर्छौं मानवजीवनको आदर्श, उस्को उन्नतविचारलाई आध्यात्मिक भावनालेनै प्रोत्साहित गर्छ । जब हामी अध्यात्मको गूढतम रहस्यलाई निरूपणगर्न खोज्छौं । रिलिजन; धर्म ※ को व्याख्या खोज्छौं, त्यसको उत्पत्ति र विकासको सिद्धान्तलाई हेर्छौं त हामीलाई भन्नै पर्छ यी सब मानवकल्याणको निमित्त हुन् । समाजशास्त्रीय दृष्टिकोणले जब हामी अध्यातमको मूलमा हेर्छौं (यदि त्यो डरको रूपमा अंगीकार नगरिएको होस्; जब कि थुप्रै सम्प्रदायमा पापको डर देखाई धर्मलाई अंगीकार गराइन्छ) त हामीलाई थाहा हुन्छ स्वस्थ सामाजिक संरचनाको आधारशिलानै अध्यात्मभावना हो जस्मा ऊ स्वहितको साथै परहितमा संलग्न हुन्छ ।

आजको परमाणविक युगमा जब मानिस एकातिर प्रगति (भौतिक) को क्षेत्रमा क्रमशः लम्कँदै छ त अर्को तिर त्यो भयत्रस्त र मानसिक अशान्तिले पीडित छ । अमेरिका जस्तो विकसित राष्ट्रमा त त्यहाँको प्रमुख समस्या नै मानसिकउत्पीड़नबाट बचावट गर्नु हो । यसप्रकारको मानसिक अशान्ति जुनकि भौतिकसम्पन्नताबाट उत्पन्न भै रहेंछ, बाट जोगिन ती भौतिकपदार्थको त्यागगरी "आध्यात्मिक" पथतिर लम्कनुमानै छ । यहाँ म केही अंशमा हिप्पीहरूको पनि चर्चा गर्न उचित ठान्दछु जो भौतिकदृष्टिकोणले समर्थ भएर पनि हिजोआज आत्मिक शान्ति तिर रुमल्लिई रहेका छन् । यो कुरो भिन्नै हो कि तिनीहरूलाई त्यो शान्ति कहाँ र कुन सिद्धान्तको अंगीकारगर्नमा पाइन्छ । आज विश्वलाई भौतिक उन्नति (जस्मा उस्ले मानवकल्याण देखेकोथियो) मा पनि शान्ति चाहिएकोछ । भियतनाममा युद्ध होइन त्यसको समाधानको बाटो चाहिएकोछ । अपराधीलाई हैन अपराधलाईनै दमनगर्ने क्षमता चाहिएकोछ । विश्वशान्तिको बाटो चाहिएकोछ र यी सब तब-मात्र संभव छन् जब मनुष्यमा आध्यात्मिकभावनाको प्रस्फुटन गराइन्छ—

(क) आनृशंस्यं परो धर्मः (५/३७/२६) वाल्मीकि रामायण)

नोट:— ※ अंग्रेजी शब्द रिलिजन Religion दुई ल्याटिन शब्द "रि" र लिजारेबाट बनेको हो । जस्को अर्थ हुन्छ "फेरिदेखि बाँध्नु" र धर्म शब्द-जुन "धृ" धातुबाट निस्केको हो-को पनि अर्थ हुन्छ "बाँधीराख्नु" "सम्हालीराख्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय नाचघरमा आयोजित समितिको द्वितीय वार्षिकोत्सवमा विशिष्ट श्रोताहरूको उत्साहवर्धक उपस्थितिले सनातन धर्मको गरिमालाई घोषित गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सर्वस्तरतु दुर्गाणि सर्वो भद्राणि पश्यतु
सर्वः सद्बुद्धिमाप्नोतु सर्वः सर्वत्र नन्दतु" (६)

जसद्वारा ती मानवताको विकासतिर लम्किन्छन् ।

प्रत्येक मनुष्यमा निहित दैवीगुण-लाई, उसमा अन्तर्निहित शक्तिलाई बौद्धिक-चातुर्यले हैन आध्यात्मिकभावनालेनै विकास गर्न सक्छ । जुन शक्तिद्वारा ऊ धर्मतिर उन्मुख हुन्छ । विश्वमा जति पनि धर्म प्रादुर्भूत भए, जति पनि दर्शनको आविर्भाव भयो, तिनीहरूको एउटै लक्ष्यथियो समस्त मानवसमाजलाई एउटै मानवताको सूत्रमा आबद्धगर्ने, वसुधैव कुटुम्बकम्‌को नारादिई, स्वस्थ (शारीरिक, मानसिक) सामाजिक संरचनाको निर्माण गर्ने र यसैको निमित्त आफ्नो देश, काल, भौगोलिक सांस्कृतिक अवस्थानुरूप धर्मको व्याख्या गरियो। वर्णव्यवस्था आश्रमव्यवस्था र अनेकौं किसिमका सेक्रामेण्टस् उद्भूत भए तिनीहरूको परम्परा र रीति—रिवाज बेग्ला-बेग्लै त्यही हावापानी अनुरूप भयो । र आध्यात्मिक जागरण त्यही देश र काल अनुरूप भयो । म यहाँ यो कुरोमा जोडदिन चाहन्छु, आध्यात्मिकभावना भन्नाले, कुनै जाति, धर्म, देश, काल मान्यतामा सीमित भावनालाई होइन, त्यो गुणलाई भन्न सकिन्छ जसद्वारा मनुष्य जातिधर्म—देशकालभन्दा

नोटः— (६) Lord, make me an instrument of Thy peace, where There is hate, that I may Bring love; where There is offence, that I may bring pardon, where there is discord, that I may bring union where there is error, that I may bring truth, where there is doubt, that I May bring faith, where there is dispair, that I may bring hope, where there is darkness, that I may bring light, where There is sadness that I may bring Joy.

--Saint Francis

(हे प्रभु, मलाई आफ्नो शान्तिको एउटा यंत्र बना, जहाँ घृणा छ म त्यहाँ प्रेम ल्याउनसकुँ, जहाँ आक्रमण छ त्यहाँ क्षमा, जहाँ मतभेदछ त्यहाँ मेलमिलाप, जहाँ गल्ति छ त्यहाँ सत्यता, जहाँ संदेहछ त्यहाँ बिश्वास. जहाँ निराशा छ त्यहाँ आशा, जहाँ अंधकारछ त्यहाँ प्रकाश र जहाँ दिक्दारी छ त्यहाँ उत्फुल्लता ल्याउन सकुँ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि उठ्छ । सबै प्राणिलाई आफूमैं सम्फिन्छ । यस्तो भावनालाई प्रोज्वलित गराउन वेद, रामायण, महाभारत, गीता, वाइविल, कुरान, त्रिपिटक इत्यादि सद्वाक्यका समुच्चयहरू उत्पन्नभए । यी सबैको बाटो भित्र भित्र भएरनै आसुरी संपदाले, प्रेयःले, तामसी गुणले, मनुष्य–भित्रको शैतानले त्यसमा विरोधदेख्यो । आफ्नो सम्प्रदायको प्रचारप्रसारतिर लागेर कैयौं रगतको खोलो बग्यो । यी सब अत्याचार दुष्टले विवादको निमित्त अध्ययन गरेको विद्याझैं आसुरीसम्पदाको स्वयंको विनाशको निमित्त उत्पन्न भयो । स्वधर्म-बाट ईश्वरको उपासनागरी लक्ष्यमा पुग्ने सट्टा [१०] मानवलाई (आदम र इवालाई सर्परूपी दुष्टले छुट्याए झैं; (यो वाइविलको कथा हो) सर्परूपी दुष्टहरूले अरुको धर्मलाई जो देशकाल र परिस्थितिको जबकि "देशकाल-निमित्तानाम् भेदैः धर्मो विभिद्यते ", अनुरूप थिएन अंगीकार गराउन लाए जो आध्यात्मिक-भावना र मानवताको विरुद्ध थियो । सामाजिक-संरचनाको यो आध्यात्मिक संदर्भमा दोस्रो प्रकारका मनुष्य ती भए जो धर्मको पुरातन-विचारलाई नै सत्यमानेर बुढीरूढीमा रहेर त्यो विचार नमान्नेलाई विरोधी ठाने, जब कि तिनीहरूको धर्मको त्यो पक्षविशेषमा परि-वर्तन आउनु अवश्यम्भावी थियो (यहाँ म इसलाम धर्मको एउटा उदाहरण दिन चाहन्छु जुन धर्ममा मनुष्यलाई ४ विवाहसम्म गर्ने छूट दिइयो । यो छूट त्यो बेलामा दिइएको थियो जब कि मनुष्य विषयवासनामा बाँधि-एर ३०, ४० वटा विवाह गर्थे र नारीको त्यहाँ केही मर्यादा थिएन । त्यस वेलामा चार विवाहगरी नारीको कदरगर्नु राम्रो थियो । तर आज त्यही धर्मलाई अंगीकार गर्नेले धर्मको यो गहन–रहस्यलाई नबुझी ४ विवाह गर्छ भने त्यो हिजोआजको सामाजिक-संरचनाको विरोधमा हुनेछ) र यस्तै

नोट—(१०) " येऽप्यन्यदेवताभक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥
ये यथा माम् प्रपद्यन्ते ताँस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्त्तन्ते मनुष्याः पार्थ सर्वशः ॥-गीता "
" इन्न हाजि ही उम्मतुकुम् उम्मतँव्वाहिदत व्यँ
अना रब्बुकुम् फअबुद् नि०
बतकतअ्ऽअमरहुम वैनहुम; कुल्लुन् इलैना राजीऊन् ।२१ ६३-कुरान ।
(तिमी सबै मानिस एउटै " कौम " को हौ र एउटै ईश्वर तिम्रो पालनपोषणगर्छ । मानिस अलग अलग भई आफ्नो "बाडा" बनाएका छन् तर जानुछ सबैलाई एउटै प्रभुमहाँ) "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँमा मानवता थिचिई आध्यात्मिक-विरोध-हुन्छ ।

म यहाँ कुनै विशेषधर्मको बारेमा जोड दिन चाहन्न र अध्यात्मभावना र मानवताको विकास गर्ने कुनै पद्धतिविशेषलाई औंल्याउन चाहन्न तर जब म सबै धर्मको मूलतिर निष्पक्ष भएर हेर्छु त मलाई लाग्छ तिनीहरूको उद्देश्य नै मानवताको विकास-गर्नु हो । मानवोचित मर्यादालाई प्रतिष्ठित गर्नु हो ।

" मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षामहे"

भन्ने भावनालाई जागृत गर्नु हो । आज वर्गसमन्वय र वर्गसंघर्षको आधारमा अनेकौं तन्त्र र शासनव्यवस्थाको परिप्रेक्ष्यमा कुनै पनि राष्ट्रले कुनै समाधान पहिल्याउन सकेको छैन । मानवताभन्दा बौद्धिक-चातुर्यलाई बढाउने विज्ञानको अगाडि मानव-संहारको ताण्डव नृत्य नाचीरहेका छन् । गृह-युद्धको आशंका, तृतीय महायुद्धको त्रास सबैमा व्याप्तछ । यसको एउटै कारण हो मनुष्यमा मानवताको भावनाको ह्रास हुँदै जानु । मनुष्यको यही भावनालाई विकसित गर्न पुनः एउटा समायोजित तरिका चाहिएको छ, जस्मा मानवलाई अध्यात्मतिर प्रेरित गराइयोस्, जस्ले ऊ मानवतातिर उत्प्रेरित भई अनेकौं विध्वंसकारी काम गन संकोच मानोस्, युद्धमा मानवको संहार गरेको होइन सिद्धान्तको आड़मा मनुष्यताको संहार गरेको बोध होस् । उस्मा भेद-भाव विलीन हुदै जाओस्(११) । मानवकल्याणमा ऊ सर्वथा चिन्तित होस् । यो कुरा कुनै यस्तो वैज्ञानिक औषधिले संभव छैन (१२)। विज्ञानको लक्ष्य मानवको हितमा संलग्न-भएतापनि उस्को दृष्टिकोण (अहिले सम्म) भिन्न हुनाले ऊ

नोटः— (११; तफरका दर नफ्से हैवानी बुवद
रुहे वाहिद रुहे इनसानी बुवद ॥— सूफी कवि ।

(भेदभाव पशुमा पशुमैं बुद्धि भएको हरूमा हुन्छ, मानव त त्यो हो जो सबै आत्माको एकतालाई बुझ्दछ) ।

नोटः— (१२) यस सन्दर्भमा १० नवम्बर १९५४ मा ख्रुश्चेवले भन्नु भएको भाषणको एक अंश यहाँ विशेष उल्लेख्य छ— " आधुनिक वैज्ञानिक-आविष्कार, धार्मिकसिद्धान्तको विश्वसनीय रूपले विरोध गर्छन् "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवताको विकास कहिल्यै गर्न सक्दैन । आज मानवजातिलाई यस्तो औषधि चाहिएको छ जो मनुष्यको दैवीसम्पदाको विकास–गर्दै, दया, प्रेम र सेवाको पाठ पढाओस् । यो संभव छ आध्यात्मिकभावनाको विकास–मात्रले । समस्त सांसारिकप्रक्रियालाई एक–सूत्रमा आबद्धगर्नें आध्यात्मिक– सत्यलाई हृदयङ्गम गरेर नै मानिस पूर्णतालाई प्राप्त-गर्न सक्छ । (१३) सेवालाई जीवनको (धर्मको) लक्ष्य मानेर मात्र (१४) मानवताको वेदीमा ईश्वरसंग साक्षात्कार गर्न सक्छ । एउटा स्वस्थ समाज (राष्ट्र) को सृजन गर्न आज बौद्धिक कार्यकुशलता द्वारा हैन, मानसिक उत्पीडनमय र सन्त्रासले पीडित यस धरामा, आध्यात्मिक भावनाको मानवता-वादी व्याख्याले मात्र सम्भव हुन आउँछ— आजको स्पुतनिक-युगमा मनुष्यको उत्थानका लागि उस्को हृदयको भौतिक परिवर्तन हैन (जस्ले कि उ धेरै बाँचोस् किन्तु यस्तो आमूलपरिवर्तनलाई अँगाल्ने पद्धतिको विकास गर्नु परेको छ जस्ले

(१३) आफ्नो " Fellowship of the spirit " नामक पुस्तकमा डा० राधाकृष्णन् भन्नु हुन्छ—

" आध्यात्मिकसत्यलाई स्थिर नगरिकन मानवसृष्टिको प्रक्रिया र यसको विकासक्रमको आधारभूत कारणलाई बुझ्न-सकिंदैन । यो यस्तो सत्य हो जो मानवभन्दा धेरै ठूलो छ र समस्त सांसारिकप्रक्रियालाई एक सूत्रमा बाँधेको छ)

(१४) R ligion is not a dogma, nor an Emotion, but a service.

—R. D. Hitchoch

All Relisions relate to life and the life of religion is to do good.

—Swedenborg.

Humility is the alter upon which God wishes us to offer him sacrifices.

—La Rochfeowalled.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौतिक उन्नतिको साथै नैतिक मर्यादालाई उठाउँदै शाश्वत सुख प्राप्तगरोस् (१५)। अरुको निम्ति बाँचोस्। यस प्रकारको सुख प्राचीनकाल देखिनै मनुष्यमात्रमा सद्भावना राख्ने मंत्रमा (१६), अरूको सेवा गर्ने मानवकर्तव्यमा सन्निहित छ। यस प्रकार आजको भयावह हुंदै गएको विश्वको समाधानको बाटोनै, सनातन समय देखी चलिआएको उच्चतर आध्यात्मिक भावना र मानवताको दर्शनलाई पुनः प्रतिष्ठापित गर्नु हो।

नोटः— (१५) "संसारमा जे पनि सुख छ, त्यसको आधार परोपकारको उत्कट इच्छा हो र जो पनि क्लेश र दुःख छ त्यसको उद्गम केवल निजी सुखको अभिलाषा हो।" —डा० राधाकृष्णन्

(१६) "यॉंश्च पश्यामि न तेषु मा सुमतिं कृधि"

अथर्व १७/१-७

(ईश्वर यस्तो कृपा गर्नुस् जसले मनुष्यमात्र प्रति, चाहे तिनिलाई म जान्दो हूँ, अथवा नजान्दो हूँ सद्भावना राख्न सकुँ।

"पुमान् पुमांसं परिपातु विश्वतः' —ऋक् ६।७५।१४

(एक अर्काको सर्वथा रक्षा र सहायता गर्नु मनुष्यको पहिलो कर्तव्य हो)।

'तत्कृण्मो ब्रह्म वो गृहे सञ्ज्ञानं पुरुषेभ्यः'

अथर्व ३।३०।४।

(आउ हामी सबैमिलेर यस्तो प्रार्थनागरौं जरले मनुष्यमा परस्पर सद्भावनाको विस्तार होस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही नीतिसूत्र

(कामन्दक–नीतिसारबाट)

—पूर्णप्रसाद ब्राह्मण

[१] दृढतापूर्वक सत्त्वगुणको अवलम्बन गर्दै, बुद्धिद्वारा नफसिहाल्ने उपाय पनि सोच्तै सदा जागरूक भएर उपदिष्ट सप्ताङ्गको हितको लागि राजाले यत्न गर्नु पर्छ।

[२] न्यायद्वारा धनको उपार्जन, त्यसको संरक्षण, सम्वर्धन र सत्पात्रमा त्यसको उपयोग यति चार कर्तव्य राजाका हुन्छन्।

[३] नीति र पराक्रमसम्पन्न राजाले उन्नतिको निमित्त ऐश्वर्यको चिन्ता पनि गर्नु पर्छ। विनय नीतिको मूल हो, विनय नै शास्त्रको निर्णय हो।—

[४] विनय नै इन्द्रियदमनको साधक हो विनयसंपन्न पुरुषले नै शास्त्रमा आफ्नो पहुंच राख्नसक्छ। शास्त्रनिष्ठ व्यक्तिको निमित्त नै शास्त्रार्थ खुल्नसक्छन्।

[५] शास्त्र, बुद्धि, धैर्य, कुशलता, प्रगल्भता, धारणाशक्ति, उत्साह, वाक्पटुता, दृढता, क्लेश—सहिष्णुता—

[६] प्रभाव, पवित्रता, मित्रता, त्याग, सत्यवचन, कृतज्ञता, शील, इन्द्रियदमन यी गुणहरू नै श्रीवृद्धिका कारण हुन्।

[७] राजाले पहिले आफूलाई विनयसंपन्न तुल्याएर अनि मन्त्री, भृत्य, पुत्र र प्रजावर्गलाई विनयसम्पन्न तुल्याउनु पर्छ।

[८] प्रजावर्गलाई सदा अनुरक्त पार्ने, प्रजापालनतत्पर, विनीत आत्मा भएको राजाले ठूलो ऐश्वर्य प्राप्त गर्न सक्छ।

[९] विषयरूप घना जंगलमा दौडिरहने, मनलाई एक ठाउँमा टिक्न वःन नदिने इन्द्रियरूप हात्तीलाई राजाले ज्ञानमय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंकुशद्वारा वश-गर्नु पर्छ ।

[१०] आत्माको यत्नवाट नै अर्थ र कामको विषयवाट अलग भएर मन निश्चल हुन्छ । आत्मा र मनको संयोगवाट नै कार्यमा प्रवृत्ति आउन सक्छ ।

[११] विषयरूप आमिषको लोभमा मनले इन्द्रियहरूलाई प्रेरित–गर्छ । यस कारण यत्नका साथ राजाले मनमाथि विजय-गर्नु पर्छ । मन जितेपछि इन्द्रिय जितिन्छ ।

[१२] अहिंसा, सत्यमधुर वाणी, सत्यनिष्ठा पवित्रता, दया, क्षमा, यी सबै वर्ण र आश्रमका सामान्य धर्म हुन् ।

[१३] उक्त धर्म वर्णाश्रम पालन–गर्नेहरूको निमित्त अनन्त कालसम्म स्वर्ग-दायक बन्छ । यस्तो धर्मपालन गरिएन भने यो लोक वर्णसङ्कर भएर नाशिन्छ ।

[१४] राजाले नीतिपूर्वक उक्त सामान्य धर्मको प्रवर्तक हुनुपर्छ । अन्यथा धर्मलोप हुन्छ । र धर्मको अभावमा जगत्नै नष्ट हुन्छ ।

[१५] स्वयं वर्णाश्रम—आचारयुक्त, वर्णाश्रम-हरूको तह बुझेको, र वर्णाश्रमहरूको संरक्षक राजा मनुष्यमात्रको अधीश्वर हो ।

[१६] कठोर दण्डवाट प्रजा विरक्त हुन्छन् । दण्ड हल्का भयोभने राजाकै अपमान हुन थाल्छ । यस कारण राजाले युक्तदण्ड (पात्रोचित दण्ड दिने) हुनुपर्छ ' ?

[१७] कानूनबमोजिम चल्ने, नीतितत्पर राजाको उचित दण्डव्यवस्था जनविरक्तिको कारण हुँदैन । प्रत्युत ऐश्वर्यकै कारण बन्छ ।

[१८] मनुष्यहरू आफ्नआफ्नो स्वार्थ लिएर हिंड्छन् । उनीहरूको मार्ग एउटै हुँदैन । राजदण्डको भय भएनभने उनीहरूमा परस्पर मात्स्यन्याय चल्न थाल्छ ।

[१९] काम र लोभले यो लोकलाई बलात् नरकमा डुबाइदिन्छन् । त्यसबाट उद्धार गर्न राजदण्डकै आवश्यकता पर्दछ ।

[२०] मानव मात्र स्वभावतः विषयवशीभूत हुन्छ । स्त्री र धनमा लुब्ध हुन्छ । शिष्टसेवित एवं प्रतिष्ठित सनातन मार्गमा राजदण्डकै भयले मात्र मनुष्य लाग्दछन् ।

[२१] कुलीन, पवित्र, शूर, शास्त्रसम्पन्न, पात्रोचित दण्डप्रयोक्ता मन्त्रीहरू राजाको हुनुपर्छ ।

[२२] आफ्नै देशको नागरिक, कुलशील बल-सम्पन्न, बोलक्कड, फूर्तिवाल, दूरदर्शी, उत्साही, र मौकामा नयाँ विचार दिन-सक्ने मन्त्रीहरू राजाको हुनुपर्छ ।

[२३] कर्तव्यस्मृति राख्नु, योग्यताको आधारमा अर्थार्जन गर्न तत्पर हुनु, लक्ष्यमा तर्कहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानपूर्ण निश्चय राख्नु, दृढता, मन्त्रगुप्ति, यी गुणहरू मन्त्रीमा हुनुपर्ने सम्पत्ति हुन् ।

[२४] सूर्योदयमा कमल फुले झैं राजाको जागरूकतामा राष्ट्र फुल्दछ । राजा निद्रित भएमा सारा राष्ट्र निद्रित हुन्छ ।

[२५] कुमार्ग लिन लागेमा तत्काल रोक्ने, डर नलिई ठीक सल्लाह दिने मित्रहरूनै राजाका सच्चा मित्र र गुरुका पनि गुरु हुन् ।

[२६] कुमार्गगामी हात्ती भयो भने जस्तो माहुतेको निन्दा हुन्छ . त्यस्तै मदोन्मत्त, अन्यायपरायण राजा भएभने मन्त्रीहरूको वदनाम हुन्छ ।

[२७] राजाले पनि त्यागी, प्रियवादी, ज्ञानव्यक्तित्वसंपन्न, मित्रमण्डलयुक्त, भविष्यदर्शी, अव्यभिचारी, कुलीन व्यक्तिहरूको साथ लिनुपर्छ ।

[२८] जसरी हरेक विषयप्राप्तिको निमित्त तत् तत् विषयमा इन्द्रियहरूलाई लगाइन्छ, त्यसरी नै राजाले जसको जुन काममा विशेषदक्षता छ, त्यसलाई त्यही काममा नियुक्तगर्नु पर्छ ।

[२९] नीतिवृत्ति सम्पन्न भएर (सेवकहरुले) गुणवान् राजाको नजीक पुगेर राजालाई साक्षात् कल्पवृक्षसमान ठानेर सेवा गर्नु पर्छ ।

[३०] जानेको विषय भए पनि राजाले नसोधीकन तुरुन्त जवाफ दिन हुँदैन । आफ्नो कुशलता र बुद्धिमत्ताको अभिमान देखाउन हुँदैन ।

[३१] विशेष ज्ञान भएको विषयमा पनि विस्तार विस्तार नम्र भएर कामबाटै आफ्नो विशिष्ट ज्ञान प्रमाणित गर्ने गरी राजासँग विन्ती गर्नुपर्छ ।

[३२] राजा विपत्तिग्रस्त हुन थाले भने, कुमार्गमा प्रवृत्त हुन थालेभने, कुनै गर्नैपर्ने काम बितिहाल्न थाल्यो भने राजभक्तले राजहितको विषयमा नसोधे पनि बिन्ती गर्नु पर्छ ।

[३३] राजाका गोप्य कार्य र मन्त्रहरूलाई प्रकाशित गरिदिनु हुँदैन । मनले पनि प्रजावत्सल राजाको द्वेष र अहित चिताउनु हुँदैन ।

[३४] राजसभामा खित्का छोड़ेर हाँस्न, खकार्न, कसैको घोर निन्दा गर्न, हाइ गर्न, आङ मर्काउन, औंला पट्काउन हुँदैन ।

[३५] राजाको भेष र बोलाईको नकल गर्न हुँदैन । आफूसँग जति गुण भए पनि सेखी गर्न हुँदैन ।

[३६] चतुरता, भद्रता, दृढता, क्षमा, क्लेशसहिष्णुता, सन्तोष शील, उत्साह यी गुणहरू राजाका अनुयायीहरूमा हुनुपर्छ ।

[२७] कत्रै कष्ट परोस् , तर आफ्नो जीवनलाई शुद्ध राख्नुपर्छ । यसबाट प्रशंसापात्र बनिन्छ । लोकदृष्टिबाट गिरिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूनेमा अन्वेषण

—ज्ञानकलाल शर्मा

२०२६ साल पौष २६ गते शनिवारका दिन डोल्पो जिल्लाको सदर मुकाम दूनेमा घाम चरक्क चर्केको हुँदा शरीरमा फुर्ती आयो। घरबाट निस्केर हामी सरस्वती मन्दिर तिर लाग्यौं। मन्दिर, पुजारीले खोली दिए। यसका पुजारी लक्ष्मी शरणकैपरिवार हुन्। यो मन्दिर साधारण किसिमको एकतले र यसको द्वार उत्तर पूर्व फर्केकोछ। पहिले बाहिरको दृश्य अवलोकन गर्‍यौं र त्यसपछि मन्दिरभित्र पस्यौं। दश-फुट चार इञ्च लम्बाई र त्यतिनै चौडाई भएको मन्दिरमा अनेक मूर्ति खचाखच राखि एका पाइन्छन प्रायः सबै मर्ति आधुनिक छन्।

यसमा सर्व प्रथम पाँचइञ्च चौडाई भएको ललितासनमा बसेको चतुर्भुजा सरस्वतीको मूर्ति राखिएको पाइन्छ। त्यसपछि यो भन्दा अलिक पुरानो तेह्र इञ्च उचाइ र साढे आठ इञ्च चौडाई भएको चतुर्भुज गणेशको शिला-मूर्ति देखिन्छ। यसैक्रममा एउटा आर्को धातुको आधुनिक सरस्वती मूर्ति आउछ जसको उचाई साढे पाँच इञ्च र चौडाई अढाइ इञ्च छ।

यो सरस्वती मन्दिर हो। तर यसमा केवल सरस्वतीका मूर्ति मात्र छैनन्। अन्य देवदेवीका पनि मूर्ति राखिएका छन्। यसमा गणेशको मूर्ति हुनु त्यति अमिल्दो देखिंदैन। कारण गणेश त विघ्नान्तकको रूपमा पनि रहन सक्तछन्। तर यहाँ गणेश मात्र छैनन।

हेर्दै जाँदा साढे पाँच इञ्च उचाई र साढे तीन इञ्च चौडाई भएको एउटा हरगौरीको प्रस्तर मूर्ति राखिएको देखिने छ र यो पनि अरु जस्तै आधुनिक छ। यसैको आडमा पाँच इञ्च उचाइ भएको उसै कालको चतुर्भुज विष्णुको प्रस्तर मूर्ति पनि छ।

यी त भए धातु र प्रस्तरका मूर्ति। धातु र प्रस्तरका मूर्ति बाहेक यहाँ माटाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ति पनि छन् र ती सबै आधुनिक र कचा माटाका छन् ।

सब भन्दा पहिले शेषासन चतुर्भुज नारायणकै कुरा गरौं । यसको उचाई चौबीस इञ्च, चौडाई बाह्र इञ्च छ । यसको लगत्तै पछि बत्तीस इञ्च अग्लो र सत्र इञ्च चौडाई भएको मयूरबाहिनी चतुर्भुजा सरस्वतीको मूर्ति आउँछ । यी देवदेवीको छेउमा देब्रे घुंडामाथि दाहिने पाऊ राखेर पलेटी कसेर बसेको, दाहिने हातमा पुष्प र देब्रे हातमा द्र-मुष्टी पारेको बीसइञ्च उचाई र नौ इञ्च चौड़ाइ भएको एउटा मानवमूर्ति छ । यो मूर्ति पृथ्वी नारायण शाहको हो । यसै क्रममा ६ जना भक्त उभिएका, त्यसपछि हनुमान र सिंहको पालो आउँछ ।

सिंहको निरीक्षणपछि हामीलाई लाग्यो मूर्तिको काम समाप्त भयो। तर हाम्रो धारणा गलत थियो । एउटा अँध्यारो कुनामा हाम्रो आँखा पुग्यो । यहाँ धुलाले एकदमै मैलाएको एउटा सानो धातुमूर्ति बाँकी नै थियो । यसमा जमेको धूलो साफ गर्‍यौं । यसमा लगाएको सुनको मोलम्मा टल्किनथाल्यो। एउटा हात अभय र एउटा हात वरद मुद्रामा भएको, ललितासनमा बसेको यो मूर्ति आर्य-ताराको थियो । यसका वस्त्राभूषण र केशवि-न्यास आफ्नै किसिमका मनमोहक थिए। यसको उचाई तीन इञ्च र चौडाइ दुई इञ्च छ । यसको शैलीका अनुसार निर्माणकाल पनि अरू मूर्तिभन्दा पुरानो, सत्रौं शताब्दीको प्रारम्भ तिरको होला भन्ने अनुमानगर्नसकिन्छ । यसमा प्रयोग गरिएको धातु रजत—प्रधान देखिन्छ । यो ढलौट मूर्ति सानो भए पनि भारीछ । यस मन्दिरको सबै भन्दा अनुपम र महत्वपूर्ण मूर्ति यही हो । यसको प्राप्ति-पछि हामीलाई ज्यादै आनन्द लाग्यो ।

यो मन्दिर अत्याधुनिक हो । यसमा यस्तो पुरानो मूर्ति कताबाट आयो त्यो पत्ता लाउनु आवश्यक थियो । सोधपूछ गर्दा "अशोक कुमार हमालले बारी खन्दा भेटेको हो, दुई तीन वर्ष पहिले " भन्ने सूचना मिल्यो । आज त्यस बारीमा कुनै भग्नावशेष छैन । तैपनि भने पछि विश्वास नगर्ने कारणै थिएन ।

मूर्तिको निरीक्षणपछि भित्तिचित्र-तिर लाग्यौं । यस मन्दिरमा पानीरंगद्वारा भित्ति चित्र पनि बनाइएकाछन् । पूर्वपट्टिको भित्तामा राम, सीता, एकजना दानपति, त्यस-पछि मोगलशैलीको एउटा दरबार, दुई जना लामा, उनको परिवार र शाही पोशाकमा श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका चित्र अंकित छन् । पूर्वभागको निरीक्षण पछि हामी दक्षिण-तिर लाग्यौं । यसमा हनुमान, गणेश र त्यस पछि कुखुरामा चढ़ेको एउटीदेवीको चित्रदेखियो। जसका हातमा गदा, चक्र, तरवार र त्रिशूल लिएको देखाइएको थियो। यसभन्दा पर दुई गाईका बीचमा कृष्ण र बगलामुखी देवीका चित्र थिए । क्रमैसित हेर्दै जाँदा पश्चिमपट्टिको भित्तामा एकजना भक्त लौरो टेकेर प्रस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रामा छन भने त्यस भन्दा पर एउटा प्राकृतिक उपवनको बीचमा शिवलिंग र त्यसपछि हिमालमा शिवको रूप अंकित छ । यसै क्रममा उत्तरतिरको भित्तामा दुबै हातका हत्केला उत्ताना पारेर एउटा सिंहको छेउमा पार्वती छन् भने अर्को छेउमा धनुर्धारी परशुराम र हिमशिखरमा उभिएकी काली पनि । यसभन्दा पर प्रायः सँगसँगै भनेजस्तो दुई व्यक्तिका चित्र अझै बाँकीछन् । यिनलाई देख्ता हाँसो पनि उठ्यो । साथै शिवपार्वती विवाहका सम्बन्धमा भनिने एउटा लोककथा पनि सामने आयो ।

" पर्वतराजपुत्री पार्वतीसित शिवजीको विवाह हुने निश्चयभयो । शिवजी आफ्ना गण भूत, प्रेत, पिशाचआदि जन्तीको हुलको बीचमा वसाहा चढेर हिमालमा आए । शिवजीको यस्तो रूप देखेर सखीहरूले पार्वतीलाई गिज्याएर वसिसक्नु पारेनन् । पार्वती लाजले भुतुक्क भइन् । तर पार्वती शिवजीको शक्तिदेखि परिचित थिइन् । उनले मनमनै शिवजीको ध्यान गरेर भनिन्- " प्रभु ! मलाई साह्रै लाजमर्नु भयो । विवाहको राजसी ठाँट् देखाइ दिनुहवस् । " अन्तर्यामी शिवलाई कुरा बुझ्न केही बेरलागेन । उनले एकपटक आवाहन गरे । तेत्तीस्कोटी देवता सजधजका साथ जन्ती आए । आर्को चोटी आवाहन गरे-खाट; सिंहासन आए । क्रमैसित शिवजीको आवाहनमा स्वर्गका अप्सरा, यक्ष, गन्धर्व, किन्नर सबै आए । क्रमै सित शिवजीको आवाहनमा स्वर्गका अप्सरा, यक्ष, गन्धर्व, किन्नर सबै आए । अन्तिम आवाहनमा अंग्रेजीबाजा पनि आए । "

यस मन्दिरमा पनि देव, देवी ऋषिमुनि सबैका चित्र आए अन्त्यमा गान्धी र नेहरूका पनि ।

मन्दिरबाट निस्केर केही पर जाँदा हाम्रो दृष्टि एउटा ठाडो ढुङ्गामा पऱ्यो । यसको रूप शिलापत्र जस्तो थियो । हामी त्यतै बढ्यौं । यो शिलापत्र थिएन । साधा ढुङ्गोथियो । गाउँका मानिस भन्न थाले— " यो भूतको ढुङ्गोहो । यसलाई छुनु हुदैन । " भूतको ढुङ्गो भन्नमा विशेष तात्पर्य थियो । केही वर्ष अघि यसै ढुङ्गाका छेउमा घरको जगखन्दा एउटा ध्याम्पो (माटाको) भेटिएको थियो । यसमा मानिसका हाडखोड् थिए । त्यो ध्याम्पो गाडेका ठाउँमा वरिपरि ढुङ्गाको वाकस जस्तो गारो बनाएको थियो । यस गासको लम्बाई ८ हात थियो । कुराको प्रसङ्ग रोचकथियो र हामीले कोट्याउदै गयौं । ध्याम्पाकासाथ अरू पात्र पनि थिए । तर ती अब गाउँका केटाकेटीले फोरेर फ्याकी सके । कुराको प्रसङ्ग मेगालीथसित मिल्दा जुल्दा थिए । तर त्यहाँ अहिले भूतको ढुङ्गो मात्र बाँकी छ । हामीलाई साह्रै खेद लाग्यो ।

संभव छ यस्ता अवशेष खोजी गरे अन्यत्र पनि पाउन सकिएलान् । यदि मेगालीथिक अवशेष यहाँ पाइए भने नेपाल पुरातात्विकजगत्मा पहिलो हुने छ । दूनेको अन्वेषण यहीं समाप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"परिचर्या भ्रमण" -एक सारभूत अनुभव

—श्री उदय खनाल

श्रीहरिः

विश्वात्मा द्वारा प्रदान गरिएको वरदान यो मानवजीवन त्यसैनै महत्त्वपूर्ण छ । तथापि वास्तवमा यसको महत्त्व अफ पूर्णरूपमा व्यक्त हुन्छ यदि यसमा दया छ। यदि यस भित्र सद्भावना छ, यदि यो सद्भक्तिमा डुबेको छ भने। नत्र ?

'पशुको हुलमा चारहात खुट्टा टेकेर हिंड्नेमात्र अलिकति शोभा पाइएला बरू।'

"न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्।
कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम् ॥"

प्रल्हादले भन्नु भएको छ। प्रल्हाद को हुनुहुन्थ्यो ?

भक्त शिरोमणि।

भक्त शिरोमणिको पद प्राप्तभइसकेको व्यक्तिलाई यस संसारसित यति ठूलो वास्ता हुनको खाँचो नै के थियो र ?

हो, उहाँ सित शक्ति थियो। सिद्धि मुक्ति सबैलाई दास बनाएर राख्न सक्ने सामर्थ्य थियो उहाँमा। तथापि उहाँले मुक्तिको ईच्छा गर्नु भएन। आफूमात्रै सुख आनन्दको भोगगर्नुभन्दा संसारमा भएका यी दीन दुःखीहरूको असह्य अवस्थालाई ध्यानमा राखेर उनीहरूकै सेवामा आफ्नो गौरव मान्नुभयो। यिनै भावनाले गर्दा उहाँलाई जगत्नियन्ता विश्वेश्वर भगवान श्रीहरिद्वारा "भक्त शिरोमणि" पद प्रदानगरियो ।

यसै प्रकार हामीले पनि धर्मको वास्तविक अर्थलाई बुझेर जनजनको हृदयभित्र निवास गर्ने श्रीहरिलाई सम्झेर उनका प्रत्येक संतानप्रति प्रेम सद्भावना एवं करुणा राखेर सेवा—कार्यद्वारा आफ्नो जीवनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार्थक तुल्याउनु पर्दछ । यस्तै प्रकारको भावनामा आधारित प्रथम सौभाग्य, जीवनको अनुभवमा, मैले प्राप्त गर्ने सुअवसर पाएँ ।

त्यौभाग्य हो—

'परिचर्या—भ्रमण'

नौ वर्ष हिन्दुस्तान बसेर म पुनः वल्ल आफ्नो जन्मभूमि काठमाडौं फर्किएँ । अनुभवका साना साना पोकाहरू निकैनै बटुलेर ल्याएको थिएँ । सौभाग्यले अचानक सनातन धर्म सेवा समितिका सचिव प्रा० श्री खेमराज 'केशव शरण' ज्यू सित पावन—परिचय भयो । केही दिनमै आत्मीयताले कसेर बाँध्यो । सज्जनले आफूजस्तै सबैलाई देख्ने भएकोले उहाँले सनातन धर्म सेवा समितिका अध्यक्ष पं० श्री धरणीधर कोइराला ज्यू, कोषाध्यक्ष श्री दीर्घराज कोइरालाज्यू तथा अरू सबै आदरणीय महानुभावहरू एवं साथीभाईहरूको पनि परिचय गराउनु भयो । अति नै खुशीलाग्यो । यसै क्रममा सेवा भावनाको महत्त्व सम्झी म समितिको सदस्य बन्न पुगें ।

एकदिनको बैठकमा हाम्रो समितिले निर्णय गर्‍यो कि हामी गाऊँ गाऊँमा गएर आफ्नो आध्यात्मिक सेवा—कार्यलाई अझ सक्रिय र व्यापक तुल्याऔं ।

"बस्ती बस्ती नगर नगर औ गाऊँ गाऊँमा पुग्दै ।
सत्यधर्म औ सेवा–व्रतका किरण सुनौला छर्दै ॥
बढ्दै जाऔं नाम प्रभुको लिई अमोघ सहारा !
समाज हितकैनिम्ति निरन्तर बहोस जीवनधारा ॥

—लक्ष्य यस्तै राखियो । यसको निम्ति कार्यक्रम निश्चित गरियो । ग्रामीण दाजुभाई दीदीबहिनीहरूमा आध्यात्मिक भावनाको सामललिई समरसता, एकात्मता एवं लक्ष्योन्मुखताको विकासतिर लम्किने लक्ष्य राखिएको यस पवित्र कार्यक्रमको नाम परिचर्या-भ्रमण' पर्‍यो । परिचर्या सेवाको पर्याय हो । यस अन्तर्गत जगदीश्वरका सन्तानहरूको सेवा लक्षित थियो र जगदीश्वरको प्रत्यक्ष सेवा यस समितिलाई प्राप्त भएको छ । यसै कार्यक्रम अन्तर्गत पौष १७ गते काठमाडौंको निकटवर्ती गाउँ फर्पिङ्गमा सेवाकार्य आरम्भ गर्ने निधो गरी त्यस तर्फ प्रस्थान गर्‍यौं ।

यस प्रकार अनुभवको एउटा अर्को सुन्दर, सार्थक तथा वास्तविक पोको थपियो–सर्वोच्च महत्त्व राख्ने ।

\+ \+ \+

पौष १७ गते—

यात्राको दिन-मनमा हर्ष, प्रसन्नहृदय, ग्रामीण दाजुभाईहरूसंग हिलीमीली सत् चर्चा-गर्न पाउने सुमधुर आशा, उनीहरूको सरलता--पूर्ण दर्शन-पाउने शुभ आशामा कता कता

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक प्रकारको भूत, भविष्य र वर्तमानको आभास । मन नहो अनेक प्रकारका यस्ता निर्मल तरङ्गहरूको बीचमा खुशीले उफ्रिदै थियो, नाच्दै थियो, तुलबुलिदै थियो ।

ठीक १ वजे हामीसबै समितिको केन्द्रीय कार्यालय भद्रकालीमा भेला हुने र त्यहींबाट फर्पिङ्गको लागि प्रस्थान गर्ने कार्यक्रम थियो । म हतारिंदै समिति आई पुगें । कारण, बस चढ्न बस बिसौनी गएँ । किन्तु बसले ता बस्नेनै सिद्धान्त छोडीराखेको रहेछ । कहिले कहीं श्री सचिवज्यू भन्नुहुन्छ— 'बसेन विवशीकृता: " बस चढ्नजाँदा विवश हुनु पर्छ । ठीक त्यस्तै परेको हुनाले मलाई विलम्ब भईसकेको थियो । हुनता कुनै यात्राको प्रारम्भमा अलिकति अवेर सवेर हुनु स्वाभाविकै हो । तथापि मेरो विलम्बले केही बाधागर्लाकि भन्ने मलाई चिन्ता लागेको थियो । परन्तु प्रभुको कृपा—म पुग्नु भन्दा पहिले मोटर नआएतापनि मोटर आउनु भन्दा पहिले पुग्न सकें भन्न असमर्थ छु । अर्थात् एकतिरबाट मोटर र अर्कोतिरबाट म—ठीक एकै समय ।

यस यात्राको लागि हामीलाई मोटरको व्यवस्था नेपाल महिलासंगठन काठमाडौं जिल्लाको अध्यक्षा एवं पद्मकन्या कालेजको प्राचार्या श्री मती अंगूरबाबा जोशीज्यूको तर्फबाट भएको थियो ।

साथीहरू सबैजना भेला भइसक्नुभयो होला । यस्तो सोच्दै मैले समितिको दक्षिणझ्यालतिर हेरें । ठीक त्यसैवेला मोटर आएको आभास पाएर एवं अरू साथीहरूको प्रतीक्षामा श्री सचिवज्यू पनि झ्यालबाट हेर्दै हुनुहुँदो रहेछ । तलैबाट मैले सादरनमस्कार गरें । त्यसपछि माथि पुगें किन्तु कुनै पनि साथीको उपस्थिति थिएन । बस, श्री सचिवज्यू मात्र हुनुहुन्थ्यो । समितिले यस यात्राको निर्णयगरेको वेलामा ५।७ जना साथीहरूले यसमा समय दिनु हुनेछ भन्ने निश्चय भएको थियो । किन्तु केही बाधाहरूले गर्दा होला त्यस निर्णय अनुसारको उपस्थिति हुन सकेन । तर जस्तो सुकै भए तापनि सर्व प्रथम प्रारम्भ गरिएको यस कार्यक्रमलाई हामीले अवश्यमेव सफलतुल्याउने प्रयत्न गर्नु पर्दछ—यस्तो श्रीसचिवज्यूको विचार भयो । यत्तिकैमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक श्रीऋषिराम पोखरेलज्यू, जो हाम्रो सनातन धर्म सेवा समितिको सहायक सचिव दस्य पनि हुनुहुन्छ, यस पावन यात्रामा सम्मिलित हुन आइपुग्नु भयो । अब समय पनि भईसकेकोले हामी तिनैजनाले प्रस्थान गर्‍यौं । ठीक तीन वजे ।

\+ \+ \+

काठमाडौं शहर अव परबाट अर्भै हामीलाई विदा गर्दै थियो । हाम्रो यस पवित्र कार्य प्रति उसलाई पनि गौरवको अनुभूति भइरहेको जस्तो लाग्दथ्यो । कीर्तिपुर पनि प्रसन्न थियो । हामी वढ्दै थियौं । काठमाण्डूबाट हाम्रो प्रस्थान हुनुभन्दा पहिले देखिनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिर उचाली उचाली गर्दन तन्काउदै स्वागतार्थ मार्गमा उभिएको चोवार डाँडो अब निकट आइसकेको थियो ।

म जब कुनै पहाड वा नदीको किनारा जस्ता ठाउँहरूमा पुग्दछु, मलाई भित्रभित्रै एउटा विचित्र खालको आनन्दको अनुभव हुन थाल्दछ—शायद प्रकृतिमाताको त्यस मनोहरताको कारणले होला। त्यसवेला अकस्मात् मलाई केही गाउने उत्कण्ठा जागेर आउँछ। चोवारको उकालो लागेपछि उत्तरतिर दृष्टि दिंदा जब काठमाण्डूको पश्चिम पट्टीको उत्तुङ्ग स्वयम्भू मन्दिर, धरहरा अनि घण्टाघरले पनि उच्चस्थानबाट हामीलाई दृष्टिगोचर गरिरहेको, मानौं मार्गमा हामीलाई केही बाधा परेमा तुरुन्तै आएर सहायता गर्ने उनीहरूको योजना थियो, देखें—त्यसवेला मेरो हृदयको यो उत्कण्ठा भित्र लुकिरहन न सक्ने अवस्थामा आउँदै थियो । ठीक उही बेला सचिवज्यूको हृदयमा पनि केही प्रभुनाम गाउँदै जाने भावना उठेछ । उहाँले मतिर हेर्नु भयो। मनमनै बुझ्न सकिएको एक अर्कोको हृदयको समान भावले अब तुरन्तै आफ्नो कार्य प्रारम्भ गऱ्योः—

"भज गोविन्द गोविन्द गोपाला
भज गोविन्द गोविन्द गोपाला"

श्रीऋषिरामज्यूलाई आनन्दको ठेगानै रहेन । हामी तिनै जना ज्यादैनै प्रफुल्लित अवस्थामा गाइरहेका थियौं।

मार्गमा साना साना बोट, ठूला ठूला वृक्ष, डाँडाकाँडाहरू सबै आएर मोटरको झ्यालभित्र एकपल्ट नियालेर हेर्दथे । मानौं सामूहिक स्वरमा मुखरित भइरहेको प्रभुनामश्रवण गर्न ती सबैलाई पनि रहर थियो । अनि आफ्ना अरू दाजुभाईहरूले पनि यस्तो सुअवसरको लाभ पाउनु पर्दछ भन्ने जानेर कोही पनि हुल गर्दैनथ्यो । एउटाले हेऱ्यो उ पछिगयो। अनि अर्कोले पालो पाउने क्रमथियो ।

हामी फर्पिङ्ग पुग्यौं, तर होशै नपाई। किनकि मार्गको आनन्द अविस्मरणीय थियो।

हाम्रो आदरणीय श्रीअध्यक्षज्यूको आश्रम वा निवासस्थान त्यहीं छ । साथै हाम्रो यस भ्रमणमा विश्राम इत्यादि व्यवस्था उहाँलेनै मिलाउनु भएको थियो । तसर्थ—

हाम्रो मोटर श्री अध्यक्षज्यूको निवासस्थान 'सेवा वास' बाट अलिपर सडकको नजिकै भव्य पीपलको रूखको चौतारानिर अड्यो ।

'आनन्दकन्द भगवान्‌को ?'

"जय"

हाम्रो कीर्तनले विश्राम लियो । श्री अध्यक्षज्यसित भेट गऱ्यौं । उहाँले

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो बस्ने स्थान त्रिभुवन आदर्श विद्यालय फर्पिङ्गमा निश्चय गर्नु गइकोले हामी त्यहाँ-बाट विद्यालय गयौं। त्यस भन्दा पहिले श्री शेष नारायण भगवान्को दर्शन गरि-सकेका थियौं। केहीबेर पछि, विद्यालयमा त्यहाँका प्रधानाध्यापक श्री प्रेमबहादुर श्रेष्ठज्यू आउनुभयो। उहाँले बडो सद्भावसाथ हामी-लाई विश्राम स्थान देखाउनु भयो। त्यस ठाऊँमा हामीले आ-आफ्ना आसन ठीक पार्‍यौं। समय—५-३० बजेको थियो। मोटर पनि काठमाण्डू फर्कियो।

\+ \+ \+

'गाउँको यस्तो स्थान, जहाँ धेरै दाजु-भाई दिदीबहिनीहरू एकत्र हुन सक्दछन्, फेला पारेर त्यहाँ आज कम-से-कम सानो केही कार्यक्रम गर्नपाए भोली पर्सीको लागी सबैलाई जानकारी पनि हुने थियो'—यस्तो श्री सचित्र-ज्यूलाई विचार उठ्यो।

'यस्तो सार्वजनिक स्थान बजारमा छ – भीमसेन स्थान, यो सुझाव श्री अध्यक्ष-ज्यूद्वारा प्राप्तभयो। हामी त्यसैबेला भीमसेन-स्थान गयौं।

भीमसेनस्थान एउटा सार्वजनिक-स्थान रहेछ। त्यहाँ गाउलेहरू भेला भएर कहिले कही भजन कीर्तन पनि गर्ने गरेका रहेछन्। तल ठूलो चोक-त्यसको वरिपरि घर-हरू-चोकको पूर्व, दक्षिण पश्चिम एवं उत्तर-पश्चिम कोणहरूबाट सड़कहरू जोड़िएका। त्यही चोकको उत्तरपश्चिम भागमा सड़क-भन्दा पूर्व, दक्षिणपट्टी फर्केको बार्दली भएको साधारण किसिमको १ तले मन्दिर रहेछ। त्यसैको माथिल्लोतलामा भीमसेनबाबालाई स्थापना गरि-एको, भुँईतलामा सानो पुस्तकालय पनि रहेछ। बाबाको दर्शन गर्न माथि उक्लनु भन्दा पहिले द्वारमा दुबैतिर ढुङ्गाका ठूला ठूला सिंहहरू रहेछन्। हामीले भीमसेन बाबाको दर्शन गर्‍यौं। त्यो ठाऊँलाई देखेर मलाई ज्यादै नै खुशी यसमानेमा लाग्योकि त्यहाँ प्रभु चर्चाको लागि अनुकूल वातावरण पाइने छ। हामी तल आयौं। त्यहाँको ठूलो चोक हाम्रो लागि ज्यादैनै उत्साह-वर्द्धक सिद्धभयो।

हामी त्यस स्थानको लागि त्यो दिन नयाँ, साथै शहरबाट गएका, ती सीधा-साधा बालक-बालिकाहरूको निम्तिता त्यो पनि एउटा ठूलो रमाइलो पो! साथै जसको कार्यको लागि हामी पाइलो अगाड़ी सार्दछौं त्यस जगत् नियन्तालाई पनि हाम्रो यस सत्‌कार्यमा सहयोगगर्न रहरलाग्दछ र कुनै न कुनै रूपबाट उसले यसमा सहायता गरिरहेकै हुन्छ।

तसर्थ त्यहाँ केहीबेरमै धेरै बालक-बालिकाहरू जम्मा भए। हाम्रो प्रथम दृष्टि पनि यिनै माथि थियो किनकि यिनै हुन् जसमा हाम्रो सम्पूर्ण भविष्य आधारित छ।

"रघुपति राघव राजा राम।
पतित पावन सीता राम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय रघुनन्दन जय धनश्याम ।
जय अघभञ्जन जय अभिराम ॥ ”

श्रीसचिवज्यूको सङ्केत पाउने बित्तिकै मैले आरम्भ गरेको थिएँ । ती सबै बालकहरूले पनि साथ दिंदै थिए। केही बालकहरू जो अलि परैबाट हेरिरहेका थिए, तिनीहरूलाई पनि एक तिरबाट श्रीसचिवज्यू वात्सल्यले खिच्नु हुन्थ्यो भने अर्कोतिर श्रीऋषिज्यू मनोहर कथा-हरूको लहराले तान्नु हुन्थ्यो । हाम्रो वरिपरि ती मायालाग्दा शिशुहरू, मैला कुचैला-फाटेको पुरानो वस्त्र लाएका– शिरदेखि पाउसम्म धूलोले धूसरित— दुब्ला— पातला, आँखाले करुणाको याचना गर्दै उभिएका थिए। तिनको आँखाको करुण याचना, हृदयको दुःख वेदना, शरीरको निर्बलताले कसलाई पुकारी रहेको छ ?

कसलाई कोसिरहेको छ ?
उत्तर ... ...
“ आनन्दकन्द भगवान्को ? ”
“ जय ”
पतित पावन भगवन्नामको ?
“ जय ”
“ प्राणीमात्रको ? ”
“ जय ”
“ सनातन धर्मको ? ”
“ जय ”

रघुपति राघव गायन समाप्त भयो ।
अनि—“ कुन हो हरिको मन्दिर बाबा ?
कुन हो हरिको शाश्वत धाम ?
केगरी मिल्दछ हरिको दर्शन ?
कुनहो हरिको साँचो नाम ?......

–प्रारम्भ भयो । बालकहरूको मधुर स्वर झङ्कारमानै बालकहरूले सरलतासाथ बुझ्न सक्ने, साधारण शब्दहरू-द्वारा महत्त्वपूर्ण अर्थ व्यक्त गर्ने एवं उनीहरूमा पनि सेवाभावको अंकुर उत्पन्न गराउन खोज्ने यो कविता बालकहरूलाई उपयोगी होस् भन्ने दृष्टिले श्रीसचिवज्यूद्वारा रचिएको हो ।

‘ सेवाद्वारा जगत रिझाए ईश्वरलाई चिनौला ।
पुछ्तै जाउ सबका आँशू जीवन बन्छ सुनौला ॥”

—कविता समाप्त भयो ।

वसन्तको ऋतुमा कोइलीको स्वरले जसरी सबैको हृदयमा आनन्दको लहर-दौडाइ-दिन्छ, त्यसै गरी यो कविता बालक बालिका-हरूको मीठो एवं तीखो स्वरमा समरस भई सर्वत्र गूँजिरहेको थियो । सबै प्रफुल्ल, आनन्दित, हर्षित, प्रसन्न देखिन्थे । कार्यक्रमको अन्तमा सामूहिक उद्घोष भयो–

“ धर्मको ” ? ‘ जयहोस् ”
“ प्राणीहरूमा ?” ‘ सद्भावनारहोस् ’
“ विश्वको ? ” “ कल्याण होस् ”
“ हरहर ” “ महादेव । ”

पश्चिम र उत्तरपट्टी अग्ला अग्ला डाँडाहरूको काखमा बसेको फर्पिङ्ग गाउँले श्री नारायणको मन्दिरको पवित्र सम्पर्कसमेत पाएर अनुपम महत्त्व र शोभा प्राप्त गरेको छ ।

मन मयूर गाउँदै थियो—आहा !
निर्मल श्याम आकाश, स्वच्छ श्वेत हिमालय,

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मखमली हरियो भूमि, नेपालमाताको सौन्दर्य कति कान्तिपूर्ण ! कति शीतल ! कति शान्त ! मनमा रहेका कलुषहरू स्वयं पखालिएर जाने, ईश्वरको सुमधुर संभनातिर मन फर्काइ ! दिने ।

नेपालमाता ! तिम्रो जय होस ! जय होस् ! जय होस् !

× × ×

भोलीपल्टः—

रातभरीको शान्त, निस्तब्ध, सौम्य गम्भीर वातावरण अब चराहरूको सुमधुर सङ्गीतसित फेरि हाँस्नथालिसकेको थियो । ब्रह्मवेला आफ्नो पालो सकिएको भान पाएर त्यो स्थान प्रातःलाई सुम्पी विस्तारै विस्तारै ओझलहुँदैथियो । जसरी राजद्वारका प्रहरी-हरू आफ्नो निर्धारित समयमा राजाको सुरक्षाको निमित्त पालो बदल्दछन् त्यसैगरी जगदीश्वरद्वारा आफ्ना सम्पूर्ण सन्तानको सुरक्षाको निमित्त खटाइएका यी— प्रातः-सायं, दिवस-रात्रि, शरद्-वसन्त इत्यादि— प्रहरीहरू आफ्नो निर्धारित ठीक समयमा मालिकको आज्ञानुसार आउछन् , जान्छन् ।

यसवेला हामी तिनैजना आ-आफ्नो नित्यकर्म समाप्तगरी प्रभुको सुमधुर स्मरणमा लागेका थियौं । श्री सचिवज्यू जपमा अवस्थित, श्री ऋषिज्यू प्रार्थना श्लोकमा लीन र म ? चुपचाप । त्यसपछि श्री सचिवज्यूको विचार र त्यसमा हाम्रो सहमति अनुसार 'प्रातः-काल ग्राम-परिक्रमा गर्ने ' वेला भयो । सर्व-प्रथम—

'नेपाल-जननीं वन्दे

दिव्य—धुनीभिः क्षालित-चरणाम्
अमरगणैः कृतसेवाम् ।
जनक—जानकी—बुद्ध—विभूषित
भव्यदर्शनां वन्दे ॥

इत्यादि ।

'नित्य वन्दना ' प्रारम्भ भयो । अगि अगि श्री सचिवज्यूले भन्नुभयो र पछि पछि हामीले दोहरायौं । यसमा त्रिभुवन आदर्श विद्यालयका केही छात्रबन्धुहरू पनि सम्मिलित हुनुहुन्थ्यो ।

पूर्व दिशामा भुवन भास्करको उदय भइ रहेको मानौं नेपालमाता आफ्नो बन्दना सुनेर रातो घुम्टो ओढी हामीलाई आफ्नो पवित्ररूपको दर्शन गराउन प्रकट हुनुभयो । अथवा उषाकालको यस मधुर वेलामा आफ्ना रश्मिहरूले सम्पूर्ण विश्वलाई अँगाल्दै भुवन-भास्कर श्री सूर्यनारायण भन्दै हुनुहुन्थ्यो— 'हे मानव ! आओ म जस्तै नियमित, विशाल, कृतज्ञ एवं तेजस्वीवन र सम्पूर्ण संसारलाई आफ्नो प्रकाशले देदीप्यमान तुल्याऊ । किनकि तिमी पनि उही विश्वात्माका मजस्तै एक सन्तान हौ '

ॐ सहनाववतु सह नौ भुनक्तु सहवीर्यङ्करवावहै
तेजस्विनावधीतमस्तु मा विद्विषावहै ।

ॐ शान्तिः शान्तिः शान्तिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै शब्दहरूको साथ हाम्रो नित्य-वन्दना समाप्त भयो । अब हामी विस्तारै विस्तारै प्रातःपरिचर्याको लागि अग्रसर भयौं ।

'ओं ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्याञ्जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥,

इत्यादि प्रार्थना, कीर्तन गर्दै गएर ठीक ८ बजे भीमसेनस्थान पुग्ने हाम्रो योजना थियो । परिक्रमा प्रारम्भभयो ।

त्यहाँका निवासीहरूको दैनिक क्रियाकलाप, रहन सहन इत्यादि तिर फर्किंदा मलाई यस्तो लाग्यो-शहरको कोलाहलपूर्ण वातावरणको सीमित परिधि भित्रमात्रै वास्तविक जीवनको अनुभव कदापि हुन सक्दैन । वास्तविक जीवन हुन्छ— गाऊँ-हरूमा, पहाडहरूको निश्चिन्त स्थानमा निवासगर्ने ती अबोध दाजुभाई बहिनी-हरूको सामुन्ने । फर्पिङ्ग त काठमाण्डूको नजिक परेको गाऊँ हुनाले केही मात्रामा विक-सित पनि छ तर यस भन्दा पनि कति विकट स्थानहरू हाम्रो देशमा छन, जहाँका अविक-सित गाऊँलेहरू, अनपढ दाजुभाईहरूलाई हामीले आफ्नो सेवादानद्वारा जीवनको-लक्ष्यतिर फर्काउनु आवश्यक देखिएको छ । यदि वास्त-वमा हामी धर्मकै सेवामा तत्परछौं भने, यदि हृदयखोलेर हामी यसभित्र पसेका हौं भने वास्तवमा हाम्रो वचन र कर्म एक छ भने ।

भीमसेनस्थान पुग्नलाई हामी अब मूलसडक छोडेर गाऊँतिर लाग्यौं । ठूला ढुङ्गाहरू ओछ्याइएको फराकिलो बाटो त्यसको दुवैतिर नेपालीकिसिमका पङ्क्तिबद्ध घरहरू अधिकाँश नयाँ भए ता पनि विशेष रङ्गी चङ्गी नदेखिने, घरहरूको सबैभन्दा तल्लो तलामा कहीं कहीं पसलहरू पनि— यस प्रकार घर गाऊँको अवलोकन पनि गर्दै ठीक समयमा हामी भीमसेनस्थान पुग्यौं । आजको जम-घटमा वयस्क दाजुहरूको पनि उपस्थिति देख्दा हामीलाई ज्यादै प्रसन्नता भयो । यसदिनको कार्यक्रमको प्रारम्भमा विशेषरूपले श्रीऋषिज्यू अगि सर्नुभयो । सुदामाको झोलीका कनिका जस्तै साना साना बालोपयोगी कथाहरूको पोटली निकैनै संगाल्नु भएको रहेछ । उहाँले ध्रुब एवं प्रल्हादका कथाहरू पनि सरल भाषामा सबै बालकहरूलाई सुनाउनु भयो । बाकहरू-सँग समरस भएर कार्यक्रमको लक्ष्यतिर ध्यान दिंदै आफ्नो कार्यमा लाग्नु भएको श्रीऋषिज्य त्यसवेला बालकै देखिनुहुन्थ्यो । भीमसेन-स्थान मुनीको पुस्तकालका सहयोगी साथीहरु, रामशरणज्यू एवं अन्य जो त्यहाँको प्राथमिक पाठशालाको शिक्षक पनि हुनुहुन्छ, ले ज्यादै रहर लाग्दो किसिमसंग सहयोग गर्नु भयो । त्यहाँका प्रत्येक व्यक्तिभित्र यस परिचर्या-कार्यक्रम प्रति ज्यादै नै श्रद्धा जागेर आएको देखियो ।

Nepal Sanskrit University, Balm

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन नजागोस् आखिर त सबैको हृदय भित्र बनै श्रीहरि न छन, जसलाई सम्पूर्ण संसारको कल्याणार्थ अनेक प्रकारका रूप र लीलाहरूको अक्षुण्ण क्रम चलाउनु पर्दछ ।

यत्तिकैमा—हातमा एउटा लौरो, कालो चश्मा, सेतो सूइटर, सेतो सुरुवाल अनि त्यसमाथि सेताम्मे दाह्री—श्री अध्यक्षज्यू त्यहाँ आइ पुग्नु भयो । सबैले श्रद्धासाथ नमस्कार गरे । त्यस बेला श्रीसचिवज्यू ती ग्रामीण आवाल-वृद्धहरूतिर दृष्टि राख्दै विशेष-रूपले प्रभुभक्ति र जीवनको सार्थकता सम्बन्धी केही सद्विचारहरू व्यक्तगर्दै हुनुहुन्थ्यो । उहाँको त्यस कार्यक्रम पछि हामीले जयोद्-घोषगरायौं । पछिल्तिरबाट एक्कासी बिजुली चम्केझैं फूर्तिले सबैको बीचमा आएर श्रीअध्यक्ष-ज्यूले अझ थप्दै भन्नुभयो—

" भीमसेन बाबाको ? " " जय "—सबैले भने " पशुपतिनाथको ? " " जय "

" फर्पिङ्ग नारायणको ?" "जय"—सबैको स्वर गुञ्जायमान भयो ।

यसप्रकार परिचर्या कार्यक्रमको प्रथम अनुभवमा हामीले यसभित्र जुन उत्साह, उमङ्ग र अझ अगि बढ्दै जानुपर्ने प्रेरणा पाएकाछौं । जो अत्यन्त महत्त्वपूर्ण छ, त्यो अनुभवको सार यही थियो-भावनात्मक एकता हाम्रो ध्येय बन्नु पर्दछ र हामी सबैले एक हुनु पर्दछ ।

अब हाम्रो आजको प्रातः कार्यक्रम समाप्तभयो । भीमसेन स्थानबाट प्रस्थानगर्ने वेलामा सबै बालकहरूलाई अगि अगि पारेर हामीले पुनः प्रारम्भ गर्‍यौं:—

' भज गोविन्द गोविन्द गोपाला '

सबैसित पुनः ग्राम-परिक्रमा समाप्त गरी हामी सेवावास नजिकै पुग्यौं । फेरी पनि हाम्रो अगाडी आएर बाटो रोक्दै अनि थपडी बजाउँदै श्रीअध्यक्षज्यूले सरल किसिमले भन्नु-भयो—

" लौ सबैले भन- राम राम राम राम राम राम " सबैले त्यसैगरे । यस अस्सी-वर्षको वृद्धावस्थामा पनि बीस-पचीसवर्षको युवकको जस्तो उमङ्ग, रहर र फूर्ति समेत राख्ने आदरणीय श्रीअध्यक्षज्यूको सरसता अविस्मर-णीय छ ।

बालकहरू हामीसंग विदा भएर कीर्तन गाऊँदै आ-आफ्नो घर फर्किए । हामी सेवा-निवास-तिर लाग्यौं । विहानको १० वजि सकेको थियो । फेरी—

तात्कालिक विचारानुसार हामी १ वजे प्राथमिक पाठशाला गयौं । त्यहाँका बालकहरू-सित पनि केही खेल्यौं खेलायौं ।

यसप्रकार त्यो एउटा महान् अनु-भवको दिन थियो, जस्ले जीवनको वास्तविक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ वार्षिकोत्सवसम्बन्धी समारंभको एक झलक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येयतिर सबैलाई फर्काउन सक्दछ, जसबाट जगदीश्वरको साक्षात्कार हुन सक्दछ ।

कार्यक्रम सफल हुन सकेको हुनाले चित्त ज्यादैनै हलुको थियो । अतः आजको विश्राममा शान्ति थियो । आनन्द थियो । यस-विचित्र प्रकारको आनन्दको अनुभूतिले गर्दा हामी पूर्ण स्वस्थ भएर निदायौं ।

× × ×

तेस्रो दिनः—

"श्री कृष्ण ! गोविन्द ! हरे मुरारे ! ।

हे नाथ ! नारायण ! वासुदेव ! । "

को गुञ्जन फर्पिङ्गको सर्वोच्च टाकुराहरू देखि तल हरीयोत्रनको अन्तीम कोख सम्म आफ्नो मधुर आनन्दको मोती छर्दै हामी सबैको उत्सा-हमा चौगुना बलथप्दै थियो । आफ्नो काखमा निवासगर्ने ती बालक-बालिकाहरूले आनन्द-विभोर भएर जगत् नियन्ता श्रीहरिको शुभ-नामोच्चारण गर्दै सडकमा नाबीरहेको मनो-हर दृश्यलाई अवलोकन र श्रवण गर्ने ती डाँडा काँडाहरू शान्त, निस्तब्ध, निश्चलतामा अवस्थित देखिन्थे । हामीले निकटबाट हेर्ने रहर गऱ्यौं भने यस प्रातःकालको शीतावस्थामा भुवन भास्करको प्रत्यक्ष रश्मिहरूको स्पर्श नपाउँदा यी बालकहरूलाई जाडोको अनुभव गर्नु पर्नेछ—यस्तो सम्झी कतै कतै बादलहरू पर पहाडका कुनाकाप्चाबाटै नियालेर हेरी-रहेका थिए ।

हामी सबै भगवन् नाममा मस्त थियौं । लामो सडक सबैभन्दा अगि अगि हामी पछिल्तिर असीजना जति बालकबालिका र युवकहरू । हिजोको जस्तै आज पनि प्रातः परिचर्याको क्रममा अघि सर्दै ८ बजेको भीम-सेनस्थानको कार्यक्रम समाप्त गरी सबैसंग नामकीर्तन गर्दै श्रीनारायण स्थानतिर बढ्दै थियौं ।

जुन प्रकारले संसारका समस्त नदी-हरू आफ्नो लक्ष्य समुद्रसम्म पुग्न निरन्तर त्यस तर्फ गतिशील रहन्छन् त्यस्तै प्रकारले हामी आफ्नो मूल आत्मा—त्यो विश्वात्मा—तिर फर्किने मार्ग जान्नका लागि प्रयत्नशील थियौं ।

हामी नारायणस्थान पुग्यौं । श्रीनारायणको मन्दिर सानो किसिमको, मूल सडक भन्दा अलिकति माथि छ । माथि सानो चोक जस्को पश्चिम किनारामा विशाल डाँडो-सित टाँसिएको श्रीनारायणको पावन मन्दिर छ— प्राचीन किसिमको । मन्दिर अगाडी गरूडजी करजोरी सदा प्रभुको मनोहर रूपलाई अवलोकन गरिरहनुभएको छ ।

लाग्दछ कि—कुनवेला प्रभुबाट केही आज्ञा हुन्छ र म त्यसको पालन गर्ने सौभाग्य प्राप्तगर्न सक्नेछु—यस्तो सोची निरन्तर त्यहीं अवस्थित हुनुहुन्छ ।

श्रीनारायणमन्दिरको त्यस चोकमा पुग्न सीँढीहरू छन् ज्यो कलापूर्णरूपले रच-

Nepal Sanskrit University, Balaju...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एका ढुङ्गाले निर्मितछन् । सीँढीहरू चोकको दुवैतिरबाट छन्—उक्लने र ओर्लने । चोकमा प्रवेश गर्नको लागि द्वार पनि सुशोभित छ । हामीसंगै आएका बालकहरूले पनि एक एक गरी निष्ठापूर्ण रूपले दर्शन गरीसके पछि पुनः हामी सड्कतिर ओर्लियौं । प्रारम्भ भईहाल्यो—

" राधे राधे गोविन्द गोविन्द राधे "
राधे राधे गोविन्द गोविन्द राधे "

प्रभुको पावन नामकीर्तनको मधुरिमाको मादकतामा मस्त भएर नाच्दै गाऊँको दक्षिणसीमा देखि उत्तरसीमासम्म पुग्ने हाम्रो नियम रहेकोथियो । लगभग एक माइलको त्यो दूरी एकैपलमा वितेझैं लाग्दथ्यो । यसैले फर्किंदा पनि पुनः कीर्तन गर्दै सेवावाससम्म आइपुग्दथ्यौं । आज पनि त्यस्तै भयो ।

प्रथम परिचर्याभ्रमण, जसबाट हामीले जनजनको अतिनिकट पुग्ने प्रयत्नमा उनीहरूसंग समरस भई सर्वव्यापक जगदीश्वरको वास्तविक स्वरूपलाई केही मात्रामा देख्न सक्यौं । हामीलाई लाग्यो— यदि हामी यस स्थानमा यही समयलिएर कुनै अन्य क्षेत्रको माध्यमबाट आएका भए यति चाँडै जनहृदयमा आफ्नो स्थान कदापि लिन सक्ने थिएनौं र साथै हामी स्वयंलाई पनि त्यहाँको वन-वृक्ष, पशु-पक्षी, डाँडाँकाँडा सित यति निकटता हुन धेरै समय लाग्ने-थियो । अतः आज यो संम्झिदा मनमा एक प्रकारको कस्तो कस्तो चोटको अनुभव हुने थिएन कि 'आजै काठमाडौं फर्किने दिन हो'

हामी हिजोको जस्तै पुनः १ बजे प्राथमिक पाठशाला पुग्यौं ।

" हाम्री आमा के के भन्छिन् सुन्नुपर्छ सबैले
हामी किन पो जन्मेका हौं गुन्नु पर्छ सबैले "

यस कविताको पाठपछि श्रीऋषिज्यूले, श्रीअध्यक्षज्यूले तथा श्रीसचिवज्यूले क्रमशः बालकहरूको समक्ष केही सद्विचारहरू व्यक्त गर्नु भयो ।

यो पाठशाला सडकको नजीकै, दक्षिण फर्केको—भर्खर बन्दै–पाकोईट्को गारो भएको—अगिल्तिर सानो चौर, त्यहीं मण्डलाकाररूपमा बालकहरू बसेका थिए । बीचमा एउटा टेबुल दुईटा मेच र एउटा बेन्च राखिएको थियो । त्यसैमा हामी बसेका थियौं ।

आहा ! यी प्रत्येक सुनका टुक्रालाई प्रेमको शीतल तापले पगालेर त्यसमा सद्विचारको रत्न जडिएको दया, सदाचार, निर्मलताका मनोहर बुट्टाहरूले सुशोभित भएको एउटा अनमोल हार बनाउन पाए भोली नेपालमाताको वक्षस्थलमा त्यस्ले कस्तो अनुपम शोभा पाउने थियो होला । माताको सौन्दर्यमा सौगुना कान्ति झल्कने थियोहोला एवं यस अनमोल हारलाई पाएर माताको गौरव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सगरमाथा भन्दा पनि हजारगुना उच्चतामा पुग्ने थियो होला— यस विश्वमा।

अँ, पाठशालामा त्यो पहिलो कविता समाप्त भई आर्को कविता-पाठ पनि अन्तसम्म पुग्दैथियो—

सबको दिलमा ईश्वर बस्छन् ।
दिव्य दृष्टिले भेटिन्छन् ॥
ईश्वर-दर्शन पाइसकेपछि ।
दुःख सबैथरि मेटिन्छन् ॥

यसैसाथ जयोद्घोषपछि मध्यान्ह-कार्यक्रम समाप्तभयो। बालकहरूसंगको अन्तिम कार्यक्रम यहीनै थियो ।

तर अझै पनि एउटा सानो किन्तु महत्त्वपूर्ण कार्यक्रम बाँकी थियो । त्यसको जानकारी श्रीअध्यक्षज्यूद्वारा हामीलाई प्राप्त भयो— "यस गाऊँमा, शेषनारायण महिला विद्यापीठ नामक संस्था खोलिएको छ । त्यसमा भाग लिने महिलाहरू १० देखि ४० वर्ष सम्म उमेर भएका छन्। हामी परिचर्या जस्तो कार्यक्रमको सिलसिलामा आएको हुनाले त्यस शैशव अवस्थाबाट उठ्ने रहर गरिरहेको संस्थाका दिदीबहिनीहरूले इच्छा गरेका छन् कि उनीहरूको बीचमा पनि भेटघाट र सत्परामर्शको कार्यक्रम रहोस्। हामीले सहर्ष स्वीकार गर्‍यौं ।

४ बजे काठमाडौं फर्किने हाम्रो कार्यक्रम थियो । अतः हामीले आ-आफ्नो आसन बाँध्यौं। त्यसपछि महिला विद्यापीठ, जो प्राथमिक पाठशालामैं बेलुका सञ्चालित-हुने गरेकोछ, आइपुग्यौं । त्यहाँ २० जना जति दिदीबहिनीहरू उपस्थित हुनुहुन्थ्यो । सबैको हातमा एक एक जोर सुइटर बुन्ने सूई थियो । सरल किसिमको ग्रामीण वेश-भूषा । हामी भित्र गयौं । भित्र एउटा टेबुल-माथि विद्यापीठले स्वयं तयार गरेका केही कपडा, रूमालहरू, सुइटरहरू इत्यादि सामान-हरू राखिएका थिए। स्वयं विद्यापीठले तैयार पारेका वस्तुहरूबाट धेरै दीदीबहिनीहरूले लाभ उठाई रहनु भएको पनि देखियो। त्यहाँ उपस्थित दीदी बहिनीहरूले हाम्रो समक्ष 'गणेश-वन्दना' प्रस्तुत गर्नुभयो। प्रगतितिर लम्किन खोज्ने ती सबैको हृदयमा भएको उत्साह व्यक्तहुंदै थियो, त्यस वन्दनामा । वन्दना पछि परिचय भयो । अनि श्री सचिवज्यूले हाम्रो इतिहासमा रहीआएको नारीको गौरव-पूर्ण स्वरूपको व्याख्या गर्दै आजको युगमा नारीको कर्तव्यप्रति पनि ध्यानआकर्षित गराउनु भयो ।

के गर्नु ! समयको रथ सधैंको जस्तो थाहै नपाई बढिरहेको थियो । काठ-माण्डूबाट मोटर पनि पुगिसकेको थियो । साथै घड़ी पनि १, २, ३, ४ तिर लम्किंदै थियो ।

महिला विद्यापीठको कार्यक्रमको अन्तमा दीदीबहिनीहरूबाट 'राष्ट्र गान' सुनि सकेपछि—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

" प्रभुमन्दिरका सेवक हामी
जीवन सार्थक पारौं ।
जनमानसमा ईशभक्तिको
उज्ज्वल दीपक बालौं ॥

यो सामूहिक प्रार्थना भयो अनि जय-घोषका साथ कार्यक्रम समाप्तभयो ।

महिला विद्यापीठको अन्तिम कार्य-क्रम समाप्त भएपछि त्यसबेला फर्किनु पर्दा अलि खल्लो मानिरहेको मनमा उत्साह बठाउन अब एकमात्र उपाय थियो— त्यो हो—

अस्ति हिंजो र आजको सेवामय-भै बितिसकेको समयको संस्मरण ।

४ बजेपछि हामी श्रीअध्यक्षज्य सित बिदाभयौं । हामी आज जाने भन्ने सबैलाई ज्ञात थियो । अतः धेरै बालकबालिका-हरू सडकको छेउमा उभिएर हामीमाई हेरि-रहेका थिए । जगदीश्वरका ती कोमल-मूर्ति-हरूलाई 'नमस्ते' गर्दै हामीले प्रस्थान गऱ्यौं ।

मोटर अगाडी बढ्दै गयो । सडक तन्किदै गयो । फर्पिङ्ग पछि पर्दै गयो । वृक्षहरू परपरे । डाँडाहरू ओझल हुंदैगए ।

श्रीविश्वम्भरको सहायता र कृपा-दृष्टिले सफल भएका दिवसहरूको स्वस्थ संस्मर-णमा हामी उसैको सम्झनामा झुम्दै थियौं । मोटरभित्रका ५/६ कण्ठहरूबाट सामूहिक स्वर लहराइरहेको थियो:—

" राधे राधे गोविन्द गोविन्द राधे
राधे राधे गोविन्द गोविन्द राधे "

॥जय प्रभु॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेमीको चाह

श्री हरि प्रसाद शर्मा

वास्तवमा भन्ने हो भने प्रेमी त त्यसलाई भन्छन् जसले ईश्वर सिवाय केही जानेको छैन। जो जीवनको पद पदमा आफ्नै प्रियतमको मात्र सम्झनामा तल्लीन रहन्छ। सच्चा प्रेमी आफ्नो उपास्यदेखि अर्को त्रिभुवनको राज्यमिल्ने पनि त्यसको इच्छा गर्दैन। उसलाई आफ्नो आराध्यदेखि भिन्न स्वर्ग र मोक्ष के चीज हो थाह हुँदैन। उसलाई त आफ्नै प्रियतमको चर्चामा दिन बित्छ।

जब प्रेमीभक्त उद्धव श्रीकृष्णको सन्देश लिएर ब्रजमा आए, र उनले नन्द यशोदासंग भेट गरि गोप-वनितालाई श्रीकृष्णको प्रेम सन्देश सुनाए। तब उनले ब्रजाङ्गना-हरूलाई ब्रम्हज्ञानले प्रभावित पार्न खोजे तर ती सरल ब्रजवनितालाई उद्धवको ज्ञानले छुन सकेन। उनीहरू प्रेमको पाकाष्ठामा पुगी-सकेका थिए। उनीहरूको श्रीकृष्णप्रेममा तन्मयता देखेर उद्धव रहन सक्तैनन् र गद्गद् हुँदै भन्छन्।

"आसामहो चरणरेणुजुषामहं स्यां,
वृन्दावने किमपि गुल्मलतौषधीनाम्।
या दुस्त्यजं स्वजनमार्यपथं च हित्वा,
भेजुर्मुकुन्दपदवीं श्रुतिभिर्विमृग्याम्॥"

भा० १०।४७।६१

अर्थात् ब्रजभामिनीहरूको त्यो प्रेम-लाई धन्यछ जस्ले श्रुतिबाट पर रहेर अनन्तप्रेमार्णवमा प्रीति गरे। म उनको चरण—धूलीशिरमा ग्रहण गर्दछु।

यस किसिमले गोपीप्रेममा मस्त हुँदै उद्धवले ६४ दिन ब्रजमा बिताए। तब जाने-वेलामा नन्दादि गोपहरू कृष्ण-प्रेममा विरही—बन्दै उद्धवप्रति यो भन्दछन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मभिर्भ्राम्यमाणानां यत्र क्वापीश्वरेच्छया।
मङ्गलाचरितैर्दानैर्रतिर्नः कृष्ण ईश्वरे ॥

अर्थात् हे उद्धव ! हामी कर्मको अधीन र ईश्वरको इच्छाले जहाँसुकै रहौं हाम्रोप्रेम श्रीकृष्णसंग होस्।

धन्य छ त्यस्तो प्रेमलाई जस्मा कुनै चाह छैन स्वार्थ छैन । जस्ले श्रीकृष्णलाई नै आफ्नो आराध्य मानेको छ, जस्ले श्रीकृष्णमा आफ्नो चित्त जोडेको छ, त्यस्को दृष्टिमा संसार सत्यहोस् वा असत्य, उस्लाइं जगतको सत्यत्व एवं मिथ्यात्वले भ्रममा पार्न सक्दैन । ऊ त तन्मयहुँदै भन्छ---

श्रीकृष्णचरणाभोजं सत्यमेव विजानताम्।
जगत् सत्यमसत्यं वा नेतिरिति मतिर्मम ॥

—श्रीश्रीधर स्वामी।

जस्लाई एकचोटीमात्र पनि त्यस झिल्काले छोयो त्यो निहाल भै हाल्छ । उस्लाई घर, परिवार र धनले विचलित गराउन सक्तैन वा सकेन ।

यस कलिकालमा पनि महाप्रभु चैतन्यदेव, भक्तिमती मीरावाई, नरसिंह मेहता, सूरदास, चरणदास, रैदास इत्यादि प्रेमीभक्त-हरूले श्रीकृष्णप्रेममा तन्मय भएर भक्ति-मार्गको प्रचारगरे । यस क्रममा बङ्गालका श्रीचैतन्यमहाप्रभु श्रीकृष्ण प्रेममा पागल बन्दै भन्नुहुन्छ ।

न धनं न जनं न सुन्दरीं,
कवितां वा जगदीश कामये ।
मम जन्मनि जन्मनीश्वरे
भवताद् भक्ति रहैतुकी त्वयि ॥

अर्थात् हें जगदीश ? न म धननै चाहन्छु न म जननै चाहन्छु म त जन्मजन्मान्तर तिम्रो अनन्य भक्ति मात्र चाहन्छु यो हो प्रेमीको चाहना। मीरावाई श्रीकृष्णप्रेममा तन्मय हुँदै भन्छिन् ।

मेरे तो गीरधर गोपाल दूसरो न कोई ।

धन्य छ यस्तो प्रेमलाई, यस्तो प्रेम नै त वास्तवमा प्रेम हो । प्रेम विनाको जीवन जीवन होइन। त्यो त निस्सार जीवन हो। त्यस्को कुनै सार छैन। त्यो त आमालाई प्रसव वेदना दिनमात्र जन्मेको हो।

पुनरपि जननं पुनरपि मरणं
पुनरपि जननीजठरे शयनम् ॥

आज पाश्चात्य-सभ्याताले मानिसको बुद्धिनै भ्रम र आध्यात्मिक चेतनाबाट रहित छ। प्रेम के चीजहो, ईश्वर के चीज हो यो तत्त्वमा आजका मानिस विचार गर्दैनन । म को हूँ ? म के हूँ ? यस्तो उपनिषद् र वेदान्त वाक्यमाथि चिन्तन गर्दैनन्। त्यसैले मानिसले आध्यात्मिक शान्ति पाउन सकेको छैन। आजको भौतिक-वादवाट सताइएको मानिसलाई आध्यात्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति नभैकन ऊ प्रगतिमा लम्कन सक्दैन यस्कारण जति बन्न सक्छ त्यतिनै यस जीवनमा आत्मकल्याण गरिहाल्नु पर्छ । नत्रभने हाम्रो जीवन निस्सार हुनेछ ।

मानवजीवन महत्वपूर्ण जीवन हो । किनभने हामीमा चेतना छ, ईश्वरले हामीलाई बुद्धि दिएकोछ । यो बुद्धिले हामी सत् असत् छुट्याउन सक्छौं यदि हामीले सत् बुद्धि सत् कार्यमा प्रयोग गर्न सक्यौं भने हाम्रो जीवन महत्वपूर्ण बन्ने छ । नत्र-भने हामीले जीवनको दुरुपयोग गरेको ठहर्नेछ । यस्कारण हामीले अहिलेदेखिनै असलकाममा लाग्नु परेको छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवताका सन्देश-बाहक

श्रीराम

प्रा. ऋषिराम शर्मा पोखरेल,
त्रि. वि. वि.

मर्यादा-पुरुष श्रीराम मूर्च्छित अवस्थामारहेका पिताजीको अवस्थाप्रति अत्यन्त चिन्तितहुँदै भन्नुहुन्छ— "पिताजीको कुनै पनि आज्ञा मेरो निमित्त शिरोधार्यछ। पिताजीले आज्ञाभएमा बल्दो आगोमा पस्न, कडा विषपान गर्न, समुद्रमा फालहाल्न पनि म तयारछु। अतः आफ्ना गुरु, राजा वा हितचिन्तक पिताको त्यो कुन आज्ञा हो, म पालन गर्न तयारछु। तपाईंले कुनै शङ्का मान्नुपर्दैन। रामको दुइथरी जिभ्रा छैनन्"।— रामायण, अयो० १८।२८-३०

सधैं स्नेह—गर्ने पिताको क्षणिक मूर्च्छाजन्य उपेक्षाले पितृभक्त श्रीरामलाई सान्हैं खुलदुलीपर्‍यो वहाँ भन्नुहुन्छ– "अरु वेलामा पिताजी रिसाउनु भएको भए पनि मलाई देखेर खुशी हुनुहुन्थ्यो। तर आज मलाई देखेर पनि पिताजी मूर्च्छित हुनुभएको छ। यो कसरी भयो। अब म कुन प्रयासद्वारा पिताजीको यो उपेक्षाबाट बच्न सकौंला। पिताजीको प्रिय बन्न अब म कुन प्रयासगरौं।"

अन्यदा मां पिता दृष्ट्वा कुपितोऽपि प्रसीदति।
तस्य मामद्य सम्प्रेक्ष्य किमायासः प्रवर्तते॥
अयो० १८६

अब श्रीरामलाई असह्यहुन्छ। पिताजी अझै होसमा नआउनु भएको किन हो। कुन आज्ञादिनपरेको छ मलाई र यस्तो कष्टको अनुभव भयो हो। श्रीराम, माता कैकेयीसँग सोध्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र जब कैकेयीको मुखबाट राजाज्ञाको रूपमा भरतलाई राज्यमिल्ने र रामले १४ वर्ष सम्म कठोर वनबास जानुपर्ने कुरा सुन्नु भयो। तब श्रीरामले हाँस्तैभन्नुभयो " हे देवी ? माता कैकेयी तपाईंले कत्ति पनि क्रोध वा चिन्ता लिनुपर्दैन । म भन्छु तपाईं प्रसन्न रहनुहोस्। म जटा र पीताम्बरधारी बनेर वनजान तयार-छु आफ्नो हित चिन्तक, गुरुजन, पितामाताको आज्ञा म खुशीसाथ मान्न तयार छु । मलाई विश्वासछ मेरो हितचिन्तकमाथी र मेरो आज्ञाकारितामा विश्वस्त हुनुहुन्छ मेरा हित-चिन्तकहरू । यसैले म वहाँहरूले अन्हाएको काम विश्वस्तभएर पुरागर्दछु । तर आमा ? मलाई यो अलिक चिन्ताछ--- पिताजीले आफैं यो कुरा मलाई भन्नु भएनकि वहाँ भरत-लाई राज्यदि र मलाई १४ वर्ष वनवास पठाउँन चाहनुहुन्छ । " म अरु कसैले भने पनि भरतलाई आफैं राज्यदिन र सीता, सम्पूर्ण ऐश्वर्य, इष्टमित्र र प्राणै समेत त्याग्न तयार छु भने पिता दशरथको आज्ञा पाएपछि वहाँको सत्यपालन र हजुरको प्यारो कामनाको लागि म सदैव उपर्युक्त सबै कुरा त्याग्न तयार छु।

(अयो० १६-४-८)

हे मात ? कैकेयी ? म धनको लोभी बनेर राज्यगर्न चाहन्न । तपाईंले मलाई धर्ममा रहेका निरपृह ऋषिमुनि जस्तै ठान्नु भए हुन्छ ।

(अयो० १६।२८)

अन्त्यमा कैकेयीलाई विश्वास दिला-उँदै श्रीराम भन्नुहुन्छ – " पिताजीले मलाई केही भन्नु भएको नभएता पनि म तपाईं-कै आज्ञामानेर चौधवर्ष वनवास जान तयार-छु । तपाईं निश्चिन्त भएर रहनुहोस् ।"

(अयो० १६ २३-२५)

आज विश्वमा धन र मान प्राप्तिको होडबाजी चलिरहेको छ । धन, पद वा मानको लालसाले कत्रा कत्रा कुकृत्य समेत गर्न मानिस तम्सीरहेछ । धननै सबैथोक ठानेर नातागोता, कुल-कुटुम्ब, माता-पिता कसैको पनि वास्ता गर्दैन । शान्ति, श्रद्धा, विश्वास सबैकुरा धनले साटि-इन्छ । कत्ति धनीहरूले प्राण—पणले कमाएको धन छोड़ेर घराशायी बन्नु पर्‍यो कति मुढिए कतित धनकै कुराबाट मारिए, लुटिए पिटिए, के के भए के के । धन र पदका लालनामा फस्नेहरूका कैयौं कथा र उपकथा लेखिए, कति दन्त्यकथा बने । तर पनि मान्छे मान्छेको घाँटी काटेर धनार्जन गर्न छोड्दैन । यो कस्तो अचम्म आज यै धन र पदको लोलुपताले गर्दा मानव दानव बनी रहेछ । सारा विश्व सन्त्रस्त-छ । कतै शान्तिछैन । श्रद्धाछैन । सन्तोपको त केकुरा । त्यस्को त कुन, नामलिंदा पनि मानिसलाई असन्तोष हुन्छ । आजको यस विषम परिस्थितिलाई हृदयङ्गम गर्दा कुन सहृ-दयीको हृदय छिया छिया नहोला । हुनसक्छ धन वा प्रतिष्ठा लोलुपको असफल आत्मामा

Nepal Sanskrit University, Balmeeki Campus...

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यो धुरुधुकी, छिपेको होला। वर्तमानमा मात्र होइन भूतमा पनि यस्तै थियो विश्वको विषम स्थिति। यही धन र पदको लोलुपताले भरिएको लोक—रावण (सारालाई रुवाँउने) रावणले उहिले विश्वलाई घोर तर्जनाद्वारा त्रस्त पारेको थियो। त्यसबेला दिने (उदार, दाता) हरूको साह्रै खाँचो थियो। जस्तो आज छ। श्रीकृष्णको-

"सुखदुःखे समे कृत्वा लाभालाभे जया जये"

"सुख, दुःख, लाभ हानि, जय वा पराजय सबैमा समता हुनु पर्दछ" भन्ने सदुपदेशलाई आज झैं, उहिले पनि "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद् धनम्" भन्ने उपनिषद् (वेद) वाक्यलाई लोकले बिर्सिसकेको थियो।

बिर्सिसकेका ती कुराहरूलाई सम्झाउन आज "धर्म सन्देश" दाताको आवश्यकता भए झैं त्यसबेला पनि त्यस्तै संस्था वा महापुरुषको ठूलो आवश्यकता थियो र पुरा पनि भयो— मर्यादापुरुष श्रीरामको पावन अवतरणले। महापुरुष श्रीरामका महानतालाई दर्शाउँदै महर्षि वाल्मीकि भन्नुहुन्छ:—

न चास्य महतीं लक्ष्मीं राज्यनाशो ऽपकर्षति।
लोककान्तस्य कान्तत्वाच्छीतरश्मेरिव क्षयः॥

अयो० १६।३२

लोकमनोहारी चन्द्रमाको कान्तिलाई कलाक्षयले झैं राज्यनाशले श्रीरामको मुखचन्द्रमा कत्ति पनि मालिन्य आउन सकेन।

श्रीरामको त्यो लोकोत्तर आदर्श धन्य हो जस्ले गर्दा हामी नतमस्तक भएर वहाँको नामसंकीर्तनद्वारा आफुमा ती सद्गुणहरू आउन् भन्ने प्रार्थना गर्दछौं।

न्यायपूर्वक पाउनुपर्ने राज्यछोडेर वनजाँदा पनि संसारत्यागी महात्मा यद्वा ईश्वरझैं जसको अलिकति चित्त दुखेको पनि थाह भएन। ती रामका गुणानुवादले आजको धन र पदलोलुप विश्वले किन शान्ति नपाओस्।

न वनं गन्तुकामस्य त्यजतश्च वसुन्धराम्।
सर्वलोकातिगस्येव लक्ष्यते चित्तविक्रिया॥

अयो० १६।३३

आफ्ना अनुयायी व्यक्तिहरूलाई उपदेशदिँदै श्रीराम भन्नुहुन्छ—

द्वेष्यो भवत्यर्थ परो हि लोके
कामात्मता खल्वपि न प्रशस्ता॥

अयो० २१-५८

अर्थ लोलुप (धनलोभी) मानिस विश्वको शत्रु बन्दछ, तृष्णा पनि उत्तै निन्दितछ। अतः तृष्णालाईनै त्याग्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहा ? कस्तो कटु-सत्यता छ यो महावाणीमा । साँच्चैनै श्रीरामको यो निर्लोभले आजको लोभी समाजलाई रामचरित्रको अनुशरणकै लोभ उत्पन्न गर्छ । यसमा कुनै सन्देह छैन। तर समरस वा भावुकता भने अवश्यनै चाहिन्छ ।

भोली जोसँग युद्ध गर्नु पर्छ । राजउसैका तीन चार थरी गुप्तचर पक्राउमा परिसके । साँझतिर उही शत्रुको सहोदर भाईनै उपस्थित भए । शरण मागे । आश्रित हुन चाहे । श्रीरामको समताले शत्रुलाई पनि शङ्काको दृष्टिले हेरेन । मित्रनै ठान्यो । शरण दियो । आश्रय दियो । अभय दियो । सम्पूर्ण स्वर्णमयी लङ्काको साम्राज्यकै राजतिलक दियो । विश्वासको सिन्धु दियो । अनि आत्मीयताको विन्दु दियो । श्रीरामले विभीषणप्रति शङ्का गर्नेहरूलाई यसरी उत्तर दिनुभयो कि उनीहरू नाजवाफ हुन करैलाग्यो

सकृदेव प्रपन्नाय तवास्मीति च याचते ।
अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम ॥

" एक पटक शरण परेको र तपाईंकै हूँ भनेर अभयदान माग्ने सारा प्राणीलाई म अभयदान दिन्छु । मेरो यस्तै व्रत छ । " आखिर विभीषण नामका मात्र रहेछन् । हृदयका त मित्रनै । त्यसैले त रामभक्तको गन्तीमा गाँचिने औंला भित्र पर्छन् ।

सीतापहर्ता रावणलाई मुक्तिमिल्यो । भ्रातृ—प्रेममग्न विभीषण अश्रुपूर्ण भए । यो देखेर श्रीराम भन्नुहुन्छ ।

मरणान्तानि वैराणि निवृत्तं नः प्रयोजनम् ।
क्रियतामस्य संस्कारो ममाप्येष यथा तव ॥

" हे विभीषण ? मेरो शत्रुता यसको (रावणको) शरीर सँगै गयो । अब यो तिम्रो जस्तो मेरो पनि दाजुनै हो, यसको और्ध्वदैहिक क्रियागर " ।

यो उक्ति र रामायणान्तरमा पाइने रावणसँग राजनीति सिक्न लक्ष्मणलाई पठाएको बाट पनि श्रीरामको गुणग्राहिताको पराकाष्ठा देखिन्छ ।

अनावश्यक पर्दा वा जनतालाई गरिने अवहेलनालाई नरुचाउँने श्रीरामको बानी थियो । यहाँले रावण मारेपछि पाल्की चढेर वानरहरूको वथानलाई मिच्दै आफुतिर आइरहेकी सीता र नानाविध तर्जना दिएर बाटो छोड्न बाध्य बनाइएका सीतादर्शनलालस प्रजागणलाई देखेर श्रीराम भन्नुहुन्छ—

विसृज्य शिबिकां तस्मात् पद्भ्यामेवापसर्पतु ।
समीपे मम वैदेही पश्यन्त्वेते वनौकसः ॥

" मेरो नजिक आउनलागेकी सीतालाई यी सबै दर्शकले देखुन् । यसकारण सीताले पालिकबाट ओर्लिएर पैदलै हिंडुन् " । श्रीराम आफ्ना प्रजामा राजसी ठाँट पारेर यसरी

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिड्न मन पराउँनु हुन्नथ्यो । जसले गर्दा प्रजालाई दर्शन र कुराकानी बाधा परोस् । तब त आदिकवि महर्षि वाल्मीकि भनुन्हुन्छ—

"व्यसनेषु मनुष्याणां भृशं भवति दुःखितः"

जनतालाई कुनै प्रकारको दुःख भएमा श्रीराम ज्यादै दुःखित भएर त्यसको निवारण गर्नुहुन्थ्यो । यसरी आफ्ना प्रजाको सुखमा आफ्नो सुख र दुःखमा दुःख सम्झने राजा पाएका अयोध्यावासीले श्रीरामको भलो किन चाहदैनथे । श्रीरामको लोकप्रियताको विषयमा वाल्मीकि भन्नुहुन्छः—

" स्त्रियो वृद्धास्तरुण्यश्च सायं प्रातः समाहिता ।
सर्वान् देवान् नमस्यन्ति रामस्य र्थे मनस्विनः " ॥

बुद्धिमान् बुढ़ा बुढी र युवक युवती सबैले साँझ बिहान श्रीरामको शुभोदयको लागि सबै देवताहरूको प्रणामपूर्वक प्रार्थना गर्दथे । यसरी लोकलाई रिझाएकाले त आज पनि हामी उही रामराज्यको परिकल्पना गरिरहेकाछौं । अनि उनै मर्यादा पुरुषको नाम-कीर्तनगरेर नैतिक र मर्यादित जीवनको चाहना गरिहेछौं ।

गुणको बदला वैगुनले दिएर आफुले आफैंलाई ठगिरहेको आजको मानवलाई उपकारको सट्टा प्रत्युपकारको सच्चा पाठ, सीताको खबर लिएर लङ्काबाट फर्केर आएका हनुमानको माध्यमबाट श्रीरामले यसरी दिनुभएको छ ।

मय्येव जीर्णतां यातु यत्वयोपकृतं हेर !
नरः प्रत्युपकारार्थी विपत्तिमभिवाञ्छति ॥

हे वीर हनुमान तिमीले मेरो प्राण-प्यारी सीताको समाचारल्याइ दिएर गरेको मेरो उपकार मैमा हराओस् । तिमीमा थुप्रै विपद् आउँन् अनि म तिनीहरूको निराकरण द्वारा तिम्रो प्रत्युपकार गर्न पाउँला किनकि प्रत्युपकार गर्न रुचाउने मानिस उपकारीलाई विपत्ति आइपरोस् भन्ने ठान्छ ताकि प्रत्यु-पकार गर्ने मौका मिलोस् । आजको विश्वलाइ त्यस्तै मानिसको खाँचो छ जो सयौं उप-कार गर्नेले जेनतेन एकमात्र अपकार गरेता पनि प्रसन्न भै दिने गर्छन् अनेकौं अपकारलाइ एकमात्र उपकारले मेटी अरु अपकारलाई विल-कूलै बिर्सिदिएर अपकारीलाई आत्मीय मान्दछन् ।

कथञ्चिदुपकारेण कृतेनैकेन तुष्यते ।
नस्मरत्यपकाराणां शतमप्यात्मवत्तया ॥

साधारण तथा असाधारण कुनै पनि अवस्था विशेषमा कहिल्यै अलिकति पनि अप्रिय नबोल्ने र सधैं दिन मात्र जान्ने सत्यपरायण श्रीरामको पावन चरित्रलाई यस श्लोकले अझ पुष्टि दिन्छ ।

दद्यान्न प्रतिगृह्णीयात् न ब्रूयात् किञ्चिदप्रियम ॥
अपि जीवितहेतोर्वा, समः सत्यपराक्रमः ॥

श्रीराम भन्नुहुन्छ–मानिसले चाहेमा एक देशको सट्टा अर्को देशमा योग्य पत्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउन सकिन्छ । बन्धु वा मित्र पनि देशैपिच्छे पाउँन सकिन्छ । तर त्यस्तो कुनै देश छैन जहाँ सहोदर भाईको सट्टा पाइन्छ अर्थात् सहोदर भाई जहाँसुकै पाइने कुरा होइन । यो सूक्ति भाई लक्ष्मण, मेघनाद-प्रयुक्त शक्तिले मूर्च्छित हुँदा श्रीरामले गर्नुभएको भ्रातृप्रेमले ओतप्रोत उद्गार हो ।

देशे देशे कलत्राणि देशे देशे च बान्धवाः ।
तं तु देशं न पश्यामि यत्र भ्राता सहोदरः ॥

आजको मान्छे एक सानो उपलब्धि वा पद प्रतिष्ठा पाएर मदोन्मत्त बन्दछ । आफ्नै मातापिता, बन्धुवर्ग र सहयोगीलाई बिर्सेर पनि सम्झने चेष्टा गर्दैन । आजको मानवको यो प्रकृतिले समाज, राष्ट्र वा समस्त विश्वमा ल्याएको अशान्तिलाई श्रीरामका यी चारित्रिक उच्चताको अनुकरणले अवश्यनै शान्ति प्राप्तगर्न ठूलो सहायता मिल्ने कुरा निश्चित छ ।

